नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(नागरिक सेवा तथा विपद् समन्वय शाखा)

पत्र संख्या : ०८१/०८२
चलानी नं. : १५२

इमेल: cdms.mofaga@gmail.com
सिंहदरबार, काठमाडौं।

नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाण्डौ

विक्रम संवत्: २०८२/२/१६, शुक्रबार
नेपाल संवत: ११४५ तछलाथ्व चतुर्थी

श्री महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका (सबै)।
श्री गाउँपालिका (सबै)।

विषयः मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८२ कार्यान्वयन सम्बन्धमा।

प्रस्तुत विषयमा, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत **मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८२** को छायाँ प्रति यसैसाथ संलग्न छ। यस वर्षको मनसुनमा अत्याधिक वर्षा हुने प्रक्षेपण भएकोले मनसुनजन्य विपद् न्यूनीकरणका लागि उल्लिखित कार्ययोजनामा तहाँ स्थानीय तहहरुको जिम्मेवारी भित्र पर्ने तपसिल बमोजिमका मनसुन पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी कार्यहरु कार्यान्वयन गर्नु गराउनुहुन निर्देशानुसार अनुरोध छ।

तपसिलः

क. पालिकास्तरीय मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरी लागू गर्ने र सोको जानकारी यस मन्त्रालयलाई गराउने ।

ख. स्थानीय समुदायलाई मनसुनजन्य विपद्प्रति जागरुक बनाउन तथा जनचेतना अभिवृद्धि गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

ग. मनसुन विपद्को अवधिमा आवश्यक पर्ने खोज, उद्धार तथा राहत सामग्रीहरूको व्यवस्थापन गर्ने। प्रतिकार्यको लागि नगर प्रहरीलाई आवश्यक साधन स्रोतसहित तयारी अवस्थामा राखे। पालिकामा रहेका स्वयंसेवकहरू परिचालन गर्ने।

घ. पूर्वतयारी तथा प्रतिकार्यको लागि सरकारी, गैर सरकारी, निजी तथा मानवीय क्षेत्रमा कार्य गर्ने संघसंस्था, स्थानीय समुदाय तथा स्वयंसेवकहरूसँग सहकार्य र समन्वय गर्ने।

ङ. मनसुन अगावै सहर वस्तिका ढल सफा गर्ने, खोला नालामा अत्यधिक थुप्रिएका गेग्रान हटाउने तथा पानीका निकासहरू खोल्ने कार्यहरू गर्ने।

च. स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई सक्रिय बनाई प्रभावकारी मनसुन प्रतिकार्यको लागि पालिकास्तरमा मनसुन प्रतिकार्य कमाण्ड पोष्ट स्थापना गरी प्रभावकारी सञ्चालन गर्ने।

छ. मनसुन पूर्वसूचना प्रणालीको विकास गर्ने।

ज. विपदको समयमा बजारमा हुने कृत्रिम अभाव, कालोबजारी तथा आपराधिक गतिविधिलाई नियन्त्रण गर्ने।

..............................
(सन्तोष कुमार खत्री)
शाखा अधिकृत

<u>बोधार्थः</u>

श्री राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरबार, काठमाडौं।

# मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना

## २०८२



नेपाल सरकार

**गृह मन्त्रालय**

**राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण**

सिंहदरबार, काठमाडौं

# मनसुन पूर्वतयारी तथा प्रतिकार्य
# राष्ट्रिय कार्ययोजना
# २०८२

नेपाल सरकार

गृह मन्त्रालय

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

सिंहदरबार, काठमाडौं

# विषयसूची


## खण्ड एक: मनसुनजन्य विपद् जोखिम विश्लेषण तथा प्रभाव आकलन १

**१. परिचय** १

१.१ पृष्ठभूमि १

१.२ कार्ययोजनाको उद्देश्य १

१.३ कार्ययोजना निर्माण प्रक्रिया २

**२. विगत दश वर्षको मनसुनजन्य विपद् जोखिमको अवस्था विश्लेषण** ३

२.१ मनसुनजन्य विपद्को प्रवृत्तिको विश्लेषण ४

**३. मनसुनजन्य विपद् २०८१ को समीक्षा र सिकाइ** ७

३.१ वि.सं. २०८१ को मनसुनको अवस्था ७

३.२ मनसुन २०८१ को प्रभाव १०

३.३ वि.सं. २०८१ को मनसुनजन्य विपद्को पूर्वतयारी र प्रतिकार्यको अवस्था १२

३.४ मनसुनजन्य विपद् पूर्वतयारी तथा प्रतिकार्यको अवधिमा भएका सिकाइ १३

**४. वि.सं. २०८२ सालको मनसुनको पूर्वानुमान** १४

४.१ वि.सं. २०८२ सालको मनसुनजन्य विपद्को जोखिम आकलन १६

## खण्ड दुई: मनसुन पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी जिम्मेवार निकाय र मुख्य-मुख्य जिम्मेवारी २१

**५. संघीय मन्त्रालयहरु र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण** २१

**६. प्रदेश र स्थानीय तह** २६

**७. सुरक्षा निकाय** २७

**८. आपत्कालीन कार्यसञ्चालन केन्द्र** २८

**९. मनसुन प्रतिकार्य कमाण्ड पोष्ट** २९

**१०. निजी क्षेत्र तथा अन्य निकायहरु** ३०

## खण्ड तीन : विषयगत क्षेत्र तथा सम्बन्धित निकायको मनसुन पूर्वतयारी र प्रतिकार्य कार्ययोजना ३१

**११. राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण** ३१

**१२. विषयगत क्षेत्रको पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना** ३३

१२.१ बन्दोबस्ती विषयगत क्षेत्र ३३

१२.२ शीघ्र पुनर्लाभ विषयगत क्षेत्र ३५

१२.३ स्वास्थ्य विषयगत क्षेत्र तथा पोषण विषयगत क्षेत्र ३७

१२.४ खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन विषयगत क्षेत्र ४७

१२.५ आपत्कालीन आश्रयस्थल विषयगत क्षेत्र र शिविर समन्वय र शिविर व्यवस्थापन विषयगत क्षेत्र ४९

१२.६ खाद्य सुरक्षा विषयगत क्षेत्र ५२

१२.७ संरक्षण विषयगत क्षेत्र ५५

१२.८ शिक्षा विषयगत क्षेत्र ५९
१२.९ आपत्कालीन सञ्चार विषयगत क्षेत्र ६५

**१३. अन्य सम्बन्धित निकायको पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना** ६६
१३.१ जल तथा मौसम विज्ञान विभाग ६६
१३.२ जलस्रोत तथा सिंचाइ विभाग ६९
१३.३ नेपाल विद्युत प्राधिकरण ७०

**१४. सुरक्षा निकायको पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना** ७१
१४.१ नेपाली सेना ७१
१४.२ नेपाल प्रहरी ७४
१४.३ सशस्त्र प्रहरी बल, नेपाल ७८

**१५. नेपाल रेडक्रस सोसाइटी** ८४

**खण्ड चार : मनसुन पूर्वतयारी र प्रतिकार्यको लागि आवश्यक पर्ने सम्पर्क विवरण** **८६**

**१६. विषयगत क्षेत्रका विपद् सम्पर्क व्यक्तिहरूको विवरण** ८६

**१७. मन्त्रालय, विभाग र प्राधिकरणका विपद् सम्पर्क व्यक्तिहरूको विवरण** ८७

**१७. नेपाल दूरसञ्चार कम्पनी लिमिटेडबाट गठित Emergency Preparedness Team/Rapid Response Team को सम्पर्क विवरण** ८७

**१९. जिल्ला प्रशासन कार्यालयका विपद् सम्पर्क व्यक्तिहरूको विवरण** ८८

**२०. सुरक्षा निकायका विपद् सम्पर्क व्यक्तिहरूको विवरण** ९२

**२१. निजी क्षेत्रका सम्पर्क व्यक्तिहरूको विवरण** ९२

**२२. आपत्कालीन सेवाका सम्पर्क विवरण** ९३

# खण्ड एक: मनसुनजन्य विपद् जोखिम विश्लेषण तथा प्रभाव आकलन

## १. परिचय

### १.१ पृष्ठभूमि

जटिल भू-संरचना, कमजोर भौगर्भिक अवस्था, मौसमी विषमता, वातावरण प्रदूषण तथा जलवायु परिवर्तनका कारण नेपाल बहुप्रकोपको दृष्टिकोणबाट उच्च जोखिममा रहेको छ। प्रत्येक वर्ष भारी वर्षा, बाढी, पहिरो, चट्याङ, तातो हावाको लहर, सितलहर, आगलागी, सडक दुर्घटना, वातावरणीय प्रदूषण र महामारीजस्ता प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपबाट यहाँ धनजनको ठूलो क्षति तथा नोक्सानी हुने गरेको छ। विपद्को वार्षिक आकडालाई हेर्ने हो भने सबैभन्दा बढी विपद्का घटना र क्षति तथा नोक्सानी मनसुनको चार महिनाको अवधिमा हुने गरेको पाइन्छ।

नेपालको सन्दर्भमा दक्षिण एसिया तथा दक्षिणपूर्वी एसियाको वायु प्रणालीको रूपमा रहेको मनसुन हिन्द महासागरमा उत्पन्न भई बङ्गालको खाडी हुँदै जेठको अन्त्यबाट देशमा भित्रिने गर्दछ। तत्पश्चात् एक हप्ताको समयावधिमा देशभर फैलिएर चार महिना सक्रिय रही असोजको अन्त्यसँगै बाहिरिने यसको प्रकृया रहेको हुन्छ। सामान्यतया करिब ११० दिन जति मनसुन सक्रिय रहने भएता पनि हालका वर्षहरूमा भने १०-१५ दिन ढिलो गरी बाहिरिने गरेको छ। पूर्वबाट प्रवेश गरेको एक हप्तामा फैलिनु पर्नेमा कुनै वर्ष २-३ दिनमा नै देशभर फैलिने र कुनै वर्ष देशभर फैलिन धेरै दिन लाग्ने गरेको छ। विगत केही वर्षयता मनसुनको सुरुवाती चरणमा नै अत्यधिक वर्षा भएर बाढी, पहिरो, डुबानका घटना भई ठूलो क्षति भएको अवस्था छ।

वार्षिक वर्षाको करिब ८०% वर्षा मनसुनको अवधिमा हुने हुँदा बाढी, पहिरो, डुबान, जमिन कटान जस्ता जल उत्पन्न प्रकोपको शृङ्खला मनसुनको आगमन सँगसँगै सुरु हुने गर्दछ। अर्कोतर्फ बढ्दो अव्यवस्थित सहरीकरण, खोलानाला मिचेर निर्माण गरिने भौतिक संरचना, बिना अध्ययन अनुसन्धान डोजर लगाएर खनिएका सडक तथा जलविद्युत संरचना, जथाभावि गरिने प्राकृतिक स्रोतको दोहन, भिरालो तथा जोखिमयुक्त स्थानमा गरिएका बस्ती विकासजस्ता कारणहरूले समेत मनसुनजन्य विपद्का घटनाहरूलाई टेवा पुगेको छ। त्यस्तै जलवायु परिवर्तनका कारण छोटो समयमा हुने अत्यधिक वर्षाले बाढी पहिरोको जोखिम र अनिश्चितता बढ्दै गएको छ।

### १.२ कार्ययोजनाको उद्देश्य

यस कार्ययोजनाको उद्देश्य निम्नानुसार रहेको छः-

- विगतका विपद्का घटना र प्रभावका तथ्याङ्कहरूको विश्लेषण गरी मनसुनजन्य विपद्को सम्भावित जोखिम पूर्वानुमान गर्नु।

- विपद् व्यवस्थापनसँग सम्बन्धित मन्त्रालय, विभाग, सुरक्षा निकाय तथा सरोकारवाला निकायको मनसुन पूर्वतयारी र प्रतिकार्यका लागि कार्यजिम्मेवारी निर्धारण गर्नु।
- मनसुन पूर्वतयारी तथा प्रतिकार्यमा समन्वयात्मक र एकीकृत क्रियाकलाप तय गरी मनसुन प्रतिकार्यलाई प्रभावकारी बनाई क्षति न्यूनीकरण गर्नु।

### १.३ कार्ययोजना निर्माण प्रक्रिया

मिति २०८१ चैत्र १९ गतेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको कार्यदल गठन गर्ने निर्णय एवं कार्यकारी समितिको मिति २०८२ वैशाख २१ गतेको ३१औं बैठकले यस वर्षको मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना तर्जुमा सम्बन्धी कार्य सुरु गर्ने निर्णय गरे पश्चात् यो कार्ययोजना निर्माणको क्रम शुरु भयो।

कार्यदलले विद्यमान विपद् व्यवस्थापनसँग सम्बन्धित नीति, नियम तथा कानूनहरूको परिधिमा रही सरोकारवाला निकाय, संघसंस्था तथा विज्ञहरूसँगको परामर्श, छलफल, विभिन्न चरणमा गरिएका बैठक र विगतको अनुभव एवं सिकाइको विस्तृत अध्ययन पश्चात् प्रक्रियागत तवरले यो एकीकृत कार्ययोजना निर्माण गरेको छ।

यस योजना निर्माणको एक प्रमुख आधारको रुपमा जल तथा मौसम विज्ञान विभागले यस वर्षको मनसुनको लागि गरेको मौसम एवं वर्षाको पूर्वानुमानलाई लिइएको छ। संयुक्त राष्ट्रसंघीय आवाशीय प्रतिनिधिको कार्यालयले आकलन गरेको मनसुनी वर्षाको कारण प्रभावित हुन सक्ने जनसंख्यालाई समेत यस योजना निर्माणको अर्को एक महत्वपूर्ण कडीको रूपमा लिइएको छ। योजनामा विषयगत क्षेत्रको नेतृत्व गर्ने मन्त्रालय र सहनेतृत्व गर्ने संघसंस्था, निकाय एवं मानवीय सहायता संस्थाहरू र सुरक्षा निकायहरूबाट प्राप्त यस वर्षको मनसुनजन्य विपद् पूर्वतयारी तथा प्रतिकार्यको विस्तृत योजनाहरू समावेश गरिएको छ। यसरी विपद् व्यवस्थापनसँग सम्बन्धित तथा सरोकार राख्ने राज्यका सबै अंग, अन्तर्राष्ट्रिय समुदाय तथा विज्ञहरूको सहयोग र सहकार्यबाट यस एकीकृत योजना निर्माणको प्रक्रिया पूरा गरिएको हो। यस मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना निर्माण कार्यदलको बनावट निम्नानुसार रहेको छ।

- सहसचिव, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण — संयोजक
- उपसचिव, गृह मन्त्रालय — सदस्य
- उपसचिव, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय — सदस्य
- उपसचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय — सदस्य
- उपसचिव, सहरी विकास मन्त्रालय — सदस्य
- उपसचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय — सदस्य
- उपसचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय — सदस्य

- उपसचिव, खानेपानी मन्त्रालय — सदस्य
- नेपाली सेना, विपद् हेर्ने प्रतिनिधि — सदस्य
- नेपाल प्रहरी, विपद् हेर्ने प्रतिनिधि — सदस्य
- सशस्त्र प्रहरी बल, नेपाल, विपद् हेर्ने प्रतिनिधि — सदस्य
- उपसचिव, सडक विभाग — सदस्य
- उपसचिव, ऊर्जा तथा सिंचाइ विभाग — सदस्य
- उपसचिव, जल तथा मौसम विज्ञान विभाग — सदस्य
- उपसचिव, खानी तथा भूगर्भ विज्ञान विभाग — सदस्य
- उपसचिव स्तरको प्रतिनिधि, नेपाल विद्युत प्राधिकरण — सदस्य
- उपसचिव स्तरको प्रतिनिधि, नेपाल दूरसञ्चार प्राधिकरण — सदस्य
- उपसचिव, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण — सदस्य सचिव

## २. विगत दश वर्षको मनसुनजन्य विपद् जोखिमको अवस्था विश्लेषण

| घटना | मिति अवधि | घटना संख्या | मृत्यु | वेपत्ता | घाइते | प्रभावित परिवार | घर क्षति | प्रभावित पुल | गोठ क्षति | पशु चौपाया क्षति |
|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | २०७२ देखि २०८१ सम्म | ३५३२ | १२९६ | १९२ | ११३६ | १७२३६ | १२४०६ | ६२ | ६२३ | ६५११ |
| चट्याङ्ग | २०७२ देखि २०८१ सम्म | ११८६ | ३८५ | ० | १०३९ | १६५२ | ९३ | ० | २५ | २८५६ |
| बाढी | २०७२ देखि २०८१ सम्म | १६१४ | ५३९ | २२६ | १८२ | ३२९९७ | २१८७३ | १०८ | ४०० | ७८२ |
| भारी वर्षा | २०७२ देखि २०८१ सम्म | २०८४ | ९७ | १ | २९१ | ४८१९ | २१०७ | २५ | २९८ | ८६६ |
| आकस्मिक बाढी | २०७२ देखि २०८१ सम्म | २ | ० | ० | १ | १ | ० | ० | ० | ० |
| जम्मा | | ८४१८ | २३१७ | ४१९ | २६४९ | ५६७०५ | ३६४७९ | १९५ | १३४६ | ११०१५ |

(स्रोत: डि.आर.आर. पोर्टल)

तालिका नं. १: वि.सं. २०७२ देखि वि.सं. २०८१ सम्म घटेका मनसुनजन्य विपद् सम्बन्धी घटनाको संक्षिप्त विवरण

| घटना | घटना संख्या | मृत्यु | वेपत्ता | घाइते | प्रभावित परिवार | घर क्षति | गोठ क्षति |
|---|---|---|---|---|---|---|---|
| **बाढी** | ३९९ | ९१ | १८ | ४५ | २२२८ | २६३५ | २३४ |
| **पहिरो** | ९४३ | ३४४ | ४८ | २७६ | ६४४८ | ५७०३ | १३० |
| **भारीवर्षा** | ५३८ | ८ | ० | ३७ | १८१२ | २३२ | ४९ |
| **चट्याङ्ग** | २५८ | ५२ | ० | १६४ | ३३५ | १६ | ४ |
| **जम्मा** | २१३८ | ४९५ | ६६ | ५२२ | १०८२३ | ८५८६ | ४१७ |

तालिका नं. २: वि.सं. २०८१ मनसुनजन्य विपद्का घटनाको संक्षिप्त विवरण (स्रोत: डि.आर.आर. पोर्टल)

## २.१ मनसुनजन्य विपद्को प्रवृत्तिको विश्लेषण

विगत एक दशकको (वि.सं. २०७२-२०८१) आकडालाई केलाउने हो भने मनसुनजन्य विपद्का कारण २,३१७ जनाले ज्यान गुमाउनुका साथै ४१९ जना वेपत्ता, २६४९ जना घाइते र ५६,७०५ परिवार प्रभावित भएको तथ्याङ्क छ। त्यस्तै करिब ३६,४७९ व्यक्तिगत घरधुरीमा क्षति समेत पुगेको देखिन्छ।[1]

मनसुनजन्य जोखिमको अवस्थालाई बुझ्न वि.सं. २०७८ सालको मनसुन र गत वर्ष वि.सं. २०८१ को मनसुनमा भएको क्षतिको अवस्थालाई विश्लेषण गर्दा मात्र पनि पुग्दछ। देशभर वार्षिक औषत १,३५८ मि.मि. वर्षा हुनुपर्नेमा वि.सं. २०७८ सालको मनसुन अवधिभर १,६०९ मि.मि. वर्षा भयो, जसबाट सिर्जित बाढी तथा पहिरोका कारण २५८ जनाको ज्यान गयो भने ६५ जना वेपत्ता भए। उक्त विपद्बाट १,८०४ परिवारहरू प्रत्यक्ष प्रभावित भएका थिए।[2]

त्यस्तै गत वर्षको मनसुनको अवधिमा देशभर कुल १,६९१.३ मि.मि. वर्षा भयो। उक्त वर्षाका कारण बाढी, पहिरो जस्ता विपद्मा परी ४९५ जनाले ज्यान गुमाए र ६६ जना वेपत्ता हुनुका साथै १०,८२३ परिवार प्रभावित भएका थिए। गत वर्ष बाढी पहिरोले २४४ वटा पक्की तथा झोलुङ्गे पुल, १८९ वटा शैक्षिक संस्था, १५० वटा सरकारी कार्यालय र ८५ वटा जलविद्युत आयोजनामा क्षति गऱ्यो। त्यस्तै आवासीय तथा व्यावसायिक प्रयोजनमा रहेका निजी ८,८८८ घरटहराहरुमा पूर्ण क्षति पुग्नुका साथै ३,५३२ घरटहराहरूमा आंशिक क्षति हुन पुग्यो।

### २.१.१ बाढी तथा डुबानको प्रवृत्ति

केही वर्षयताको मनसुनको अवधिमा हुने बाढीको प्रवृत्तिलाई विश्लेषण गर्ने हो भने तराईको समथर भू-भागमा हुने बाढी तथा डुबानका घटनाका साथसाथै पहाडी, उच्च पहाडी तथा हिमाली भेगमा समेत खहरे बाढीको जोखिम बढ्दै गएको देखिन्छ। वि.सं. २०७८ सालको मेलम्ची तथा मनाङ्गको बाढी, वि.सं. २०७९ सालको दार्चुलाको बाढी, वि.सं. २०८० सालको संखुवासभा, ताप्लेजुङ, पाँचथरको बाढी र वि.सं. २०८१ सालको थामे हिमताल विस्फोटपछि आएको बाढीले समेत यस यथार्थताको पुष्टि गर्दछ। अर्कोतर्फ जलवायु परिवर्तनका कारण छोटो रूपमा हुने अत्यधिक वर्षा र त्यसले नित्याउने बाढी र डुबानको क्रम पछिल्ला वर्षहरूमा वृद्धि हुँदै गएको छ।

गत वर्ष काठमाडौं उपत्यकामा २४ घण्टामा २४० मि.मि. वर्षा हुँदा महानगरपालिका लगायत उपत्यकाका थुप्रै स्थानहरूमा डुबान र बाढीका समस्याले सर्वसाधारणको जनजीवन अस्तव्यस्त भयो।

---

[1] http://www.drrportal.gov.np/reports

[2] मनसुनजन्य विपद् २०७८: अनुभव, समीक्षा र सिकाई https://ndrrma.gov.np/np/report/96

३२ जना सर्वसाधारणले उक्त बाढी तथा डुबानका घटनामा ज्यान समेत गुमाउनु पऱ्यो। त्यस्तै उक्त समयावधिमा कञ्चनपुर जिल्लाको दोधारा वर्षा मापन केन्द्रमा २४ घण्टामा ६२४ मि.मि. वर्षा मापन भएको थियो।

अर्कोतर्फ मनसुनको प्रकृति हेर्दा मनसुनको शुरुवाती अवधिमा नै अत्यधिक वर्षा हुने संभावना रहने र त्यसले बाढी र डुबानका समस्या सिर्जना गर्ने गरेको देखिन्छ। त्यस्तै मनसुन पश्चात् समेत वर्षा (Post Monsoon Rainfall) केही दिन रही उक्त अवधिमा अत्यधिक वर्षाको संभावना समेत रहने क्रम विगतमा देखिने गरेको छ। वि.सं. २०७८ सालमा मनसुन बाहिरिएपछि लगत्तै भएको वर्षा र त्यसले गरेको क्षतिलाई यसको उदाहरणको रूपमा लिन सकिन्छ। विगतको १० वर्षको तथ्याङ्कलाई नियाल्ने हो भने सबैभन्दा बढी बाढी र डुबानका घटना गत वर्ष वि.सं. २०८१ सालको मनसुनमा करिब ३९९ वटा घटेको देखिन्छ। त्यस्तै सबैभन्दा कम वि.सं. २०७२ सालको मनसुनमा जम्मा १५ वटा मात्रै बाढी तथा डुबानका घटनाहरू राज्यले भोगेको तथ्याङ्क छ।

### २.१.२ पहिरोको प्रवृत्ति

नेपालमा भूकम्पपछि सबैभन्दा बढी मानवीय क्षति निम्त्याउने विपद्को रूपमा पहिरोलाई लिन सकिन्छ। पछिल्लो १० वर्षको तथ्याङ्कलाई मात्रै केलाउने हो भने पनि देशमा वि.सं. २०७२ देखि वि.सं. २०८१ सम्म पहिरोका ३,५३२ वटा घटना घट्दा १,२९६ जनाको मृत्यु भएको पाइन्छ। गत वर्षको मनसुनमा मात्र ९४३ वटा पहिरोका घटना देशभर घटे, जसले ३४४ जनाको ज्यान लिनुका साथै ६,४४८ परिवारलाई विस्थापित तुल्यायो।

पछिल्ला वर्षहरूमा अव्यवस्थित सडक निर्माण एवं राजमार्ग क्षेत्रहरूमा समेत बाटो चौडा पार्ने र मर्मत गर्ने कार्य बढेसँगै मनसुनको अवधिमा पहिरोको जोखिम बढेको देखिन्छ। गत वर्षको सिमलताल बस दुर्घटना र झ्याप्ले खोलामा आएको पहिरो यसका ज्वलन्त उदाहरणहरू हुन्। उक्त दुई कहाली लाग्दा दुर्घटनामा परी ९४ जनाले ज्यान गुमाउनु पऱ्यो। वि.सं. २०७९ सालको वर्षामा मात्रै मुग्लिङ-नारायणघाट सडक खण्डमा ३६ पटक र वि.सं. २०८० सालमा ३० पटक पहिरोका कारण यातायात अवरुद्ध भएको थियो।

### २.१.३ भारी वर्षाको प्रवृत्ति

पछिल्लो समयमा जलवायु परिवर्तनको प्रभावका कारण मौसम तथा वर्षातको प्रवृत्तिमा आएको परिवर्तनको प्रभाव मनसुनी वर्षामा पनि पर्न थालेको छ। मुख्यगरी छोटो अवधिमा अत्यधिक वर्षा (२४ घण्टामा २०० मि.मि. भन्दा बढीको वर्षा) हुने क्रम बढ्दो छ। जसले गर्दा बाढी, पहिरो, डुबान जमिन कटान, खहरे बाढी जस्ता प्रकोपमा वृद्धि हुने गरेको छ।

माथि उल्लेख गरेझैं गत वर्ष असार २४ गते नेपालमा वर्षा मापन गर्न शुरु भए यता ७७ वर्षको अवधिमा पहिलोपटक २४ घण्टामा सुदूरपश्चिमको दोधारामा ६२४ मि.मि. वर्षा मापन गरियो, जुन त्यहाँ हुने औषत वार्षिक वर्षाको लगभग आधा थियो। त्यस्तै असोज १० गतेदेखि १३ गतेसम्म काठमाडौं उपत्यका वरपर समेत २४ घण्टामा ४०० मि.मि. सम्म पानी पर्‍यो।

अन्य उदाहरण हेर्ने हो भने वि. सं. २०८० जेष्ठ महिनामा मधेश प्रदेश र लुम्बिनी प्रदेशका थुप्रै स्थानमा २४ घण्टामा २१० मि.मि. भन्दा बढी पानी परेको पाइन्छ। त्यस्तै २०७८ सालको मनसुनमा रूपन्देही, नवलपुर र नवलपरासी जिल्लाहरूमा एकैदिन ३५० मि.मि. सम्म वर्षा मापन गरिएको तथ्याङ्कले देखाउँछ। सोही वर्ष असार १२ गते कास्कीमा २५८.२ मि.मि. र कार्तिक ३ गते मोरङमा ३२३ मि.मि. सम्म वर्षा भएको पाइन्छ।

### २.१.४ चटयाङको प्रवृत्ति

मनसुन शुरु भएसँगै जटिल समस्याको रूपमा देखा पर्ने विपद्को रूपमा चटयाङलाई पनि लिन सकिन्छ। जसबाट मानिसको मृत्यु हुने संख्या देशमा ठूलो रहेको छ। चटयाङको जोखिम वर्षभरी रहने भएतापनि मनसुनको समयावधिमा अत्यधिक रहन्छ। विगत १० वर्षको तथ्याङ्कलाई हेर्ने हो भने नेपालमा चटयाङका कारण ३८५ जनाले ज्यान गुमाएका छन्। त्यस्तै १,०३९ जना घाइते हुनुको साथै ९३ वटा घरधुरीमा क्षति पुगेको छ। गत वर्ष मात्रै मनसुनको अवधिमा २५८ वटा चटयाङका घटना घट्दा ५२ जनाले ज्यान गुमाउनको साथै १६४ जना घाइते भएको तथ्याङ्कले देखाउँछ।

### २.१.५ जमिन कटानको प्रवृत्ति

मनसुनजन्य वर्षा शुरु भएसँगै जमिन कटानको समस्या समेत टड्कारो रूपमा देशमा देखा पर्ने गर्दछ। अत्यधिक वर्षासँगै तराईका समथल भू-भागमा हुने जमिन कटानको समस्या विगतका केही वर्षहरूबाट पहाडी र हिमाली क्षेत्रमा समेत बढ्दै गएको छ। जलवायु परिवर्तनबाट सिर्जित अत्यधिक वर्षाका कारण उच्च पहाडी भेगमा बाढी आउँदा जमिन कटानको समस्या देखिने गरेको छ। वि.सं. २०७८ सालको मनाङको बाढी र गत वर्षको थामेको बाढीलाई यसको उदाहरणको रूपमा लिन सकिन्छ। त्यसैगरी एक अध्ययनले हिमाली जिल्ला मुस्ताङको कालीगण्डकी किनारमा रहेको घुसाङदेखि लेतेसम्मका १३ वटा बस्ती जोखिमा रहेको देखाएको छ। त्यस्तै महाभारत, चुरे क्षेत्र र तराईका क्षेत्रमा समेत नदी किनारमा रहेका अधिकांश क्षेत्रहरू वर्षेनि मनसुनको अवधिमा हुने जमिन कटानको समस्याबाट ग्रसित बन्दै गइरहेका छन्। विभिन्न अध्ययन प्रतिवेदनका अनुसार प्रतिवर्ष नेपालमा ३१ लाख ६० हजार टन माटो जमिन कटानका कारण नष्ट हुने गरेको छ।

### २.१.६ महामारीको प्रवृत्ति

बेलाबखत हुने मनसुनको अवधिमा महामारी र रोगव्याधीको सम्भावनालाई यस वर्ष पनि नकार्न सकिदैन। मनसुनको समयमा मुख्यगरी तराईका जिल्लाहरूमा अत्यधिक गर्मी हुने भएकोले फोहरमैला, झिंगा, लामखुट्टे आदिको कारणबाट सरुवा रोग तथा महामारीको समस्या समेत देखिने गरेको छ। मुख्यगरी झाडापखाला, हैजा, जन्डिस जस्ता महामारीले स्थानीय समुदायलाई सताउने गरेको पाइन्छ। वि.सं. २०७८ सालको मनसुन अवधिमा कपिलवस्तु जिल्लाको कृष्णनगर नगरपालिकामा फैलिएको हैजालाई यसको उदाहरणको रूपमा लिन सकिन्छ। उक्त महामारीबाट ४ जनाको ज्यान जानुका साथै ७७६ जना गम्भीर बिरामी परेका थिए। त्यस्तै वर्षा र गर्मीसँगै लामखुट्टेको संक्रमण समेत मनसुनमा वृद्धि हुने हुँदा डेंगुजस्ता रोगको समस्या समेत देशभर उच्च रहने गर्दछ। विगतमा तराईका जिल्लाहरूमा देखा पर्ने डेंगु हालका वर्षहरूमा पहाडी र उच्च पहाडी क्षेत्रमा समेत देखा पर्न थालेको छ।

### २.१.७ तातो हावाको लहर (लु) को प्रवृत्ति

मनसुनको अवधिमा मुख्यगरी जेठ महिनाबाट भदौ महिनासम्म देखिने अर्को जोखिम भनेको तातो हावाको लहर (लु) हो। दैनिक तापक्रममा वृद्धि हुँदै गई ४० डिग्री सेल्सियसभन्दा माथि पुगेको अवस्थामा लुको प्रभाव देखिन थाल्दछ। मुख्यगरी दिनको मध्यान्ह ११ बजेदेखि २-३ बजेसम्म गर्मीको अवस्था अत्यधिक रहने हुँदा लुको जोखिम अधिक रहने गर्दछ।

विगतको अनुभवलाई हेर्ने हो भने पनि नेपालका मधेश प्रदेश, लुम्बिनी प्रदेश र सुदूरपश्चिम प्रदेशका सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, पश्चिम, नवलपरासी, कपिलवस्तु, रुपन्देही, बाँके, बर्दिया, कञ्चापुर र कैलाली गरी तराईका सोह्र जिल्लाहरूमा लुको प्रभाव अधिक रहने गरेको पाइन्छ। अहिलेसम्मको तथ्याङ्कलाई केलाउँदा नेपालमा सबैभन्दा उच्च तापक्रम वि.सं. २०५२ साल असार दुई गतेका दिन धनगढीमा ४६.४ डिग्री सेल्सियस रहेको पाईएको छ।[3]

## ३. मनसुनजन्य विपद् २०८१ को समीक्षा र सिकाइ

### ३.१ वि.सं. २०८१ को मनसुनको अवस्था

मनसुन सुरु हुने औषत मितिभन्दा तीन दिन अगावै जेठ २८ गतेबाट भित्रिएको गत वर्षको मनसुन १२५ दिन सक्रिय रही असोज २६ गते देशबाट बाहिरियो। उक्त अवधिभर देशभर दैनिक १६७०.७ मि.मि. वर्षा रह्यो, जुन सरदर दैनिक कुल वर्षा (१३७९.१ मि. मि.) भन्दा २२% ले अधिक हो[4]।

[3] https://www.bbc.com/nepali/articles/clkk22yn89vo

[4] Preliminary Precipitation and Temperature Summary; Monsoon Season (June-September), 2024; DHM (27 Oct. 2024)




**चित्र नं. १: मनसुनको सुरुवात र बहिर्गमन**

मनसुनको सुरुवाती समयमा सामान्य र औषत देखिएको वर्षा असारको दोश्रो हप्ताबाट औषतभन्दा माथि रहन पुग्यो र उक्त क्रम मनसुन अवधिभर रह्यो। मनसुन अवधिमा सबैभन्दा अत्यधिक वर्षा असार २४ गतेका दिन कञ्चनपुर जिल्लामा भयो। त्यस दिन दोधारा वर्षा मापन केन्द्रले २४ घण्टामा ६२४ मि.मि. वर्षा भएको मापन गर्‍यो। त्यसै दिन कञ्चनपुर जिल्लाको वेदकोट, भम्कामा रहेको वर्षा मापन केन्द्रमा ५७३.६ मि.मि. र सुन्दरपुरमा रहेको वर्षा मापन केन्द्रमा ५५५.८ मि. मि. वर्षा भयो।

असोज १० गतेदेखि १३ गतेसम्म देशको कोशी प्रदेश, मधेश प्रदेश र बागमती प्रदेशको सबै भू-भाग र गण्डकी प्रदेशको दक्षिणी भू-भाग र लुम्बिनी प्रदेशको पूर्वी भू-भागमा भारी वर्षा भएको थियो। उक्त अवधिमा दामन, चन्द्रागिरी, डेडगाँउ, नैकाप, केचना र खोपासी स्थित वर्षा मापन केन्द्रहरूले २४ घण्टामा ४०० मि. मि. भन्दा माथि वर्षा भएको मापन गरे।




**चित्र नं. २: असार २४ गतेका वर्षा**

असोज १२ गतेका दिन काठमाडौंस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको वर्षा मापन केन्द्रले २३९.७ मि.मि. वर्षा भएको मापन गऱ्यो। त्यस्तै खुमलटार वर्षा मापन केन्द्रले २९४.४ मि.मि. र चाँपागाँउ वर्षा मापन केन्द्रले ३२३.५ मि.मि. वर्षा भएको मापन गऱ्यो। समग्रमा गत वर्ष मनसुनको अवधिमा देशका अधिकतम स्थानमा औषतभन्दा बढी वर्षा भएको पाइन्छ (चित्र ३ र ४)।




चित्र नं. ३: असोज १० गतेदेखि १३ गतेसम्म भएको वर्षा




चित्र नं. ४: मनसुन अवधिभर भएको औषत वर्षा

त्यस्तै मनसुनको अवधिमा देशको औषत सिजनल तापक्रम उत्तरी भेगमा अधिकतम ९ डिग्री सेल्सियससम्म र दक्षिणी भेगमा ३३ डिग्री सेल्सियससम्म मापन गरियो। दक्षिणतर्फ सिजनल तापक्रम सबैभन्दा बढी पर्सा जिल्लाको विरगञ्जमा ३५.७ डिग्री सेल्सियस र उत्तरमा मनाङ जिल्लाको हुम्देमा १९.१ डिग्री सेल्सियस मापन गरियो।

त्यस्तै उक्त मनसुनको अवधिमा देशकै सबैभन्दा उच्च तापक्रम जेठ १३ गतेका दिन बाँके जिल्लाको नेपालगञ्जमा ४४.६ डिग्री सेल्सियस मापन भयो। त्यस्तै औषत न्यूनतम तापक्रम तराईमा २७ डिग्री

सेल्सियस र हिमालमा ०.५ डिग्री सेल्सियससम्म रहेको जल तथा मौसम विज्ञान विभागको प्रतिवेदनले देखाएको छ (चित्र ५ र ६)।




चित्र नं. ५: मनसुन अवधिभरको औषत न्यूनतम तापक्रम




चित्र नं. ६: मनसुन अवधिभरको औषत अधिकतम तापक्रम

## ३.२ मनसुन २०८१ को प्रभाव

जेठ २८ गतेबाट देशमा मनसुन भित्रिएसँगै देशभर वर्षाको क्रम शुरु भयो। जल तथा मौसम विज्ञान विभागको पूर्वानुमान अनुसार मनसुनको अवधिभर औषतभन्दा अत्यधिक वर्षा हुँदा बाढी, डुबान तथा पहिरोका घटनाहरूले देशभर सर्वसाधारणको जनजीवन अस्तव्यस्त तुल्याएको थियो।

मनसुनको पूर्वार्द्धमा वर्षा सामान्य रहेतापनि असारको दोश्रो सातामा अत्यधिक वर्षाको क्रम शुरु हुँदा विपद्का घटनाहरूको श्रृङ्खलाले गति लियो। असार १२ गतेको अविरल वर्षाका कारण झापा, मोरङ, सुनसरी लगायतका पूर्वी नेपालका जिल्लाहरू डुबानमा परे। त्यस्तै पूर्वका ओखलढुङ्गा, संखुवासभा,

उदयपुर, ईलाम र पश्चिमका कास्की, लमजुङ लगायतका पहाडी जिल्लाहरूमा पहिरोका घटनाहरू घटे। उक्त अवधिमा देशभर बाढी तथा पहिरोमा परी १६ जनाको ज्यान गयो।

त्यसैगरी असारको तेश्रो साता विपद्को अर्को लहर शुरु भयो। असारको २४ गते सुदूरपश्चिम प्रदेशको कञ्चनपुर जिल्लाको दोधारा आसपासको क्षेत्रमा देशकै सात दशकको इतिहासको सबैभन्दा बढी वर्षा भयो। उक्त दिन देशभर ४८ वटा विपद्का घटनाहरू घटे, जसबाट ७ जनाले ज्यान गुमाउनुको साथै २ जना वेपत्ता भए। अत्यधिक वर्षाका कारण देशभर १४ स्थानमा सडक अवरोध हुनुको साथै चितवन भरतपुर वडा नं. ३ स्थित नारायणी नदीको झोलुङ्गे पुल समेत बाढीले बगायो।

असारको अन्तिम साता भएको अविरल वर्षाका कारण चितवन जिल्लाको नारयणघाट-मुग्लिङ सडक खण्डको सिमानामा विपद्को अर्को कहालीलाग्दो घटना घट्यो। काठमाडौंबाट गौरतर्फ जादैं गरेको र बिरगंजबाट काठमाडौं आउँदै गरेको दुईवटा यात्रुवाहक बसहरू पहिरोले बगाई त्रिशुली नदीमा खस्दा ६२ जना यात्रु वेपत्ता हुन पुगे, जसमध्ये २४ जनाको मात्रै शव फेला पर्‍यो। सोही दिन कास्की जिल्लाको पोखरा महानगरपालिका वडा नं. १९ को तल्लो नुवाकोट टारी इलाकामा एउटा घर पहिरोमा पुरिँदा ७ जनाको मृत्यु भयो। त्यसैदिन पोखरामै अर्को एक पहिरोको घटनामा परी एकै परिवारका ३ जनाले ज्यान गुमाए।

त्यस्तै श्रावण १६ गते र १८ गते भएको अत्यधिक वर्षाका कारण काठमाडौं उपत्यका र आसपासको क्षेत्रमा स्थानीयको जनजीवन अस्तव्यस्त बन्न पुग्यो। काठमाडौंमा मात्रै १४२ घर डुबानमा परे। श्रावण १६ गतेको अविरल वर्षाको कारण बल्खु तरकारी बजारमा मात्रै ४ करोडभन्दा बढीको क्षति व्यापारीले ब्यहोरे। त्यसैगरी उक्त अवधिमा बारा, बाँके, महोत्तरी, लगायत जिल्लाहरूमा बाढी तथा डुबानका कारण थुप्रै घटनाहरू घटे। मनसुनको क्रम अघि बढ्दै गर्दा असोजको दोश्रो साता भएको अत्यधिक वर्षाले विपद्को अर्को श्रृंखला निम्त्यायो। असोज १० गतेबाट १३ गतेसम्म भएको अविरल वर्षाका कारण बागमती प्रदेशका काठमाडौं, भक्तपुर, ललितपुर, धादिङ, काभ्रे लगायतका जिल्लाहरूमा ठूलो जनधनको क्षति भयो। काठमाडौं उपत्यकामा मात्रै बाढी र पहिरोमा परी ३२ जनाले ज्यान गुमाए। उक्त अवधिमा देशभर मनसुनजन्य विपद्का कारण २५० जनाको ज्यान जानुका साथै १८ जना वेपत्ता भए।

बिपी राजमार्ग लगायत थुप्रै सडक खण्ड, शैक्षिक संस्था, स्वास्थ्य निकायका भवन, सरकारी कार्यालय, जलविद्युत आयोजना लगायत होटल रिसोर्ट जस्ता निजी व्यवसायहरूले समेत क्षति ब्यहोरे। उक्त अवधिमा राज्यले रु. ४६ अर्ब बराबरको क्षति ब्यहोर्नु पर्‍यो। साथै, असोज ११ गते शुक्रबारका दिन धादिङ धुनिवेशीस्थित झ्याप्ले खोलामा आएको पहिरोमा परी पृथ्वी राजमार्गमा तीनवटा सवारी साधन पुरिँदा ३५ जनाको ज्यान गयो। त्यसैगरी श्रावण ३२ गते देशमा हिमताल विस्फोटको घटना समेत

घट्यो। सोलुखुम्बु जिल्लाको थामे बजारभन्दा ९ कि.मि. माथि रहेको दुईवटा हिमताल विस्फोट पश्चात् आएको खहरे बाढीले थामे बजार तहसनहस हुन पुग्यो। उक्त विपद्मा मानवीय क्षति भने हुन पाएन।

गत वर्ष वि.सं. २०८१ सालको मनसुनको अवधिमा विगतको तुलनामा देशमा अत्यधिक विपद्का घटनाहरू घटे, जसकारण २० वटा जिल्लाका ७१ वटा स्थानीय तहलाई ३ महिनाको अवधिको लागि विपद् संकटग्रस्त क्षेत्र घोषणा समेत गरियो।

### ३.३ वि.सं. २०८१ को मनसुनजन्य विपद्को पूर्वतयारी र प्रतिकार्यको अवस्था

मनसुनजन्य विपद्को जोखिम तथा क्षतिलाई न्यूनीकरण गर्ने उद्देश्यले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको नेतृत्वमा कार्यदल गठन गरी वर्षेनि मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना निर्माण गरी सोही अनुरूप कार्य गर्ने गरिएको छ।

उक्त तयारीको क्रममा प्रदेश, जिल्ला तथा स्थानीय तहले समेत आ-आफ्नो मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना तयार गरी साधन श्रोतहरू तयारी अवस्थामा राख्ने, आपत्कालीन कार्यसञ्चालन केन्द्रहरूलाई तयारी अवस्थामा राख्ने, स्थानीय गाउँ समाजलाई सुसूचीत गराउने तथा आवश्यक तालिम दिने, सुरक्षा निकायहरूले आ-आफ्नो खोज तथा उद्धार टोली आवश्यक उपकरण तथा साधन श्रोतसहित तयारी हालतमा राख्ने, पूर्वतैनाथी गर्ने, सडक विभाग, दूरसञ्चार, विद्युत प्राधिकरण, खानेपानी लगायतका निकायहरूले समेत आ-आफ्नो श्रोत साधन र जनशक्ति तयारी अवस्थामा राख्ने कार्यहरू गरे।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले स्वास्थ्य आपत्कालीन कार्य सञ्चालन केन्द्र मार्फत अन्तर्गतका निकायहरूलाई तयारी हालतमा राख्यो। गृह मन्त्रालयको संयोजकत्वमा संयुक्त राष्ट्रसंघीय विश्व खाद्य कार्यक्रमले आफ्ना सबै Humanitarian Staging Areas (HSA) मा प्रतिकार्य तथा राहतको लागि आवश्यक सामग्रीहरू तयारी हालतमा राख्ने कार्य गर्‍यो। प्रदेश गोदामघरहरूमा समेत क्षमता अनुसार राहत सामग्रीहरूको जोहो गरियो। नेपाल रेडक्रस सोसाइटी, संयुक्त राष्ट्रसंघीय निकायहरू तथा अन्य मानवीय क्षेत्रको क्रियाशील संघसस्थाहरूले समेत आ-आफ्नो क्षमताले भ्याएसम्म आफ्नो विषयगत क्षेत्रसँग सम्बन्धित पूर्वतयारीका कार्यहरू सम्पन्न गरे। नेपाली सेनाले आफ्नो हवाई साधनहरू काठमाडौं तथा सुर्खेतमा तयारी हालतमा राख्यो। यसरी केन्द्रदेखि स्थानीय तहसम्म सबैको हातेमालोमा गत वर्षको मनसुनजन्य विपद् पूर्वतयारीको क्रियाकलापहरू सम्पन्न गरियो।

मनसुन भित्रिएसँगै देशभर विपद्का घटना घट्दै गर्दा प्रतिकार्यमा राज्यका सबै संयन्त्र जुटे। जल तथा मौसम विज्ञान विभागले प्राधिकरणसँगको सहकार्यमा लगातार मौसमी पूर्वानुमान सम्बन्धी बुलेटिनहरू प्रेषित गरिरह्यो। त्यस्तै NTC र NCELL ले नदीका बहाव बढेसँगै पूर्वसूचनाको लागि मनसुन अवधिभर SMS सम्प्रेषण गरे। गृह मन्त्रालयले मनसुनजन्य विपद्को प्रभावकारी प्रतिकार्यको लागि विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा प्रमुखको नेतृत्वमा कमाण्ड पोष्ट समेत स्थापना गर्‍यो। प्रदेश तथा

जिल्लाहरूमा समेत उक्त कमाण्ड पोष्टको गठन गरियो। समन्वय, सञ्चार र साधन श्रोत परिचालनमा आपत्कालीन कार्यसञ्चालन केन्द्रहरूले महत्वपूर्ण भूमिका निर्वाह गरे। मनसुनको प्रभाव बढेसँगै बाढी र पहिरोका श्रृङ्खला शुरु हुँदै गर्दा खोज, उद्धार तथा राहत व्यवस्थापनमा सुरक्षा निकायहरूले महत्वपूर्ण भूमिका निर्वाह गरे। मनसुन अवधिभर नेपाली सेना तथा निजी हवाई सेवाका हेलिकप्टर मार्फत ९९४ जनाको उद्धार समेत गरियो।

विषयगत समूह र तिनका साझेदार निकायहरूको समेत प्रतिकार्यमा महत्वपूर्ण भूमिका रह्यो। विशेषगरी विस्थापित परिवारलाई अस्थायी आश्रयको व्यवस्था गर्ने, खाद्य तथा गैह्र खाद्य सामग्रीको व्यवस्थापन गर्ने, स्वास्थ्य उपचार गर्ने, आपत्कालीन शिक्षा सुचारु लगायतका महत्वपूर्ण कार्यहरूमा उक्त निकायहरूको अहम् भूमिका रह्यो।

असोजको दोश्रो साता मनसुनले कोशी प्रदेश, मधेश प्रदेश, बागमती प्रदेशमा जनधनको क्षति गर्दा उद्धार तथा राहत वितरण कार्यलाई अझै प्रभावकारी बनाउन नेपाल सरकारले २० वटा जिल्लाका ७१ स्थानीय तहलाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गरी अति प्रभावित, प्रभावित र कम प्रभावित पालिकाहरूमा वर्गीकरण गरी प्रतिकार्यलाई अगाडि बढायो।[5] यसरी असोज २० गते देशबाट मनसुन बाहिरिदैं गर्दा कुल २१३१ विपद्का घटना घटिसकेका थिए, जसले ४९५ जनाको ज्यान लिनुका साथै १०,८२३ परिवारलाई प्रभावित समेत बनायो। उक्त विपद्मा परी मृत्यु भएका व्यक्तिको आश्रित परिवारलाई जनही रु. २ लाखका दरले नगद सहायताको साथसाथै घर पूर्ण रूपमा क्षति भएकाहरूलाई अस्थायी आवास निर्माणको लागि रु. ५०,००० को दरले राहत रकम राज्यद्वारा उपलब्ध गराइयो। त्यस्तै वर्तमान अवस्थामा उक्त मनसुनको अवधिमा क्षति भएका घरहरूको पुनर्निर्माणको कार्य समेत राज्यले सुरु गरिसकेको अवस्था रहेको छ।

### ३.४ मनसुनजन्य विपद् पूर्वतयारी तथा प्रतिकार्यको अवधिमा भएका सिकाइ

- मनसुनजन्य विपद् पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना कार्यान्वयको सन्दर्भमा सरोकारवाला जिम्मेवार निकायहरू बीचमा प्रभावकारी समन्वय र सहकार्य हुनुपर्ने।

- सम्बन्धित जिम्मेवार निकायबाट जारी हुने पूर्वसूचना तथा चेतावनी जोखिमयुक्त वर्ग, क्षेत्र र समुदायमा समयमै पुग्ने र सो अनुसार कार्यान्वयन हुने सुनिश्चित गर्न प्रभावकारी संचार प्रणालीको व्यवस्था गर्नुपर्ने।

- कार्ययोजना अनुसार जिम्मेवार निकाय एवं सहयोगी निकायले आ-आफ्नो भूमिका निर्वाह गरे नगरेको सम्बन्धमा नियमित अनुगमन तथा मूल्याङ्कन गरी सोको समीक्षा गर्नुपर्ने र कार्ययोजनाको प्रभावकारी कार्यान्वयन हुने वातावरण निर्माण हुनुपर्ने।

[5] https://ndrrma.gov.np/np/news/158

❖ तहगत आपत्कालीन कार्यसञ्चालन केन्द्रहरू, सुरक्षा निकायहरू एवं सम्बन्धित जिम्मेवार निकायहरू खोज, उद्धार तथा राहत व्यवस्थापन सम्बन्धी कार्यमा प्रभावकारी रूपमा परिचालित हुन आवश्यक क्षमता तथा साधन स्रोतको पर्याप्त व्यवस्थापन हुनुपर्ने।

❖ Incident Command System लाई प्रभावकारी बनाई खोज तथा उद्धारको बेला परिचालित निकायहरू बीचको समन्वय र सहकार्यलाई व्यवस्थित गर्नुपर्ने।

## ४. वि.सं. २०८२ सालको मनसुनको पूर्वानुमान

जल तथा मौसम विज्ञान विभागले मनसुन ऋतुमा देशका अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना रहेको उल्लेख गरेको छ। यस मनसुनको अवधिमा कर्णाली प्रदेशको पूर्वी भू-भाग, लुम्बिनी प्रदेशको उत्तरी भू-भाग र गण्डकी प्रदेशको अधिकांश भू-भागमा सरदरभन्दा अधिक वर्षा रहने सम्भावना ५५% देखि ६५% रहेको, सुदूरपश्चिमको दक्षिणी भू-भाग, लुम्बिनी प्रदेशको पश्चिमी भू-भाग, गण्डकी प्रदेशको उत्तरी भू-भाग बागमती र कोशी प्रदेशको उत्तरी भू-भागमा उक्त सम्भावना ४५% देखि ५५% र मधेशको पूर्वी तथा दक्षिणी भू-भागमा सरदर वर्षा ३५% देखि ४५% सम्म सम्भावना रहेको विभागले जनाएको छ। देशका अन्य भू-भागमा समेत यस मनसुनको अवधिमा अधिक वर्षाको सम्भावना ३५% देखि ४५% सम्म रहेको पूर्वानुमान विभागको रहेको छ।




**चित्र नं. ७: वि.सं. २०८२ को मनसुनी वर्षाको आकलन**

मनसुनको अवधिमा दैनिक तापक्रमको सम्बन्धमा सुदूरपश्चिमको उत्तरपूर्वी भू-भाग, कर्णाली प्रदेशको उत्तरी भू-भाग, लुम्बिनी प्रदेशको उत्तरी भू-भाग, गण्डकी प्रदेशको पश्चिमी भू-भाग, मधेश प्रदेशको पश्चिमी भू-भाग र बागमती प्रदेशको मध्य भू-भागमा सरदरभन्दा अधिक रहने सम्भावना ५५% देखि ६५% रहेको छ। त्यस्तै मधेश प्रदेशको पूर्वी भू-भाग र गण्डकी प्रदेशको मध्य भू-भागमा सरदरभन्दा

अधिक तापक्रमको सम्भावना ३५% देखि ४५% र देशका अन्य भू-भागमा उक्त सम्भावना ४५% देखि ५५% रहने आकलन विभागले गरेको छ।




**चित्र नं. ८: वि.सं. २०८२ को मनसुनको अवधिमा दैनिक अधिकतम तापक्रमको आकलन**

न्यूनतम तापक्रमको सम्बन्धमा पनि कर्णाली र बागमती प्रदेशका अधिकांश भू-भाग, लुम्बिनी प्रदेशको अधिकांश भू-भाग, मधेश प्रदेशको पश्चिमी भू-भाग र कोशी प्रदेशको तराई भू-भागमा सरदरभन्दा अधिक रहने सम्भावना ५५% देखि ६५%, सुदूरपश्चिम प्रदेशको दक्षिण-पश्चिमी भू-भाग, गण्डकी प्रदेशको उत्तर-पूर्वी भूभाग र कोशी प्रदेशको उत्तरी भूभागमा उक्त सम्भावना ३५% देखि ४५% र बाँकी भूभागमा उक्त सम्भावना ४५% देखि ५५% रहने पूर्वानुमान विभागको गरेको छ।




**चित्र नं. ९: वि.सं. २०८२ को मनसुनको दैनिक न्यूनतम तापक्रमको आकलन**

### ४.१ वि.सं. २०८२ सालको मनसुनजन्य विपद्को जोखिम आकलन

यस वर्ष मनसुन ऋतुको अवधिमा देशैभर सरदरभन्दा अधिक वर्षा रहने सम्भावना विगतको तुलनामा अत्यधिक रहेको हुँदा बाढी, पहिरो, डुबान, जमिनी कटान, भारी वर्षा तथा आकस्मिक बाढी जस्ता मनसुनजन्य विपद्को जोखिम समेत अत्यधिक हुने सम्भावना रहेको छ। त्यस्तै उक्त अवधिमा दैनिक तापक्रममा समेत वृद्धि हुने सम्भावना अधिक रहेको जल तथा मौसम विज्ञान विभागले जनाएबाट देशको दक्षिणी तराई भू-भागमा सर्वसाधारण तातो हावाको लहरबाट समेत प्रभावित बन्ने सम्भावना रहेको आकलन गर्न सकिन्छ। समग्रमा यस वर्षको मनसनुको अवधिमा मनसनुजन्य विपद्बाट देशभर करिब ४,५७,१४५ घरधुरीका १९,९७,७३१ जनसंख्या प्रभावित बन्ने आकलन गरिएको छ। प्रदेश तथा स्थानीय तहमा विपद् पूर्वतयारी गर्न सहज होस् भन्ने अभिप्रायले प्रदेशगत विश्लेषण गरी विपद् जोखिम आकलन निम्न अनुसार गरिएको छ ।




चित्र नं. १० : वि.सं. २०८२ को मनसुनजन्य विपद्बाट प्रभावित हुने अनुमानित केसलोड

### ४.१.१ कोशी प्रदेश

जल तथा मौसम विज्ञान विभागले यस मनसुनको अवधिमा कोशी प्रदेशमा सामान्यभन्दा अत्यधिक वर्षा हुने पूर्वानुमान गरेबाट यस प्रदेश र अन्तर्गतका जिल्लाहरूमा मनसुनजन्य विपद्बाट प्रभावित हुने सर्वसाधारणको केसलोड निम्न अनुसार रहने अनुमान गरिएको छ।




**प्रत्यक्ष प्रभावित हुन सक्ने करिब ६३,१२७ घरपरिवारका २,७५,८६७ जनसंख्या रहेको।**

**तालिका ३: कोशी प्रदेशमा मनसुनजन्य विपद्बाट प्रभावित हुने केसलोड**

### ४.१.२ मधेश प्रदेश

विगतको अनुभव तथा भोगाइलाई आधार मान्दै यस वर्ष मनसुनको अवधिमा मधेश प्रदेशमा वर्षा सामान्यभन्दा अधिक हुने र सरदर तापक्रम समेतमा वृद्धि हुने पूर्वानुमान गरिएबाट प्रदेशका आठ जिल्लाहरूमा मनसुनजन्य विपद्बाट प्रभावित हुने सर्वसाधारणको केसलोड निम्न अनुसार रहने आकलन गरिएको छ।




**प्रत्यक्ष प्रभावित हुन सक्ने करिब ५२,३३१ घरपरिवारका २,२८,६८७ जनसंख्या रहेको।**

**तालिका ४: मधेश प्रदेशमा मनसुनजन्य विपद्बाट प्रभावित हुने केसलोड**

### ४.१.३ बागमती प्रदेश

यस वर्षको मनसुन अवधिमा बागमती प्रदेशका उच्च हिमाली क्षेत्रमा सामान्यभन्दा धेरै वर्षा हुने सम्भावना उच्च रहेको र पहाडी क्षेत्रमा सामान्य भन्दा बढी वर्षा हुने सम्भावना मध्यम रहेको पूर्वानुमान गरिएको हुनाले बागमती प्रदेश र अन्तर्गतका जिल्लाहरूमा मनसुजन्य विपद्बाट प्रभावित हुने सर्वसाधारणको केसलोड निम्न अनुसार रहने अनुमान गरिएको छ।




प्रत्यक्ष प्रभावित हुन सक्ने करिब ७४,९१४ घरपरिवारका ३,२७,३७६ जनसंख्या रहेको

**तालिका ५: बागमती प्रदेशमा मनसुनजन्य विपद्बाट प्रभावित हुने केसलोड**

### ४.१.४ गण्डकी प्रदेश

यस वर्षको मनसुन अवधिमा गण्डकी प्रदेशको हिमाली तथा पहाडी क्षेत्रमा सामान्य भन्दा बढी वर्षा हुने सम्भावना उच्च रहेको प्रक्षेपण देखिन्छ। उच्च तापक्रमको समेत प्रक्षेपण रहेको हुँदा हिउँ पर्ने क्षेत्रमा पानी पर्ने र त्यसले खहरे बाढी, डुबान, पहिरो तथा भारी वर्षा जस्ता विपद्को प्रबल सम्भावना रहेको हुँदा जिउज्यानको सुरक्षार्थ सम्बन्धित निकायहरूले समयमा नै पूर्वतयारीका उचित उपायहरू अवलम्बन गर्नुपर्ने देखिन्छ। यस प्रदेशमा मनसुनजन्य विपद्बाट प्रभावित हुने सर्वसाधारणको केसलोड निम्न अनुसार रहने अनुमान गरिएको छ।




प्रत्यक्ष प्रभावित हुन सक्ने करिब ६५,६९९ घरपरिवारका २,८७,१०७ जनसंख्या रहेको

**तालिका ६: गण्डकी प्रदेशमा मनसुनजन्य विपद्बाट प्रभावित हुने केसलोड**

### ४.१.५ लुम्बिनी प्रदेश

जल तथा मौसम विज्ञान विभागले यस वर्षको मनसुनमा यस प्रदेशका पहाडी क्षेत्रमा सामान्यभन्दा धेरै वर्षा हुने सम्भावना उच्च रहेको साथै दक्षिणी भेगमा समेत सामान्य भन्दा बढी वर्षा हुने अनुमान गरेबाट यस प्रदेशका जिल्लाहरूमा मनसुनजन्य विपद्बाट प्रभावित हुने सर्वसाधारणको केसलोड निम्न अनुसार हुनसक्ने आकलन गरिएको छ।




**प्रत्यक्ष प्रभावित हुन सक्ने करिब ११९,८३० घरपरिवारका ५,२३,६५६ जनसंख्या**

**तालिका ७: लुम्बिनी प्रदेशमा मनसुनजन्य विपद्बाट प्रभावित हुने केसलोड**

### ४.१.६ कर्णाली प्रदेश

जल तथा मौसम विज्ञान विभागले गरेको प्रक्षेपणमा मनसुनको अवधिभरमा यस प्रदेशको उत्तर र पूर्वी क्षेत्रमा सामान्य भन्दा बढी वर्षा हुने सम्भावना उच्च रहेको आकलन गरेको छ। कर्णाली प्रदेशमा विपद्बाट प्रभावित हुने सर्वसाधारणको केसलोड निम्न अनुसार रहने अनुमान गरिएको छ।




**प्रत्यक्ष प्रभावित हुन सक्ने करिब २९,१३२ घरपरिवारका १,२७,३०८ जनसंख्या रहेको**

**तालिका ८: कर्णाली प्रदेशमा मनसुनजन्य विपद्बाट प्रभावित हुने केसलोड**

### ४.१.७ सुदूरपश्चिम प्रदेश

यस वर्षको मनसुनमा सुदूरपश्चिम प्रदेशको मध्य पहाडी तथा दक्षिणी क्षेत्रमा सामान्यभन्दा बढी वर्षा हुने सम्भावना उच्च रहेको र उच्च पहाडी र हिमाली क्षेत्रमा सामान्य भन्दा बढी वर्षा हुने सम्भावना मध्यम रहेको पूर्वानुमान गरेबाट यस प्रदेशका जिल्लाहरूमा मनसुनजन्य विपद्बाट प्रभावित हुने सर्वसाधारणको केसलोड निम्न अनुसार रहने आकलन गरिएको




तालिका ९ : सुदूरपश्चिम प्रदेशमा मनसुनजन्य विपद्बाट प्रभावित हुने केसलोड

# खण्ड दुई: मनसुन पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी जिम्मेवार निकाय र मुख्य-मुख्य जिम्मेवारी

## ५. संघीय मन्त्रालयहरु र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

मनसुन पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धमा सम्बन्धित संघीय मन्त्रालयहरु र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको मुख्य-मुख्य जिम्मेवारी निम्न अनुसार रहनेछ।

| निकाय | नेतृत्व गर्ने विषयगत क्षेत्र | मुख्य जिम्मेवारी |
|---|---|---|
| गृह मन्त्रालय | बन्दोबस्ती | • मनसुन पूर्वतयारी तथा प्रतिकार्यको अवधिभर नेतृत्वदायी भूमिका निर्वाह गर्ने।<br>• सुरक्षा निकायका खोज तथा उद्धार टोली तथा आवश्यक साधन स्रोतहरूको पूर्वतैनाथीका साथै प्रतिकार्यको बेला तिनको परिचालनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने।<br>• विपद् प्रतिकार्यको लागि आवश्यक खाद्य तथा गैह्र खाद्य राहत सामग्री व्यवस्थापनका साथसाथै ढुवानीको कार्यको समेत नेतृत्व गर्ने।<br>• विपद् प्रतिकार्यको बेला हवाई साधनको व्यवस्थापन गर्ने। |
| राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | समग्र नेतृत्व र समन्वय | • मनसुन पूर्वतयारी तथा प्रतिकार्यको अवधिभर नेतृत्वदायी तथा समन्वयकारी भूमिका निर्वाह गर्ने।<br>• मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजनाको प्रभावकारी कार्यान्वयनको लागि राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रमा मनसुन प्रतिकार्य कमाण्ड पोष्ट स्थापना गरी नेतृत्व गर्ने।<br>• मनसुन पूर्वतयारी तथा प्रतिकार्यको लगि आवश्यक साधन स्रोत व्यवस्थापन तथा परिचालनमा समन्वय र सहजीकरण गर्ने।<br>• विपद् पूर्वसूचना तथा विपद्सँग सम्बन्धित सूचना संकलन, व्यवस्थापन, विश्लेषण र प्रवाहको नेतृत्व गर्ने। एकद्वार नीतिको अवलम्बन गर्दै केन्द्रीय कमाण्ड पोष्ट मार्फत आधिकारिक सूचना सम्प्रेषण गर्ने।<br>• खोज, उद्धार तथा राहतका लागि तीनै तहका सरकार, सुरक्षा निकाय, गैर सरकारी संघसंस्था, निजी क्षेत्रका बीच आवश्यक समन्वय गर्ने र नेतृत्व लिने। |
| रक्षा मन्त्रालय | खोज, उद्धार तथा राहत | • मनसुनजन्य विपद्का कारण तत्काल गर्नुपर्ने खोज, उद्धार र राहतका कार्यक्रम सञ्चालन गर्न नेपाली सेनालाई आवश्यक स्रोत साधनसहित तयारी अवस्थामा राख्ने र आवश्यकता अनुसार परिचालन गर्ने। |
| संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | शीघ्र पुनर्लाभ | • सबै स्थानीय तहहरूले मनसुन प्रतिकार्यको लागि आवश्यक पूर्वतयारीका कार्यहरू गरेको यकिन गर्ने र आवश्यकता अनुसार समन्वय तथा सहजीकरण गर्ने। |

| निकाय | नेतृत्व गर्ने विषयगत क्षेत्र | मुख्य जिम्मेवारी |
|---|---|---|
| | | • विपद् प्रतिकार्यको अवधिमा स्थानीय तहहरूलाई आवश्यक सहजीकरण र समन्वय गर्ने।<br>• शीघ्र पुनर्लाभ विषयगत क्षेत्रको नेतृत्व गर्ने। |
| उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | आपूर्ति | • विपद्को अवधिमा दैनिक उपभोग्य वस्तु तथा सेवाहरूको सहज आपूर्ती तथा उपलब्धताको सुनिश्चितता गर्ने। |
| स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | स्वास्थ्य | • मनसुनजन्य विपद्बाट प्रभावितहरूको स्वास्थ्य उपचारका लागि आवश्यक साधन स्रोत तथा जनशक्ति तयारी अवस्थामा राख्ने र आवश्यकता अनुसार समन्वय र परिचालन गर्ने।<br>• सञ्चारका माध्यमहरूबाट मनसुनको अवधिमा हुनसक्ने महामारी तथा स्वास्थ्य समस्याबारे सचेत तुल्याउन सन्देशमूलक सूचना प्रवाह गर्ने गराउने।<br>• संघ तथा प्रदेशमा रहेका स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्रहरूलाई थप सक्रिय तुल्याई पूर्वतयारी र प्रतिकार्यका कृयाकलापहरू सञ्चालन गर्ने।<br>• स्वास्थ्य विषयगत क्षेत्रको नेतृत्व गर्ने। |
| | पोषण | • विपद्को बेला बालबालिका, गर्भवती तथा स्तनपान गराउने महिला, वृद्धवृद्धा तथा दिर्घरोगीहरूको लागि आवश्यक पोषण सामग्रीहरूको व्यवस्थापन गर्ने।<br>• पोषण विषयगत क्षेत्रको नेतृत्व गर्ने। |
| खानेपानी मन्त्रालय | खानेपानी, सरसफाइ तथा स्वास्थ्य प्रवर्धन | • विपद्ग्रस्त क्षेत्रमा शुद्ध पिउने पानी व्यवस्थापनको नेतृत्व गर्ने।<br>• पानीजन्य तथा फोहरबाट फैलिन सक्ने रोगव्याधी नियन्त्रणमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने।<br>• शुद्ध खानेपानी तथा सरसफाइ सम्बन्धी जनचेतनामूलक प्रचार प्रसार गर्ने गराउने।<br>• खानेपानी, सरसफाइ तथा स्वास्थ्य प्रवर्धन विषयगत क्षेत्रको नेतृत्व गर्ने। |
| सहरी विकास मन्त्रालय | आपत्कालीन आश्रयस्थल र शिविर समन्वय तथा व्यवस्थापन | • मनसुनजन्य विपद्बाट प्रभावित परिवारहरूको लागि आवश्यक आपत्कालीन आश्रयस्थल व्यवस्थापन गर्न समन्वय, सहकार्य र नेतृत्व गर्ने।<br>• आपत्कालीन आश्रयस्थल व्यवस्थापनको लागि आवश्यक स्रोत साधन व्यवस्थापनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने।<br>• जिल्ला तथा स्थानीय तह मार्फत आवश्यकता अनुसार आपत्कालीन आश्रयस्थलको लागि खुला क्षेत्रहरू रहेको यकिन गर्ने।<br>• आपत्कालीन आश्रयस्थल र शिविर समन्वय तथा व्यवस्थापन विषयगत क्षेत्रको नेतृत्व गर्ने। |
| कृषि तथा पशुपन्छी विकास मन्त्रालय | खाद्य सुरक्षा | • आपत्कालीन अवस्थाको लागि आवश्यक खाद्य सामग्रीको भण्डारण तयारी अवस्थामा राख्ने। |

| निकाय | नेतृत्व गर्ने विषयगत क्षेत्र | मुख्य जिम्मेवारी |
|---|---|---|
| | | • विपद् पीडित परिवारहरूलाई नगद प्रदान/हस्तान्तरण कार्यक्रमको लागि वित्तिय सेवा प्रदायकहरूसँगको सहकार्यमा तयारी अवस्थामा रहने।<br>• खाद्य सुरक्षा विषयगत क्षेत्रको नेतृत्व गर्ने। |
| महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | संरक्षण | • मनसुनजन्य विपद्को बेला मानसिक स्वास्थ्य र मनोसामाजिक सवालहरू, लैंगिक हिंसा, परिवारसँगको बिछोड, बाबुआमाको स्याहार नपाएका बालबालिकाहरूको आवश्यकता र ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्तिहरूको आवश्यकतालाई सम्बोधन गर्ने/गराउने गरी तयारी अवस्थामा रहने।<br>• सरोकारवाला निकायहरू मार्फत मनसुनजन्य विपद्को लागि स्थानीय तहहरूमा महिलामैत्री स्थल, महिला तथा बालबालिकाका लागि सुरक्षित स्थल र बालमैत्री स्थलहरूको व्यवस्थापन भएको यकिन गर्ने।<br>• मनसुनजन्य विपद्लाई लक्षित गरी महिला तथा किशोरीहरूको लागि आवश्यक डिग्नीटी किट, किशोरी (Adolescent) किट लगायतका जीवन बचाउने राहत सामग्रीहरूको पूर्व निर्धारण तथा भण्डारण गर्ने/गराउने। साथै उक्त सामग्रीहरूको लेखाजोखा गर्ने।<br>• संरक्षण विषयगत क्षेत्रको नेतृत्व गर्ने। |
| शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | शिक्षा | • स्थानीय तह तथा विद्यालयहरूमा मनसुनजन्य विपद् र त्यसको प्रभावबारे सचेतनामूलक कार्यक्रम गर्ने/गराउने।<br>• विपद्को अवधिमा यौन शोषण र दुर्व्यवहार रोकथाम र सचेतना अभिवृद्धिमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने।<br>• आपत्कालीन अवस्थामा शैक्षिक कृयाकलापलाई निरन्तरता दिन सरोकारवाला निकायहरूले न्यूनतम पूर्वतैनाथी (Minimum pre-positioning) कायम राखेको सुनिश्चित गर्ने।<br>• आपत्कालीन अवस्थामा मनोवैज्ञानिक प्राथमिक सहायता सहयोग गर्न मानव स्रोत पूर्व पहिचान गर्ने/गराउने।<br>• शिक्षा विषयगत क्षेत्रको नेतृत्व गर्ने। |
| सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | आपत्कालीन सञ्चार | • विपद् सम्बन्धी सचेतनाका लागि सञ्चार सामग्री विभिन्न भाषामा तयार गरी विभिन्न सञ्चार माध्यम मार्फत प्रचारप्रसार गर्ने/गराउने।<br>• मनसुनजन्य विपद् सम्बन्धी पूर्वसूचना प्रणालीका लागि NTC र NCELL मार्फत सचेतना एसएमएस (SMS) सम्प्रेषण गर्ने।<br>• मनसुन अवधिभर सञ्चार क्षेत्रमा हुने अवरोधलाई न्यूनीकरण गर्न र अवरोध भएमा तत्काल मर्मत गरी सेवा सुचारु गर्न आफ्ना सबै संयन्त्रलाई तयारी अवस्थामा राख्ने र राख्न लगाउने।<br>• आपत्कालीन सञ्चार विषयगत क्षेत्रको नेतृत्व गर्ने। |

| निकाय | नेतृत्व गर्ने विषयगत क्षेत्र | मुख्य जिम्मेवारी |
|---|---|---|
| ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | जोखिम न्यूनीकरण, पूर्वानुमान तथा पूर्वसूचना, उद्धार | • अन्तर्गतका निकायहरू मार्फत मनसुनजन्य वर्षा तथा बाढीजन्य प्रकोपको पूर्वानुमान तथा पूर्वसूचना सम्प्रेषण, जोखिमयुक्त तटबन्धको जोखिम न्यूनीकरण तथा जोखिमयुक्त स्थानहरूमा आवश्यक तारजालीको व्यवस्थापन सम्बद्ध कार्यहरू गर्ने/ गराउने। |
| परराष्ट्र मन्त्रालय | अन्तर्राष्ट्रिय समन्वय | • विपद्को समयमा आवश्यक परेमा मित्रराष्ट्रहरूको सहयोग जुटाउने।<br>• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि अन्तरदेशीय समन्वय गर्ने।<br>• अत्यधिक वर्षाका कारण कोशी, गण्डकी तथा महाकाली जस्ता मुख्य नदीहरूमा बाढी आई डुबान हुने अवस्था आएमा उक्त नदीहरूमा सीमावर्ती जिल्लामा निर्मित बाँधका ढोकाहरू तत्काल खोल्न कुटनीतिक पहल गर्ने। |
| भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | जोखिम न्यूनीकरण, उद्धार, यातायात सेवा पुनर्स्थापना | • वर्षायाममा बाढी र पहिरोले भत्काएका र पुरिएका सडक तथा पुलहरू जतिसक्दो चाँडो अवरोध पन्छाएर एवं मर्मत गरेर सुचारु गर्ने/गराउने।<br>• सडक विभाग मार्फत रणनीतिक स्थानमा तथा अन्तर्गतका कार्यालयमा अत्यावश्यक मेसिन, सामग्री तथा जनशक्ति तैनाथी अवस्था (Stand By) मा राख्ने। |
| वन तथा वातावरण मन्त्रालय | उद्धार तथा अस्थायी आश्रयस्थल | • गल्छी तथा पहिरो रोकथाम र नियन्त्रण, संरक्षण पोखरी तथा Runoff Harvesting, ड्याम निर्माण, मर्मत संभार र व्यवस्थापन, खोला किनारा संरक्षण, पानी मुहान संरक्षण, सिमसार व्यवस्थापन, बायो इन्जीनियरिंग तथा हरियाली प्रवर्द्धन लगायत भू-क्षय नियन्त्रणका विविध कार्यहरू गर्ने।<br>• जलाधारको प्रभावकारी व्यवस्थापन हुन नसक्दा सिर्जना हुन सक्ने विपद् जोखिमबारे जलाधार व्यवस्थापन सम्बन्धी विविध जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।<br>• विपद्बाट प्रभावित परिवारहरूको लागि सहुलियत दरमा आवश्यक काठ दाउरा उपलब्ध गराउने।<br>• जिल्ला विपद् व्यवस्थापन समितिको सहकार्यमा तोकिएका खहरे पुनर्उत्थानका लागि संरक्षण कार्यहरू गर्ने। |
| संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | उद्धार | • मनसुनको अवधिभर विपद्को अवस्थामा तत्काल उद्धार गर्न नेपाल वायुसेवा निगम तथा निजी कम्पनीका जहाज तथा हेलिकप्टर परिचालन गर्न सकिने गरी तयारी अवस्थामा राख्ने।<br>• पदमार्गमा रहेका पर्यटकहरूलाई मनसुनजन्य विपद्बारे पूर्वसूचना उपलब्ध गराउने व्यवस्था मिलाउने तथा विपद्को बेला पर्यटकहरूको उद्धार तथा राहतका कार्यहरूमा सहजीकरण र समन्वय गर्ने/गराउने। |
| युवा तथा खेलकुद मन्त्रालय | खोज तथा उद्धार | • विपद् व्यवस्थापन तालिम प्राप्त स्काउट जनशक्तिलाई आवश्यकता अनुसार परिचालन गर्न तयारी अवस्थामा राख्ने / राख्न लगाउने। |

| निकाय | नेतृत्व गर्ने विषयगत क्षेत्र | मुख्य जिम्मेवारी |
|---|---|---|
| जल तथा मौसम विज्ञान विभाग | पूर्वानुमान तथा पूर्वसूचना | • तीन दिनसम्मको मौसम पूर्वानुमान, तीन दिनसम्मको बाढी पूर्वानुमान र दैनिक रूपमा बाढीको पूर्वानुमान बुलेटिन अपडेट र जारी गर्ने। विषम अवस्थामा जुनसुकै बेला पनि बुलेटिन जारी गर्ने।<br>• देशैभर फैलिन सक्ने भारी/धेरै भारी/अति भारी वर्षाको विशेष पूर्वानुमान ५ दिन अगावै जारी गरी सरोकारवालाहरूलाई जानकारी गराउने।<br>• बाढी प्रभावित विभिन्न नदी नालाहरूको बाढी अनुगमन तथा पूर्वानुमान गर्ने, हिमताल विस्फोट वा अन्य कारणले उत्पन्न हुन सक्ने बाढी समेतको लागि पूर्वसूचना प्रवाह गर्ने।<br>• स-साना नदीहरूमा हुन सक्ने खहरे वहावको (Flash Flood) २-६ घण्टा अगाडि नै पूर्वानुमान गरी सरोकारवालालाई विभिन्न माध्यमबाट जानकारी गराउने। |
| खानी तथा भूगर्भ विभाग | पहिरो जोखिम मूल्याङ्कन तथा पूर्वसूचना | • सबै प्रदेशहरूको Landslide inventory map तयार गर्ने।<br>• मनसुनजन्य पहिरो सम्बन्धी आकस्मिक र विस्तृत (rapid and detailed landslide assessment) अध्ययन तथा अनुसन्धान गर्ने।<br>• सम्बन्धित निकायको अनुरोधमा मनसुनजन्य प्रकोपबाट वस्तिहरूमा हुनसक्ने जोखिमको आकलन गर्ने। |
| जलस्रोत तथा सिंचाइ विभाग | जोखिम न्यूनीकरण, उद्धार, सिघ्र पुनर्निर्माण | • निर्माणाधिन आयोजनाका पूर्वाधारहरूमा हुनसक्ने जोखिमको न्यूनीकरण गर्न मनसुन अगावै अत्यावश्यक कार्यहरू सम्पन्न गर्ने।<br>• मनसुनजन्य विपद्को प्रतिकार्यको लागि विभाग अन्तर्गतका यान्त्रिक कार्यालयहरू मातहत रहेका Excavator, Loader, Dump truck हरू तयारी अवस्थामा राख्ने।<br>• बाढी तथा पहिरो जोखिम न्यूनीकरण तथा रोकथामको लागि अन्तर्गतका निकायहरूमा आवश्यकता अनुसार तारजाली तयारी हालतमा राख्ने। |
| सडक विभाग | जोखिम न्यूनीकरण, उद्धार, यातायात सेवा पुनर्स्थापना | • मनसुनको अवधिभर बाढी पहिरोबाट हुन सक्ने सडक अवरोधलाई तत्काल हटाई यातायात सुचारु गर्न Strategic Location हरूमा डोजर, एस्काभेटर लगायतका हेभी इक्युपमेन्ट चालकसहित तयारी अवस्थामा राख्ने।<br>• अत्यावश्यक स्थानमा तत्काल पुऱ्याउन सकिने गरी बेलीब्रिजहरूलाई ढुवानीको साधन तथा जडान गर्ने जनशक्तिसहित Strategic Location हरूमा तयारी अवस्थामा राख्ने। |
| नेपाल विद्युत प्राधिकरण | सिघ्र पुनर्लाभ तथा सेवा पुनर्स्थापना | • मनसुनजन्य विपद्को अवधिमा विद्युत आपूर्ति अवरुद्ध भएमा तत्काल सुचारु गर्न आवश्यक स्रोत साधनसहित अन्तर्गतका निकायहरूलाई तयारी अवस्थामा राख्ने/राख्न लगाउने। |
| जिल्ला प्रशासन कार्यालय | समग्र नेतृत्व तथा प्रतिकार्य | • जिल्लास्तरीय मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरी लागू गर्ने।<br>• जिल्ला तहमा मनसुन पूर्वतयारी एवं मनसुनजन्य विपद्को अवधिमा खोज, उद्धार तथा राहत व्यवस्थापनको लागि साधन स्रोतको व्यवस्थापन गर्ने। |

| निकाय | नेतृत्व गर्ने विषयगत क्षेत्र | मुख्य जिम्मेवारी |
|---|---|---|
| | | • जिल्लास्थित सबै सुरक्षा निकायहरूलाई तयारी अवस्थामा राख्ने र जिल्लामा रहेका स्वयंसेवकहरू प्रभावकारी परिचालन गर्ने।<br>• पूर्वतयारी तथा प्रतिकार्यको लागि विषयगत क्षेत्रका सम्बन्धित निकायहरू एवं संघ, प्रदेश र स्थानीय तहका विपद् सम्बद्ध निकायसँग समन्वय गर्ने।<br>• जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई थप सक्रिय बनाई प्रभावकारी मनसुन प्रतिकार्यको लागि जिल्लामा मनसुन प्रतिकार्य कमाण्ड पोष्ट स्थापना गर्ने।<br>• मनसुन पूर्वसूचना प्रणालीको विकास गर्ने।<br>• विपद्को समयमा बजारमा हुने कृत्रिम अभाव, कालोबजारी तथा आपराधिक गतिविधिलाई नियन्त्रण गर्ने।<br>• दक्षिणी सीमावर्ती क्षेत्रमा मनसुनको पानीको वहाव निकास अवरूद्ध हुन सक्ने स्थान पहिचान गर्ने।<br>• भारतीय समकक्षी निकायसँगको समन्वयमा पानीको निकास खोल्ने र अवरोध हटाउने।<br>• ठूलो बाढी आएमा मुख्य नदीहरूको जलमार्ग तथा ब्यारेजका ढोकाहरू खुला वा बन्द गर्ने सम्बन्धमा आवश्यक समन्वय गर्ने। |

## ६. प्रदेश र स्थानीय तह

प्रदेश र स्थानीय तहको मुख्य जिम्मेवारी निम्न अनुसार रहनेछ।

| निकाय | मुख्य जिम्मेवारी |
|---|---|
| प्रदेश सरकार | • प्रदेशस्तरीय मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरी लागू गर्ने।<br>• प्रदेश तहमा मनसुन पूर्वतयारी एवं मनसुनजन्य विपद्को अवधिमा खोज तथा उद्धार र राहत व्यवस्थापनको लागि साधन स्रोतको व्यवस्थापन तथा परिचालन गर्ने।<br>• प्रदेश आपत्कालीन गोदामघरको प्रभावकारी सञ्चालन तथा व्यवस्थापन गर्ने। प्रदेशमा रहेका स्वयंसेवकहरू परिचालन गर्ने।<br>• मनसुन पूर्वतयारी तथा प्रतिकार्यको लागि प्रदेश तहका विषयगत क्षेत्रका सम्बन्धित निकायहरूसँग समन्वय र सहकार्य गरी प्रभावकारी परिचालन गर्ने। संघ, जिल्ला र स्थानीय तहका विपद् सम्बद्ध निकायहरूसँग निरन्तर समन्वयको वातावरण तयार गर्ने।<br>• प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई थप सक्रिय बनाई प्रभावकारी मनसुन प्रतिकार्यको लागि मनसुन प्रतिकार्य कमाण्ड पोष्ट स्थापना गरी सञ्चालन तथा व्यवस्थापन गर्ने।<br>• मनसुन पूर्वसूचना प्रणालीको विकास गर्ने। |
| स्थानीय सरकार | • पालिकास्तरीय मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरी लागू गर्ने।<br>• स्थानीय समुदायलाई मनसुनजन्य विपद्प्रति जागरूक बनाउन तथा जनचेतना अभिवृद्धि गर्न सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने। |

| | |
|---|---|
| | • मनसुन विपद्को अवधिमा आवश्यक पर्ने खोज, उद्धार तथा राहत सामग्रीहरूको व्यवस्थापन गर्ने। प्रतिकार्यको लागि नगर प्रहरीलाई आवश्यक साधन स्रोतसहित तयारी अवस्थामा राख्ने। पालिकामा रहेका स्वयंसेवकहरू परिचालन गर्ने।<br>• पूर्वतयारी तथा प्रतिकार्यको लागि सरकारी, गैर सरकारी, निजी तथा मानवीय क्षेत्रमा कार्य गर्ने संघसंस्था, स्थानीय समुदाय तथा स्वयंसेवकहरूसँग सहकार्य र समन्वय गर्ने।<br>• मनसुन अगावै सहर वस्तिका ढल सफा गर्ने, खोला नालामा अत्यधिक थुप्रिएका गेग्रान हटाउने तथा पानीका निकासहरू खोल्ने कार्यहरू गर्ने।<br>• स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई सक्रिय बनाई प्रभावकारी मनसुन प्रतिकार्यको लागि पालिकास्तरमा मनसुन प्रतिकार्य कमाण्ड पोष्ट स्थापना गरी प्रभावकारी सञ्चालन गर्ने।<br>• मनसुन पूर्वसूचना प्रणालीको विकास गर्ने।<br>• विपद्को समयमा बजारमा हुने कृत्रिम अभाव, कालोबजारी तथा आपराधिक गतिविधिलाई नियन्त्रण गर्ने। |

## ७. सुरक्षा निकाय

सुरक्षा निकायको मनसुन पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धमा मुख्य जिम्मेवारी निम्न अनुसार रहनेछ।

| निकाय | मुख्य जिम्मेवारी |
|---|---|
| नेपाली सेना | • मनसुनजन्य विपद् प्रतिकार्यको लागि आवश्यक औजार उपकरण तथा दक्ष जनशक्तिसहित तयारी अवस्थामा रहने।<br>• केन्द्र, प्रदेश तथा जिल्लामा स्थापना गरिने मनसुन प्रतिकार्य कमाण्ड पोष्टमा आवश्यक सङ्ख्यामा प्रतिनिधि खटाउने।<br>• विपद्को बेला खोज, उद्धार तथा राहत वितरणमा सहयोग र सुरक्षा व्यवस्था एवं आवश्यकता अनुसार टोली परिचालन गर्ने।<br>• राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचाले निर्दिष्ट गरे अनुरूप मनसुन प्रतिकार्य कमाण्ड पोष्टमा खोज तथा उद्धार कार्यको नेतृत्व गर्ने।<br>• मनसुनजन्य विपद् प्रतिकार्यको लागि हवाई साधन तयारी अवस्थामा राख्ने। |
| नेपाल प्रहरी | • मनसुनजन्य विपद् प्रतिकार्यको लागि आवश्यक औजार उपकरण तथा दक्ष जनशक्तिसहित तयारी अवस्थामा रहने।<br>• केन्द्रदेखि स्थानीय तहसम्म स्थापना गरिने मनसुन प्रतिकार्य कमाण्ड पोष्टमा आवश्यक प्रतिनिधि खटाउने।<br>• विपद्को बेला खोज, उद्धार तथा राहत वितरणमा सहयोग र सुरक्षा व्यवस्था तथा आवश्यकता अनुसार टोली परिचालन गर्ने।<br>• स्थानीयस्तरमा विपद् पूर्वसूचना प्रवाहमा सहयोग पुऱ्याउने।<br>• विपद्का घटना सम्बन्धी सूचना प्रवाह तथा तत्काल गरिने लेखाजोखामा सहयोग पुऱ्याउने। |
| सशस्त्र प्रहरी बल, नेपाल | • मनसुनजन्य विपद् प्रतिकार्यको लागि आवश्यक औजार उपकरण तथा दक्ष जनशक्तिसहित तयारी अवस्थामा रहने।<br>• केन्द्रदेखि स्थानीय तहसम्म स्थापना गरिने मनसुन प्रतिकार्य कमान्ड पोष्टमा आवश्यक प्रतिनिधी खटाउने। |

| | |
|---|---|
| | • विपद्को अवधिमा खोज, उद्धार तथा राहत वितरणमा सहयोग र सुरक्षा तथा आवश्यकता अनुसार टोली परिचालन गर्ने।<br>• स्थानीयस्तरमा विपद् पूर्वसूचना प्रवाहमा सहयोग पुऱ्याउने।<br>• विपद्का घटना सम्बन्धी सूचना प्रवाहमा सहयोग पुऱ्याउने। |

## ८. आपत्कालीन कार्यसञ्चालन केन्द्र

राष्ट्रिय, प्रदेश, जिल्ला तथा स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रहरूको मनसुन पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धमा मुख्य जिम्मेवारी निम्न अनुसार रहनेछ।

| निकाय | मुख्य जिम्मेवारी |
|---|---|
| राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र | • मौसम पूर्वानुमान सम्बन्धी सूचना प्रवाहमा सहयोगका साथै मनसुनजन्य विपद्का पूर्वसूचना प्रवाहमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने।<br>• मनसुनको अवधिभर २४सै घण्टा देशभरको विपद्को अवस्थाको निगरानी गर्ने र सो अनुसार सूचना राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र सम्बन्धित अन्य निकायमा सम्प्रेषण गर्ने।<br>• केन्द्रीय मनसुन प्रतिकार्य कमाण्ड पोष्ट स्थापना र सञ्चालनमा सहयोग र सहजीकरण गर्ने।<br>• विपद् प्रतिकार्यको अवधिमा स्रोत साधन परिचालनमा समन्वय र सहजीकरण गर्ने।<br>• मनसुनजन्य विपद्को अवधिमा सूचना व्यवस्थापनमा अहम् भूमिका निर्वाह गर्ने।<br>• आपत्कालीन गोदामघर सञ्चालन तथा मानवीय सहायता परिचालनको लागि समन्वय गर्ने। |
| प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र | • मौसमी पूर्वानुमान सम्बन्धी सूचना प्रवाहमा सहयोगका साथै मनसुनजन्य विपद् पूर्वसूचना प्रवाहमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने।<br>• मनसुनको अवधिभर २४सै घण्टा प्रदेशस्तरको विपद्को अवस्थाको निगरानी गर्ने र सो अनुरुप सूचना संप्रेषण गर्ने।<br>• प्रदेश मनसुन प्रतिकार्य कमाण्ड पोष्ट स्थापना गर्न सहजीकरण गर्ने।<br>• विपद् पूर्वतयारी, खोज, उद्धार तथा राहतको प्रदेशस्तरीय नेतृत्व र समन्वय गर्ने।<br>• विपद् प्रतिकार्यको अवधिमा स्रोत साधन परिचालनमा समन्वय र सहजीकरण गर्ने।<br>• मनसुनजन्य विपद्को अवधिमा सूचना व्यवस्थापनमा अहम् भूमिका निर्वाह गर्ने। |
| जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र | • मौसमी पूर्वानुमान सम्बन्धी सूचना प्रवाहमा सहयोगका साथै मनसुनजन्य विपद्का पूर्वसूचना प्रवाहमा जिल्लास्तरीय नेतृत्वदायी भूमिका निर्वाह गर्ने।<br>• मनसुनको अवधिमा २४सै घण्टा जिल्लास्तरको विपद्को अवस्थाको निगरानी गर्ने र सो अनुसार सूचना संप्रेषण गर्ने।<br>• जिल्ला मनसुन प्रतिकार्य कमाण्ड पोष्ट स्थापना गर्न सहजीकरण गर्ने।<br>• विपद् पूर्वतयारी, खोज, उद्धार तथा राहतको नेतृत्व र समन्वय गर्ने।<br>• विपद् प्रतिकार्यको बेला स्रोत साधन परिचालनमा समन्वय र सहजीकरण गर्ने।<br>• मनसुनजन्य विपद्को अवधिमा सूचना व्यवस्थापनमा अहम् भूमिका निर्वाह गर्ने। |
| स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र | • मौसमी पूर्वानुमान सम्बन्धी सूचना प्रवाहमा सहयोगका साथै मनसुनजन्य विपद्का पूर्वसूचना प्रवाहमा पालिकास्तरीय नेतृत्वदायी भूमिका निर्वाह गर्ने।<br>• मनसुनको अवधिमा २४सै घण्टा पालिकास्तरको विपद्को अवस्थाको निगरानी गर्ने।<br>• पालिका तहमा मनसुन प्रतिकार्य कमाण्ड पोष्ट स्थापना गर्न सहजीकरण गर्ने। |

| | |
|---|---|
| | • विपद् पूर्वतयारी, खोज, उद्धार तथा राहतको नेतृत्व र समन्वय गर्ने ।<br>• विपद् प्रतिकार्यको अवधिमा स्रोत साधन परिचालनमा समन्वय र सहजीकरण गर्ने।<br>• मनसुनजन्य विपद्को बेला सूचना व्यवस्थापनमा अहम् भूमिका निर्वाह गर्ने। |
| स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्र | • आपत्कालीन उपचारको पूर्वतयारी, समन्वय र नेतृत्व गर्ने।<br>• संघ, प्रदेश तथा स्थानीय तहमा रहेका अस्पतालको आपत्कालीन उपचार पूर्वतयारीको समन्वय र नेतृत्व गर्ने। |
| नेपाल रेडक्रस सोसाइटी, रक्त सञ्चार केन्द्र | • रक्तसञ्चार केन्द्रमा न्यूनतम रगत मौज्दात राख्ने।<br>• रक्तदाताहरूसँग समन्वय गर्ने।<br>• आपत्कालीन अवस्थामा रक्तसङ्कलन तथा वितरण गर्ने भौगोलिक क्षेत्र निर्धारण गरी रगत सङ्कलन र आपूर्ति गर्न तयारी गर्ने।<br>• सुरक्षा निकाय, जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी रगत सङ्कलन तथा वितरणको लागि बन्दोबस्ती मिलाउने। |

## ९. मनसुन प्रतिकार्य कमाण्ड पोष्ट

मनसुनको सुरुवातसँगै केन्द्रदेखि स्थानीय तहसम्म मनसुन प्रतिकार्य कमाण्ड पोष्ट तत्काल स्थापना भई आफ्नो जिम्मवारी बहन गर्ने छन्। केन्द्रीय कमाण्ड पोष्टको बनावट निम्न अनुसार रहने छ।

- कार्यकारी प्रमुख, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण -संयोजक
- प्रतिनिधि, सहसचिव, विपद् तथा द्वन्द्ध व्यवस्थापन महाशाखा, गृह मन्त्रालय - सदस्य
- प्रतिनिधि, सहसचिव, विपद् पूर्वतयारी तथा प्रतिकार्य हेर्ने महाशाखा, रा.वि.जो.न्यू.व्य. प्रा. -सदस्य
- प्रतिनिधि, (सहसचिवस्तर), सञ्चार तथा सूचना प्रविधि मन्त्रालय -सदस्य
- महानिर्देशक, जलश्रोत तथा सिंचाइ विभाग -सदस्य
- महानिर्देशक, जल तथा मौसम विज्ञान विभाग -सदस्य
- महानिर्देशक, सडक विभाग -सदस्य
- प्रतिनिधि, नेपाली सेना, विपद् व्यवस्थापन हेर्ने प्रमुख -सदस्य
- प्रतिनिधि, नेपाल प्रहरी, विपद् व्यवस्थापन हेर्ने प्रमुख -सदस्य
- प्रतिनिधि, सशस्त्र प्रहरी बल नेपाल, विपद् व्यवस्थापन हेर्ने प्रमुख -सदस्य
- प्रतिनिधि, राष्ट्रिय अनुसन्धान विभाग, विपद् व्यवस्थापन हेर्ने प्रमुख -सदस्य
- प्रमुख, राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र (NEOC) -सदस्य-सचिव
- आवश्यकता अनुसार विज्ञहरूलाई आमन्त्रण गर्न सकिने।

प्रदेश, जिल्ला तथा स्थानीय तहले आफ्नो विपद् व्यवस्थापन हेर्ने निकायको नेतृत्वमा आवश्यकता अनुसार आ-आफ्नो कमाण्ड पोष्टको बनावट निर्धारण गर्न सक्नेछन्।

| कमाण्ड पोष्टको मुख्य जिम्मेवारी |
|---|
| • मनसुनजन्य विपद्को बेला समग्र प्रतिकार्यको नेतृत्व गर्ने।<br>• मनसुनजन्य विपद्को अवधिमा प्रभावकारी प्रतिकार्यको लागि जिम्मेवार निकायलाई निर्देशन दिने।<br>• मनसुनको अवस्थाको निरन्तर निगरानी गर्ने र स्थिति प्रतिवेदन अनुसार जिम्मेवार निकायलाई तत्काल आवश्यक कार्य गर्न निर्देशन दिने। |

| |
|---|
| • मौसमको पूर्वानुमानका आधारमा सम्भावित विपद्को पूर्वसूचना प्रवाहको नेतृत्व गर्ने।<br>• मनसुनजन्य विपद्को अवधिमा साधन स्रोत परिचालनको समन्वय तथा नेतृत्व गर्ने।<br>• मनसुनजन्य विपद्को बेला सम्पूर्ण सूचना प्रवाहको नेतृत्व तथा व्यवस्थापन गर्ने। |

## १०. निजी क्षेत्र तथा अन्य निकायहरु

निजी क्षेत्र तथा अन्य निकायको मनसुन पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धमा मुख्य जिम्मेवारी निम्न अनुसार रहनेछ।

| निकाय | मुख्य जिम्मेवारी |
|---|---|
| निजी क्षेत्र | • मनसुनजन्य विपद् प्रतिकार्यको अवधिमा खाद्य तथा गैह्र खाद्य राहत सामग्री व्यवस्थापन, राहत ढुवानी, बजार व्यवस्थापन, नियन्त्रण, अनुगमन तथा सुपरिवेक्षण कार्यमा सहजीकरण गर्ने।<br>• खोज तथा उद्धारको लागि र्‍याफ्ट बोट, डुङ्गा तथा गोताखोर टोली उपलब्ध गराउने। |
| यातायात तथा पारवहन | • पूर्वसूचनाको पूर्ण पालना गर्ने गराउने।<br>• चालक, सहचालक मार्फत यात्रुहरूलाई सम्बन्धित क्षेत्रको मौसम पूर्वानुमान, विपद् जोखिमको अवस्था र अपनाउनु पर्ने सावधानीको बारेमा जानकारी गराउने। |
| विकास साझेदार/गैरसरकारी संघसंस्था | • नेपाल रेडक्रस सोसाइटी लगायत अन्य गैर सरकारी तथा मानवीय सहायतामा सक्रिय निकायहरूले आ-आफ्नो क्षेत्र र क्षमताको आधारमा यस कार्ययोजना अनुसार मनुसनजन्य विपद् पूर्वतयारी र प्रतिकार्यमा सहयोग पुर्‍याउने।<br>• स्टार्ट नेटवर्क अन्तर्गत स्टार्ट फन्ड मार्फत बाढीको जोखिमको पूर्वानुमानमा आधारित पूर्वतयारी तथा प्रतिकार्य गर्न लगभग रु. २ करोड ५० लाख विनियोजन गरेको हुँदा उक्त रकम राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणसँगको समन्वयमा परिचालन गर्ने। |
| सञ्चार क्षेत्र | • यस कार्ययोजना अनुसार मनसुनजन्य विपद् पूर्वतयारी तथा प्रतिकार्यको लागि जनचेतना अभिवृद्धि, पूर्वसूचना तथा चेतावनी सम्प्रेषण र विपद्को समयमा यथार्थ र तथ्यपरक सूचना प्रवाह गर्ने। |

# खण्ड तीन : विषयगत क्षेत्र तथा सम्बन्धित निकायको मनसुन पूर्वतयारी र प्रतिकार्य कार्ययोजना

## ११. राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले निर्दिष्ट गरे बमोजिम मनसुनजन्य विपद्को जोखिम न्यूनीकरण, पूर्वतयारी तथा प्रतिकार्यलाई समन्वयात्मक र प्रभावकारी बनाउनको लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको कार्ययोजना निम्न अनुसार रहेको छ।

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| पूर्वतयारी क्रियाकलापहरू | | | | |
| १ | कार्यकारी समितिमा मनसुनजन्य विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माणको लागि एजेण्डा प्रस्तुत गर्ने। | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | गृह मन्त्रालय | २०८१ चैत्र |
| २ | विपद् पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय योजना तयारीको लागि प्राविधिक टोलीको गठन गरी चरणबद्ध रूपमा छलफल तथा कार्यशाला गोष्ठीहरू सञ्चालन गर्ने। | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | सबै सरोकारवाला निकाय | २०८१ चैत्र देखि २०८२ वैशाखसम्म |
| ३ | जल तथा मौसम विज्ञान विभागसँगको सहकार्यमा मनसुनी वर्षा र त्यसले पार्नसक्ने प्रभावबारे पूर्वानुमान गर्ने। | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | जल तथा मौसम विज्ञान विभाग | २०८२ वैशाख/जेठ |
| ४ | मनसुनको पूर्वानुमान, विषयगत क्षेत्र, सरकारी तथा गैह्र सरकारी निकाय तथा सुरक्षा निकाय तथा विज्ञहरूको सहयोग र सहकार्यमा राष्ट्रिय मनसुनजन्य विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना निर्माण गरी कार्यकारी समितिबाट अनुमोदन गराई कार्यान्वयनमा ल्याउने। | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण/प्रदेश सरकार/स्थानीय तह | सबै सरोकारवाला निकाय | २०८२ वैशाख/जेठ |
| ५ | कार्ययोजनाले निर्दिष्ट गरे बमोजिम सम्बन्धित निकायहरूको पूर्वतयारीका कार्यहरूमा समन्वय, सहजीकरण तथा नेतृत्वदायी भूमिका निर्वाह गर्ने। | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण/प्रदेश सरकार/स्थानीय तह | सबै सरोकारवाला निकाय | २०८२ जेठ |
| ६ | कार्ययोजनाले निर्दिष्ट गरे बमोजिम जिम्मेवार निकायहरूले पूर्वतयारी गरे नगरेको यकिन गर्ने। | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण/प्रदेश सरकार/स्थानीय तह | सबै सरोकारवाला निकाय | २०८२ जेठ |
| प्रतिकार्य क्रियाकलापहरू | | | | |

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| १ | राष्ट्रिय, प्रदेश, जिल्ला, स्थानीय एव् विषय क्षेत्रगत आपत्कालीन कार्यसञ्चालन केन्द्रहरूसँग समन्वय कायम गरी मनसुनजन्य विपद् पूर्वतयारी तथा प्रतिकार्यलाई प्रभावकारी बनाउने। | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण/प्रदेश सरकार/स्थानीय तह | केन्द्रीय आपत्कालीन कार्यसञ्चालन केन्द्र/जिल्ला प्रशासन कार्यालय/सुरक्षा निकाय/विषय क्षेत्रगत निकाय | निरन्तर |
| २ | आपत्कालीन गोदामघरहरू तयारी अवस्थामा राखी खोज, उद्धार तथा राहतको बेला राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा अनुसार तुरुन्त प्रतिकार्य गर्ने प्रबन्ध मिलाउने। | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण/प्रदेश सरकार/गोदामघरसँग सम्बन्धित विषयगत निकाय | सुरक्षा निकाय/सबै सरोकारवाला निकाय | निरन्तर |
| ३ | राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा अनुसार मनसुन प्रतिकार्य केन्द्रीय कमाण्ड पोष्ट स्थापना गर्ने। मनसुनको अवस्था र त्यसले निम्त्याउने विपद्को लगातार निगरानी गर्ने। | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण/गृह मन्त्रालय | सबै सरोकारवाला निकाय | मनसुनको सुरुवातसँगै |
| ४ | कमाण्ड पोष्ट मार्फत विपद्को अवस्थामा खोज, उद्धार तथा राहत व्यवस्थापनको नेतृत्व गर्ने र साधन स्रोत परिचालनमा सहजीकरण गर्ने। | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | सबै सरोकारवाला निकाय | मनसुन अवधिभर |
| ५ | कार्यकारी समिति र तालुक मन्त्रालयलाई मनसुन र मनसुनजन्य विपद्बारे नियमित जानकारी तथा रिपोर्टिङ गर्ने र आवश्यकता अनुसार सल्लाह र सुझाव दिने। | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | गृह मन्त्रालय | नियमित रुपमा |
| ६ | खोज, उद्धार तथा राहत व्यवस्थापनमा सरकारी, गैरसरकारी निकाय, सुरक्षा निकाय, संयुक्त राष्ट्रसंघीय निकाय, मानवीय क्षेत्रमा क्रियाशील संघसस्था, दातृ निकाय, निजी क्षेत्र आदिसँग समन्वय र सहकार्य गर्ने। | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण/गृह मन्त्रालय | सबै सरोकारवाला निकाय | मनसुनजन्य विपद्को अवधिभर |
| ७ | जल तथा मौसम विज्ञान विभागसँगको सहकार्यमा मनसुन र त्यसले पार्नसक्ने प्रभावबारे लगातार पूर्वानुमान बुलेटिन जारी गरी सबैलाई सचेत तुल्याउने। | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | जल तथा मौसम विज्ञान विभाग | मनसुन अवधिभर |

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| ८ | सञ्चार माध्यमहरू मार्फत मनसुनजन्य विपद् र त्यसले पुर्‍याउने क्षतिबारे सचेतनामूलक जानकारी प्रचारप्रसार एवं प्रसारण गर्ने व्यवस्था मिलाउने। | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | संचार तथा सूचना प्रविधि मन्त्रालय, सञ्चारका माध्यम तथा अन्य सरोकारवाला निकाय | मनसुन अवधिभर |
| ९ | मनसुन सुरु भए पश्चात् ३० दिन, ६० दिन, ९० दिन र मनसुन बहिर्गमन पश्चात् मनसुनजन्य विपद्को पूर्वतयारी र प्रतिकार्यको समग्र अवस्थाबारे समीक्षा र लेखाजोखा गर्ने। | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण/मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना निर्माण कार्यदल | विज्ञ समूह तथा दातृ निकाय | मनसुन सुरु भएको दिनदेखि लागू हुनेगरी ३० दिन, ६० दिन, ९० दिन र मनसुन बहिर्गमन पश्चात् |

## १२. विषयगत क्षेत्रको पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना

### १२.१ बन्दोबस्ती विषयगत क्षेत्र (Logistics Cluster) (नेतृत्व गृह मन्त्रालय तथा सह-नेतृत्व WFP)

गृह मन्त्रालयले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण लगायत सम्बन्धित निकायको सहकार्यमा मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा, अद्यावधिक, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन गर्ने कार्य गर्दछ। मन्त्रालयले बन्दोबस्ती विषयगत क्षेत्रको समेत नेतृत्व गर्दछ र सह-नेतृत्व विश्व खाद्य कार्यक्रम (World Food Program) ले गर्दछ।

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| पूर्वतयारी तथा प्रतिकार्य क्रियाकलापहरू | | | | |
| १ | विपद् प्रतिकार्य (Search & Rescue) तथा राहत सामग्रीहरूको मौज्दात अद्यावधिक गर्ने। | गृह मन्त्रालय, NDRRMA, प्रदेश सरकार र स्थानीय तह | विश्व खाद्य कार्यक्रम र साझेदार निकाय | २०८२ जेठ १५ गतेभित्र |
| २ | विपद् प्रतिकार्य तथा राहत सामग्रीहरूको पर्याप्त मौज्दात सुनिश्चित गर्न आवश्यकता अनुसार विकास साझेदार,गैर सरकारी संघसंस्था एवं निजी क्षेत्रसँग समन्वय गर्ने। | गृह मन्त्रालय, NDRRMA, प्रदेश सरकार र स्थानीय तह | विश्व खाद्य कार्यक्रम, गैर सरकारी संस्थाहरू तथा निजी क्षेत्र | २०८२ जेठ मसान्तभित्र |
| ३ | विपद् प्रतिकार्य तथा राहत सामग्रीहरूलाई सम्भावित आवश्यकताका स्थानहरू (Strategic Location) मा भण्डारण गर्ने। | गृह मन्त्रालय, NDRRMA, प्रदेश सरकार र | विश्व खाद्य कार्यक्रम | २०८२ जेठ मसान्तभित्र |

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| | | स्थानीय तह | | |
| ४ | बन्दोबस्ती सामग्रीहरूको भन्सार जाँचपास प्रक्रिया (Custom Cleareance) मा सहजीकरण गर्ने। | गृह मन्त्रालय | अर्थ मन्त्रालय | निरन्तर |
| ५ | विपद्को समयमा प्रतिकार्य तथा राहत सामग्रीहरूको सहज ढुवानी सुनिश्चित गर्ने। | गृह मन्त्रालय, NDRRMA, प्रदेश सरकार, स्थानीय तह, जिल्ला प्रशासन कार्यालयहरू | सडक विभाग, विश्व खाद्य कार्यक्रम, नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ तथा वायुसेवा प्रदायकहरू | निरन्तर |
| ६ | प्रादेशिक तथा जिल्लास्थित गोदामघरहरूको (HSA) प्रभावकारी संचालन तथा व्यवस्थापनको लागि जनशक्तिको क्षमता अभिवृद्धि गर्ने। | गृह मन्त्रालय | विश्व खाद्य कार्यक्रम, प्रदेश सरकार तथा जिल्ला प्रशासन कार्यालयहरू | २०८२ जेठ मसान्तभित्र |
| ७ | विपद् प्रभावित क्षेत्रमा मानवीय सहायता (Humanitarian Assitance) उपलब्ध गराउन समस्याको पहिचान तथा वैकल्पिक मार्गहरूको नक्साङ्कन (Access Constraint Map) गर्ने। | गृह मन्त्रालय | सडक विभाग, नेपाल प्रहरी तथा जिल्ला प्रशासन कार्यालयहरू | निरन्तर |
| ८ | विपद् प्रतिकार्यका लागि हेलिकप्टर तयारी अवस्थामा राख्ने। | गृह मन्त्रालय तथा नेपाली सेना | NDRRMA तथा हवाई सेवा प्रदायकहरू | मनसुन अवधिभर |
| ९ | आवश्यकता अनुसार बन्दोबस्ती विषयगत क्षेत्र (Logistic Cluster) को बैठक संचालन गर्ने। | गृह मन्त्रालय | विश्व खाद्य कार्यक्रम | निरन्तर |
| १० | राष्ट्रिय, प्रदेश, जिल्ला तथा स्थानीय तहमा बन्दोबस्ती सामग्रीहरूको आवश्यक व्यवस्थापनका लागि समन्वय र सूचना प्रवाहमा सहयोग गर्ने। | गृह मन्त्रालय, NDRRMA, प्रदेश सरकार,स्थानीय तह तथा जिल्ला प्रशासन कार्यालयहरू | विश्व खाद्य कार्यक्रम | निरन्तर |
| ११ | बन्दोबस्ती सामग्रीहरूको संकलन, भण्डारण र परिचालन सम्बन्धी विद्युतीय अभिलेखलाई (MIS) अद्यावधिक गर्ने। | गृह मन्त्रालय, NDRRMA, प्रदेश सरकार, स्थानीय तह, जिल्ला प्रशासन कार्यालयहरू | विश्व खाद्य कार्यक्रम | निरन्तर |

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| १२ | बाढीको जोखिममा रहेका जिल्लामा पूर्व भण्डारण गरिएका इन्फ्लेटेबल र आल्मुनियम डुङ्गा (आउटबोर्ड इन्जिनसहित) को संचालन अवस्था सुनिश्चित गर्ने। | गृह मन्त्रालय | सुरक्षा निकायहरू | निरन्तर |
| १३ | विषयगत समूह सदस्यहरूबाट प्राप्त प्रतिकार्य तथा राहत सामग्रीहरूको सूची प्रकाशित गर्ने। | गृह मन्त्रालय | NDRRMA, प्रदेश सरकारहरू, विश्व खाद्य कार्यक्रम | निरन्तर |

## १२.२ शीघ्र पुनर्लाभ विषयगत क्षेत्र (Early Recovery Cluster) (नेतृत्व संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा सह-नेतृत्व UNDP)

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले शीघ्र पुनर्लाभ (Early Recovery) विषयगत क्षेत्रको नेतृत्व गर्दछ र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) यस क्षेत्रको सहयोगी निकायको भूमिकामा रहेको छ।

| क्र.स. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| १ | मनसुनको समयमा हुनसक्ने सम्भावित जोखिमलाई मध्यनजर गर्दै आवश्यकता अनुरूप Debris Management, Information Management and System Support, Governance Support, Livelihood/Cash for Work and Disaster Risk Reduction/Preparedness का क्षेत्रहरूमा तयारी अवस्थामा रहने। | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | स्थानीय तहहरू, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम, शीघ्र पुनर्लाभ विषयगत क्षेत्रका सदस्यहरु तथा सम्बन्धित स्थानीय तहमा कार्यरत साझेदार निकायहरू | २०८२ असारदेखि कार्तिकसम्म |
| २ | मनसुनजन्य विपद्को जोखिममा भएका गाउँ/नगरपालिकाहरूलाई मनसुन अगावै यस सम्बन्धी पूर्वतयारी तथा जोखिम न्यूनीकरणको सम्बन्धमा अपनाउन सकिने उपायहरूका सम्बन्धमा स्थानीय समुदायमा जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने। | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | स्थानीय तहहरू, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम, शीघ्र पुनर्लाभ विषयगत क्षेत्रका सदस्यहरु, सम्बन्धित स्थानीय तहमा कार्यरत साझेदार निकाय र क्रियाशील सामुदायिक संस्थाहरू तथा नागरिक मञ्च | नियमित रूपमा |
| ३ | विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी तथा प्रतिकार्यको सन्दर्भमा स्थानीय समुदायमा क्रियाशील विकास साझेदार (शीघ्र पुनर्लाभ क्षेत्र: Debris Management, Information Management and System Support, Governance Support, Livelihood/Cash for Work and Disaster Risk | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सबै स्थानीय तहहरू, जल तथा मौसम विज्ञान विभाग, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम, शीघ्र पुनर्लाभ विषयगत क्षेत्रका सदस्यहरु | मनसुन सुरु हुनुपूर्व |

| क्र.स. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| | Reduction/Preparedness) संघसंस्था, गैर सरकारी संघसंस्थाहरूलाई तयारी अवस्थामा रहन तथा सम्बन्धित स्थानीय तहसँग सहकार्यमा आवश्यक क्रियाकलाप अगाडि बढाउन पत्राचार गर्ने। | | र स्थानीय समुदाय | |
| ४ | स्थानीय समुदायमा मानवीय सहायताको क्षेत्रमा क्रियाशील संघसंस्थाहरूलाई तयारी अवस्थामा रहनको लागि शीघ्र पुनर्लाभ क्षेत्र तथा CBDRM Platform मार्फत अनुरोध गर्ने। | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सम्बन्धित स्थानीय समुदाय, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम, शीघ्र पुनर्लाभ विषयगत क्षेत्रका सदस्यहरु तथा विकास साझेदार संघसंस्थाहरू | मनसुन सुरु हुनुपूर्व |
| ५ | विभिन्न क्षेत्रहरूसँग समन्वय गरी सम्भावित विपद्बाट हुन सक्ने अनुमानित विस्थापितहरूलाई पुग्ने सात दिनसम्मको सरसफाइ, अस्थायी आवास तथा औषधोपचारको प्रबन्ध मिलाउन समन्वय गर्ने। | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | स्थानीय तह, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम, शीघ्र पुनर्लाभ विषयगत क्षेत्रका सदस्यहरु, विकास साझेदार संघसंस्थाहरू र सम्बन्धित स्थानीय समुदाय | २०८२ असारदेखि कार्तिकसम्म |
| ६ | विपद्को कारणबाट रोजगारी गुमाएका विपन्न तथा संकटासन्न परिवार तथा नागरिकका लागि शीघ्र पुनर्लाभ क्षेत्र मार्फत समन्वय गरी नगद वा खाद्यका लागि नगद कार्यक्रम सञ्चालनमा समन्वय गर्ने। | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | स्थानीय तह, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम, शीघ्र पुनर्लाभ विषयगत क्षेत्रका सदस्यहरु तथा विकास साझेदार संस्थाहरू | २०८२ असारदेखि कार्तिकसम्म |
| ७ | गर्मीयामसँगै सर्पदंशका घटनाहरू बढ्ने भएकोले सचेतनाको कार्यक्रम, प्रचारप्रसार र सतर्कताका कार्यहरू सञ्चालन गर्ने। | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सम्बन्धित स्थानीय तह तथा स्थानीय कार्यरत साझेदार निकाय, नागरिक मञ्चमा क्रियाशील सामुदायिक संस्थाहरू | नियमित रूपमा |
| ८ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्वीकृत मापदण्ड बमोजिम कीटजन्य रोगको रोकथामका उपायहरू अवलम्बन गर्ने। | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सम्बन्धित स्थानीय तह तथा स्थानीयतहमा कार्यरत साझेदार निकाय, नागरिक मञ्चमा क्रियाशील सामुदायिक संस्थाहरू | नियमित रूपमा |
| ९ | स्थानीयस्तरमा सम्भावित विपद्को घटनाहरूको पूर्वानुमान गरी आवश्यकता अनुसार रोकथाम, पूर्वतयारी, प्रतिकार्य गर्ने साथै सोसँग सम्बन्धित सचेतनाको | संघीय मामिला तथा सामान्य प्रशासन | सम्बन्धित स्थानीय तह तथा स्थानीय तहमा कार्यरत साझेदार निकाय, नागरिक | २०८२ असारदेखि कार्तिकसम्म |

| क्र.स. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| | कार्यक्रम प्रचार प्रसार र सतर्कताका कार्यहरू सञ्चालन गर्न स्थानीय तहहरूलाई अनुरोध गर्ने। | मन्त्रालय | मञ्चमा क्रियाशील सामुदायिक संस्थाहरू | |

## १२.३ स्वास्थ्य विषयगत क्षेत्र तथा पोषण विषयगत क्षेत्र (Health Cluster and Nutrition Cluster) (नेतृत्व स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयल तथा सह-नेतृत्व WHO र UNICEF)

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले स्वास्थ्य र पोषण गरी दुई विषयगत क्षेत्रहरूको नेतृत्व गर्दछ भने विश्व स्वास्थ्य संगठन (WHO) र संयुक्त राष्ट्रसंघीय अन्तर्राष्ट्रिय बाल आपत्कालीन कोष (UNICEF) ले यस विषयगत क्षेत्रहरूको सह-नेतृत्व गर्दछन्। विशेषगरी पोषण विषयगत क्षेत्रको नेतृत्व पोषण शाखा, परिवार स्वास्थ्य महाशाखा, स्वास्थ्य सेवा विभाग, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले गर्दछ र यसको सह-नेतृत्व संयुक्त राष्ट्रसंघीय बालकोष (UNICEF) ले गर्दछ। यस स्वास्थ्य र पोषण विषयगत क्षेत्रहरूको मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना निम्नानुसार रहेको छ।

| क्र.स. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | कैफियत |
|---|---|---|---|---|---|
| | **स्वास्थ्य विषयगत क्षेत्र अन्तर्गत पूर्वतयारीको क्रियाकलापहरू** | | | | |
| १ | विपद्को समयमा प्रतिकार्य गर्नका लागि क्षमता अभिवृद्धि कार्यक्रमहरू सञ्चालन गर्ने (तालिम, अभिमुखीकरण, घटना परिदृश्य अभ्यास आदि)। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (स्वास्थ्य आपत्कालीन तथा विपद् व्यवस्थापन इकाई), राष्ट्रिय तथा प्रादेशिक स्वास्थ्य तालिम केन्द्र | विभागहरू, केन्द्र तथा प्रतिष्ठानहरू केन्द्रीयस्तरका अस्पतालहरू, प्रादेशिक तथा स्थानीय मातहतका स्वास्थ्य संस्थाहरू (हब तथा स्याटेलाइट अस्पतालहरू), विश्व स्वास्थ्य संगठन (WHO) र स्वास्थ्य विषयगत क्षेत्रका सदस्यहरू | नियमित | |
| २ | स्वास्थ्य क्लस्टर साझेदार संस्थाहरूको म्यापिङको अद्यावधिक गर्ने (सम्पर्क सूची, उपलब्ध पूर्व निर्धारित स्टक, रसिद र स्वास्थ्य मानव संसाधन)। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | विश्व स्वास्थ्य संगठन (WHO) र स्वास्थ्य विषयगत क्षेत्रका सदस्यहरू | मनसुन सुरु हुनुपूर्व | |

| क्र.स. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | कैफियत |
|---|---|---|---|---|---|
| ३ | विपद् व्यवस्थापन सम्बन्धी स्वास्थ्य जनशक्ति परिचालनका लागि रोस्टर व्यवस्थापन गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/कर्मचारी प्रशासन महाशाखा, स्वास्थ्य सेवा विभाग, स्वास्थ्य सम्बन्धित प्रदेश मन्त्रालय र स्थानीय तहहरु | प्रादेशिक स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्रहरू, हब अस्पतालहरू सरकारी तथा निजी अस्पतालहरू चिकित्सक/स्वास्थ्यकर्मीहरू | मनसुन सुरु हुनुपूर्व | |
| ४ | हब तथा स्याटेलाइट अस्पतालहरूको स्रोत म्यापिङ अद्यावधिक गर्ने। | स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्रहरू | केन्द्रीय, प्रादेशिक र हब अस्पतालहरु, निजी अस्पतालहरू, अन्य संघसंस्थाहरू | मनसुन सुरु हुनुपूर्व | |
| ५ | रोग संक्रमण निगरानी तथा महामारी प्रकोप फैलन सक्ने क्षेत्रको पहिचान गर्ने र जोखिमको आधारमा प्राथमिकीकरण गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, प्रदेश तहका मन्त्रालय, मातहतका निकाय र स्थानीय तह | व्यवस्थापन महाशाखा स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्रहरू, हब अस्पतालहरू, स्थानीय स्वास्थ्य संस्थाहरू, खानेपानी तथा सरसफाइ मन्त्रालय, विश्व स्वास्थ्य संगठन (WHO) र स्वास्थ्य विषयगत क्षेत्रका सदस्यहरू | निरन्तर | |
| ६ | एम्बुलेन्ससँग सम्बन्धित कर्मचारी (चालक, आकस्मिक चिकित्सकीय प्राविधिक, प्रेषक), द्रुत प्रतिकार्य टोली र आकस्मिक चिकित्सकीय टोलीको क्षमता अभिवृद्धि गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (स्वास्थ्य आपत्कालीन तथा विपद् व्यवस्थापन इकाई/स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्र/स्वास्थ्य सेवा विभाग, राष्ट्रिय तथा प्रादेशिक स्वास्थ्य तालिम केन्द्र | प्रादेशिक स्वास्थ्य तालिम केन्द्रहरू, विश्व स्वास्थ्य संगठन (WHO) र स्वास्थ्य विषयगत क्षेत्रका सदस्यहरू | निरन्तर | |

| क्र.स. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | कैफियत |
|---|---|---|---|---|---|
| ७ | रणनीतिक स्थानहरूमा आकस्मिक औषधि तथा औषधिजन्य सामग्रीहरूको भण्डारण गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (स्वास्थ्य आपत्कालीन तथा विपद् व्यवस्थापन इकाई/स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्र), स्वास्थ्य सेवा विभाग, प्रदेश तहका मन्त्रालय र मातहतका निकाय र स्थानीय तह | प्रादेशिक स्वास्थ्य निर्देशनालयहरू, प्रादेशिक स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रहरू, विश्व स्वास्थ्य (WHO) नेपाल र स्वास्थ्य विषयगत क्षेत्रका सदस्यहरू | मनसुन सुरु हुनुपूर्व | |
| ८ | विपद्का बेला हुन सक्ने स्वास्थ्य जोखिम कम गर्न गरिने सूचना, शिक्षा तथा सञ्चार सामग्री तयारी अवस्थामा राख्ने। | राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्र, प्रादेशिक स्वास्थ्य निर्देशनालयहरू | विश्व स्वास्थ्य संगठन (WHO) र स्वास्थ्य विषयगत क्षेत्रका सदस्यहरू | मनसुन सुरु हुनुपूर्व | |
| ९ | आपत्कालीन अवस्थामा जरुरी पर्ने आवश्यक आर्थिक स्रोत साधनको व्यवस्था गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सम्बन्धित प्रदेश मन्त्रालय र स्थानीय तह | प्रादेशिक स्वास्थ्य निर्देशनालयहरू, विश्व स्वास्थ्य संगठन (WHO) र स्वास्थ्य विषयगत क्षेत्रका सदस्यहरू | मनसुन सुरु हुनुपूर्व | |
| १० | प्रजनन स्वास्थ्य विषयगत क्षेत्र (RH sub-cluster) को बैठकमा भइरहेका र गर्नुपर्ने क्रियाकलापहरूबारे छलफल तथा अद्यावधिक गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, परिवार कल्याण महाशाखा | संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष (UNFPA) | नियमित रूपमा | विषयगत क्षेत्रका संघसंस्थाहरू सहित |
| ११ | प्रजनन स्वास्थ्य विषयगत क्षेत्र (RH sub-cluster) मार्फत यौन तथा प्रजनन स्वास्थ्य सेवाका लागि न्यूनतम प्रारम्भिक सेवा (Minimum Initial Service Package-MISP) सम्बन्धी क्षमता अभिवृद्धि गरी रोस्टर अद्यावधिक गर्ने। | परिवार कल्याण महाशाखा, राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र | संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष (UNFPA) | २०८२ जेष्ठ | राष्ट्रिय तथा प्रदेश स्वास्थ्य तालिम केन्द्रको नेतृत्वमा तालिम सञ्चालन गर्ने |

| क्र.स. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | कैफियत |
|---|---|---|---|---|---|
| १२ | लैंगिक हिंसाको स्वास्थ्य प्रतिकार्य तथा विपद्को अवस्थामा यौन तथा प्रजनन स्वास्थ्यको जोखिम कम गर्न आवश्यक सूचना, शिक्षा तथा सञ्चार सामग्री तयारी अवस्थामा राख्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, परिवार कल्याण महाशाखा | संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष (UNFPA), नेपाल रेडक्रस सोसाइटी (NRCS) | २०८२ आषाढ | राष्ट्रिय सूचना तथा सञ्चार केन्द्रसँगको समन्वयमा सामग्री तयार गर्ने |
| १३ | विपद् प्रभावितहरूमा हुन सक्ने मनोसामाजिक समस्याको पहिचान तथा निराकरणको लागि समयमा समुदायमा आधारित मनोसामाजिक परामर्शदाता मार्फत तालिम गर्ने। | इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, राष्ट्रिय स्वास्थ तालिम केन्द्र तथा सामाजिक सुरक्षा महाशाखा, राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्र, मानसिक अस्पताल, नगरपालिकाहरू | विश्व स्वास्थ्य संगठन (WHO) र मानसिक स्वास्थ्य विषयगत क्षेत्रका सदस्यहरू | | |
| १४ | आत्महत्या रोकथाम गर्न हेल्पलाईन ११६६ सञ्चालन गर्ने। | मानसिक अस्पताल | विश्व स्वास्थ्य संगठन (WHO) र मानसिक स्वास्थ्य विषयगत क्षेत्रका सदस्यहरू | | |
| **पोषण विषयगत क्षेत्र अन्तर्गत पूर्वतयारीको क्रियाकलापहरू** | | | | | |
| १ | संघीय तथा प्रादेशिक तहका पोषण क्लस्टरको क्षमता पुनरावलोकन तथा विकास गर्ने। | स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखा, पोषण शाखा, स्वास्थ्य/सामाजिक विकास मन्त्रालय, प्रदेश स्वास्थ्य, निर्देशनालयहरु र स्वास्थ्य कार्यालयहरु | पोषण लस्टरका सदस्यहरु | २०८२ जेष्ठ मसान्तभित्र | |

| क्र.स. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | कैफियत |
|---|---|---|---|---|---|
| २ | पोषण क्लस्टरको बैठक बसी मनसुनको कारणले हुने आपत्कालीन अवस्थाको न्यूनीकरणको लागि कार्ययोजना तयार गर्ने। | स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखा, पोषण शाखा, स्वास्थ्य/सामाजिक विकास मन्त्रालय, प्रदेश स्वास्थ्य निर्देशनालयहरु र स्वास्थ्य कार्यालयहरु | पोषण क्लस्टरका सदस्यहरु र युनिसेफ | २०८२ जेष्ठ मसान्तभित्र | |
| ३ | कुपोषण व्यवस्थापन सम्बन्धी सामग्री समयमै खरिद गरी रणनैतिक स्थानहरु (सातवटै प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रहरु) मा मौज्दात राख्ने (ready to use therapeutic, Multiple micronutrient powder, Vitamin A, iron and folic acid tablets, anthropometric equipment including MUAC) । | स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखा, पोषण शाखा, स्वास्थ्य/सामाजिक विकस मन्त्रालय, प्रदेश स्वास्थ्य निर्देशनालयहरु र स्वास्थ्य कार्यालयहरु र प्रदेश आपूर्ति व्यवस्थापन केन्द्रहरु | पोषण क्लस्टरका सदस्यहरु र युनिसेफ | आवश्यकता अनुसार | केन्द्रीय तथा प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रमा व्यवस्थापन गरिएको |
| ४ | आपत्कालीन अवस्थामा पोषण सामाग्रीहरुको समयमानै ढुवानी गर्ने व्यवस्था मिलाउने। | स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखा, स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रहरु र स्वास्थ्य कार्यालयहरु | आपूर्ति व्यवस्थापन क्लस्टर पोषण क्लस्टरका सदस्यहरु, युनिसेफ तथा विश्व खाद्य कार्यक्रम | २०८२ जेष्ठ मसान्तभित्र | |
| ५ | पोषण क्षेत्रको सूचना प्रणालीलाई अद्यावधिक गर्ने (4W नक्साङ्कनसहित) | स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखा, परिवार कल्याण महाशाखा, पोषणशाखा, स्वास्थ्य/सामाजिक विकास | विश्व खाद्य कार्यक्रम/पोषण क्लस्टरका सदस्यहरु, युनिसेफ र विश्व खाद्य कार्यक्रम | २०८२ जेष्ठ मसान्तभित्र | |

| क्र.स. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | कैफियत |
|---|---|---|---|---|---|
| | | मन्त्रालय, प्रदेश स्वास्थ्य निर्देशनालयहरु, स्वास्थ्य कार्यालयहरु र प्रदेश आपूर्ति व्यवस्थापन केन्द्रहरु, पोषण शाखा, | | | |
| ६ | मनसुनको कारणले आपत्कालीन अवस्था सृजना भएमा अत्यावश्यक स्वास्थ्य सेवा अवरुद्ध नहुने गरी जनशक्ति तथा आर्थिक सेवा अवरुद्ध नहुने गरी जनशक्ति तथा आर्थिक श्रोत लगायत अन्य आवश्यक व्यवस्थापन गर्न सहजीकरण गर्ने। | स्वास्थ्य मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखा, स्वास्थ्य/सामाजिक विकास मन्त्रालय, प्रदेश स्वास्थ्य निर्देशनालयहरु, स्वास्थ्य कार्यालयहरु | पोषण क्लस्टरका सदस्यहरु, युनिसेफ र विश्व खाद्य कार्यक्रम | २०८२ जेष्ठ मसान्तभित्र | |
| ७ | आपत्कालीन अवस्थामा अन्तर विषयगत क्षेत्रहरुसँग समन्वय र सहकार्य गर्ने। | स्वास्थ्य सेवा विभाग, पोषण शाखा स्वास्थ्य/सामाजिक विकास मन्त्रालय, प्रदेश स्वास्थ्य निर्देशनालयहरु, स्वास्थ्य कार्यालयहरु | पोषण क्लस्टरका सदस्यहरु, युनिसेफ र विश्व खाद्य कार्यक्रम | २०८२ जेष्ठ मसान्तभित्र | |
| **स्वास्थ्य विषयगत क्षेत्र अन्तर्गत प्रतिकार्यको क्रियाकलापहरू** | | | | | |
| १ | विपद्को असरका आधारमा संघीय तथा प्रादेशिक तहका स्वास्थ्य विषयगत क्षेत्र सक्रिय बनाउने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय तथा प्रदेश स्वास्थ्य निर्देशनालय | स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्र | २०८२ जेष्ठ १८ – असोज १३ | |
| २ | विपद् पश्चात् स्वास्थ्य क्षेत्रको द्रुत लेखाजोखा गर्ने व्यवस्था मिलाउने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्र | प्रदेश स्वास्थ्य निर्देशनालय स्वास्थ्य विषयगत क्षेत्रका सदस्य संस्था | २०८२ जेष्ठ १८ – असोज १३ | |

| क्र.स. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | कैफियत |
|---|---|---|---|---|---|
| ३ | सञ्चार माध्यमहरू तथा सामाजिक सञ्जाल मार्फत सन्देशमूलक सूचना प्रवाह गरी जनचेतना अभिवृद्धि गर्ने। | राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्र, स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्र, प्रादेशिक स्वास्थ्य निर्देशनालय | विश्व स्वास्थ्य संगठन (WHO) स्वास्थ्य विषयगत क्षेत्रका सदस्य संस्था | २०८२ जेष्ठ १८ – असोज १३ | |
| ४ | प्रभावित स्थानमा द्रुत प्रतिकार्य टोली परिचालन गर्ने। | स्वास्थ्य सेवा विभाग, प्रदेश मातहतका निकाय र स्थानीय तह | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र स्थानीय तह, स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्र, WHO र स्वास्थ्य विषयगत क्षेत्रका सदस्य | निरन्तर | |
| ५ | प्रभावित स्थानमा आकस्मिक चिकित्सकीय टोली परिचालन गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (स्वास्थ्य आपत्कालीन तथा विपद् व्यवस्थापन इकाई/स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्र) | प्रादेशिक स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्रहरू, WHO र स्वास्थ्य विषयगत क्षेत्रका सदस्यहरू | निरन्तर | |
| ६ | प्रभावित स्थानमा हैजा किटहरू, एल.एल.आइ.एन र खोपहरूसहित आवश्यक औषधि तथा औषधिजन्य सामग्रीहरू व्यवस्था गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (स्वास्थ्य आपत्कालीन इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा तथा विपद् व्यवस्थापन इकाई/स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्र), स्वास्थ्य सेवा विभाग, प्रदेश तहका मन्त्रालय र मातहतका निकाय र स्थानीय तहका पालिका | प्रादेशिक स्वास्थ्य निर्देशनालय, प्रादेशिक स्वास्थ्य आपूर्ति केन्द्र, (WHO) र स्वास्थ्य विषयगत क्षेत्रका सदस्य | निरन्तर | |
| ७ | प्रभावित स्थानमा एम्बुलेन्स परिचालन गरी अस्पताल पूर्वसेवा प्रदान गर्ने। | स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्रहरू र | जिल्ला प्रशासन कार्यालय, केन्द्रीय, प्रादेशिक र हब | निरन्तर | |

| क्र.स. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | कैफियत |
|---|---|---|---|---|---|
| | | प्रेषण केन्द्रहरू | अस्पतालहरू, निजी अस्पतालहरू, अन्य संघसंस्था | | |
| ८ | बिरामी तथा घाइतेहरूको स्वास्थ्य उपचार व्यवस्थापन गर्ने। | सरकारी सामुदायिक र निजी अस्पतालहरू तथा अन्य स्वास्थ्य संस्थाहरू | स्वास्थ्य हेर्ने प्रदेशका मन्त्रालय, स्वास्थ्य सेवा विभाग, स्वास्थ्य तथा जनसंख्या | निरन्तर | |
| ९ | नमूना परीक्षण गर्ने। | सरकारी, सामुदायिक र निजी अस्पतालहरू तथा अन्य स्वास्थ्य संस्थाहरू | स्वास्थ्य हेर्ने प्रदेशका मन्त्रालय, प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला, राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला | निरन्तर | |
| १० | शव व्यवस्थापन गर्ने। | जिल्ला प्रशासन कार्यालय | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रादेशिक सरकार, स्थानीय सरकार, शव वाहन/संस्थानहरू | निरन्तर | |
| ११ | सम्भावित महामारीको उपचार तथा व्यवस्थापन गर्ने। | सरकारी, सामुदायिक र निजी अस्पतालहरू तथा अन्य स्वास्थ्य संस्थाहरू | स्वास्थ्य हेर्ने प्रदेशका मन्त्रालय, स्वास्थ्य सेवा विभाग, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, WHO र स्वास्थ्य विषयगत क्षेत्रका सदस्य | निरन्तर | |
| १२ | यौन तथा प्रजनन स्वास्थ्य, मानसिक स्वास्थ्य र प्रभावित क्षेत्रमा नसर्ने र सरुवा रोगहरूको हेरचाहको निरन्तरता लगायतका अत्यावश्यक एवं नियमित स्वास्थ्य सेवाहरूको निरन्तरता सुनिश्चित गर्ने। | सरकारी, सामुदायिक र निजी अस्पतालहरू तथा अन्य स्वास्थ्य संस्थाहरू | स्वास्थ्य हेर्ने प्रदेशका मन्त्रालय, स्वास्थ्य सेवा विभाग, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | २०८२ जेष्ठ १८ – असोज १३ | |

| क्र.स. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | कैफियत |
|---|---|---|---|---|---|
| १३ | मनसुन प्रतिकार्यमा भेक्टर नियन्त्रणका कार्यहरू सुनिश्चित गर्ने। | इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, प्रदेश तहका मन्त्रालय, मातहतका निकाय र स्थानीय तह | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र स्थानीय तह, WHO र स्वास्थ्य विषयगत क्षेत्रका सदस्य | २०८२ जेष्ठ १८ – असोज १३ | |
| १४ | विपद् प्रभावित स्थानहरूमा प्रजनन स्वास्थ्य विषयगत क्षेत्र (RH sub-cluster) मार्फत यौन तथा प्रजनन स्वास्थ्य सेवाका लागि न्यूनतम प्रारम्भिक सेवा (MISP) तत्काल प्रारम्भ गर्ने। | परिवार कल्याण महाशाखा, राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र | UNFPA | २०८२ जेष्ठ | राष्ट्रिय तथा प्रदेश स्वास्थ्य तालिम केन्द्रको नेतृत्वमा तालिम सञ्चालन गर्ने। |
| १५ | अत्यावश्यक यौन तथा प्रजनन स्वास्थ्य सेवा सम्बन्धी परामर्श, जानकारी दिने र आकस्मिक प्रसुति सेवाहरू सुचारु गर्न अति विपद् प्रभावित क्षेत्रहरूमा घुम्ती प्रजनन स्वास्थ्य शिविरहरू सञ्चालन गर्ने। | परिवार कल्याण महाशाखा, राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र | UNFPA | २०८2 जेष्ठ | |
| १६ | मानसिक स्वास्थ्य र मनोसामाजिक समर्थन (MHPSS) समन्वय प्लेटफर्म सक्रिय गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा | WHO र स्वास्थ्य विषयगत क्षेत्रका सदस्य | २०८२ जेष्ठ १८ – असोज १३ | |
| १७ | आपत्कालीन अवस्थामा मानसिक स्वास्थ्यको द्रुत स्रोत म्यापिङ गर्ने। | इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा | WHO र स्वास्थ्य विषयगत क्षेत्रका सदस्यहरू | २०८२ जेष्ठ १८ – असोज १३ | |
| १८ | आवश्यकता अनुसार Nutrition, WASH, Protection लगायत अन्य Cluster सँग कार्यगत समन्वय र सहकार्य गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (Health Cluster) | Nutrition, WASH, Protection लगायत अन्य Cluster | निरन्तर | |
| **पोषण विषयगत क्षेत्र अन्तर्गतका प्रतिकार्यको क्रियाकलापहरू** | | | | | |
| १ | संघीय पोषण क्लस्टर तथा प्रादेशिक तहका स्वास्थ्य तथा पोषण क्लस्टरहरुलाई सक्रिय बनाई परिचालन गर्ने। | स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखा, स्वास्थ्य/सामाजिक विकास मन्त्रालय, प्रदेश स्वास्थ्य | पोषण क्लस्टरका सदस्यहरु, युनिसेफ र विश्व खाद्य कार्यक्रम | २०८२ असारदेखि भाद्रसम्म | |

| क्र.स. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | कैफियत |
|---|---|---|---|---|---|
| | | निर्देशनालयहरु, स्वास्थ्य कार्यालयहरु | | | |
| २ | स्थानीय तहमा कार्यान्वयन गरिएका कार्यक्रमलाई व्यवस्थित गरी आपत्कालीन अवस्थामा प्रतिकार्य गर्न सक्षम बनाउने। | संघीय मामिला तथा सामान्य प्रशाशन मन्त्रालय, स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखा, पोषण शाखा, स्वास्थ्य/सामाजिक विकास मन्त्रालय, प्रदेश स्वास्थ्य निर्देशनालयहरु, स्वास्थ्य कार्यालयहरु, स्थानीय तह | पोषण क्लस्टरका सदस्यहरु, युनिसेफ र विश्व खाद्य कार्यक्रम | २०८२ असारदेखि भाद्रसम्म | |
| ३ | विपद्पछि लक्षित उमेर समूहहरुको पोषण अवस्थाको द्रुत लेखाजोखा गर्ने व्यवस्था मिलाउने। | स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखा, पोषण शाखा स्वास्थ्य/सामाजिक विकास मन्त्रालय, प्रदेश स्वास्थ्य निर्देशनालयहरु, स्वास्थ्य कार्यालयहरु, स्थानीय तह | पोषण क्लस्टरका सदस्यहरु, युनिसेफ र विश्व खाद्य कार्यक्रम | २०८२ असारदेखि भाद्रसम्म | |
| ४ | रेडियो, टिभी, अनलाईन, सामाजिक संजाल तथा सञ्चार सामग्रीहरु मार्फत सन्देशमूलक सूचना प्रवाह गरी जनचेतना अभिवृद्धि गर्ने। | राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र, परिवार कल्याण महाशाखा, स्वास्थ्य/सामाजिक विकास मन्त्रालय, स्वास्थ्य कार्यालयहरु, स्थानीय तह | पोषण क्लस्टरका सदस्यहरु, युनिसेफ र विश्व खाद्य कार्यक्रम | २०८२ असारदेखि भाद्रसम्म | |
| ५ | बाढी, पहिरोबाट प्रभावित लक्षित उमेर समूह (किशोरकिशोरी, गर्भवती महिला, सुत्केरी, आमा तथा पाँच वर्ष मुनिका बालबालिकाहरु) को पहिचान गर्ने। | स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखा, पोषण | पोषण क्लस्टरका सदस्यहरु, युनिसेफ र विश्व खाद्य कार्यक्रम | २०८२ असारदेखि भाद्रसम्म | |

| क्र.स. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | कैफियत |
|---|---|---|---|---|---|
| | | शाखा प्रदेश स्वास्थ्य निर्देशनालयहरु, स्थानीय तह | | | |
| ६ | बाढी, पहिरो, डुबान, पानीजन्य रोगको जोखिमयुक्त ठाउँमा आवश्यकता अनुसार पोषण सामग्रीहरुको उचित व्यवस्थापन गरी लक्षित उमेर समूहरुलाई आवश्यक उपचार तथा पोषण सेवा उपलब्ध गराउने। | स्वास्थ्य सेवा बिभाग, परिवार कल्याण महाशाखा, पोषण शाखा, स्वास्थ्य/सामाजिक विकास मन्त्रालय, प्रदेश स्वास्थ्य निर्देशनालयहरु, स्वास्थ्य कार्यालयहरु, स्थानीय तह | पोषण क्लस्टरका सदस्यहरु, युनिसेफ र विश्व खाद्य कार्यक्रम | २०८२ असारदेखि भाद्रसम्म | |
| ७ | जोखिमयुक्त स्थानमा आवश्यक जनशक्तिको व्यवस्थापन तथा परिचालन गर्ने। | स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखा, पोषण शाखा, स्वास्थ्य/सामाजिक विकास मन्त्रालय, प्रदेश स्वास्थ्य निर्देशनालयहरु, स्वास्थ्य कार्यालयहरु, स्थानीय तह | पोषण क्लस्टरका सदस्यहरु, युनिसेफ र विश्व खाद्य कार्यक्रम | २०८२ असारदेखि भाद्रसम्म | |

### १२.४ खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन (WASH Cluster) विषयगत क्षेत्र (नेतृत्व खानेपानी मन्त्रालय तथा सह-नेतृत्व UNICEF)

खानेपानी मन्त्रालयले खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन (WASH) विषयगत क्षेत्रको नेतृत्व गर्दछ र संयुक्त राष्ट्रसंघीय बालकोष (UNICEF) ले यस विषयगत क्षेत्रको सह-नेतृत्व गर्दछ।

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | कैफियत |
|---|---|---|---|---|---|
| पूर्वतयारीका क्रियाकलापहरू | | | | | |
| १ | खानेपानीतथा सरसफाइ विषयगत क्षेत्रको (WASH Cluster) क्षमताको पुनरावलोकन तथा अद्यावधिक (आपूर्ति, मानव संसाधन, कोष, अन्य) गर्ने। | खानेपानी मन्त्रालय तथा युनिसेफ | क्लस्टरका सहयोगी संस्थाहरू | २०८२ वैशाखभित्र | |

| क.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | कैफियत |
|---|---|---|---|---|---|
| २ | प्रादेशिक खानेपानी तथा सरसफाइ क्लस्टरको पूर्वतयारी तथा प्रतिकार्य योजनाको पुनरावलोकन तथा अद्यावधिक गर्ने। | प्रदेशस्तरीय खानेपानी तथा सरसफाइ क्लस्टर/भौतिक पूर्वाधार विकास मन्त्रालय | प्रदेशस्तरीय क्लस्टर/प्रदेशस्तरीय जिल्ला खानेपानी तथा ढल व्यवस्थापन आयोजना कार्यालय र प्रदेशस्तरीय क्लस्टर सदस्य संस्थाहरू | २०८२ जेष्ठभित्र | |
| ३ | आउँदो मनसुनलाई ध्यानमा राख्दै 4W ढाँचाको पुनरावलोकन गर्ने। | खानेपानी मन्त्रालय | विषयगत क्षेत्रका सदस्य संस्थाहरू | २०८२ जेष्ठभित्र | |
| ४ | आपूर्ति तथा सामग्री तथा सेवा उपलब्ध गराउने संस्थाहरूसँग तत्काल साझेदारीका लागि सूची तयार पार्ने। | खानेपानी मन्त्रालय/क्लस्टरका सदस्य संस्थाहरू | विषयगत क्षेत्रका सदस्य संस्थाहरू | | |
| **प्रतिकार्य सम्बन्धी मुख्य क्रियाकलापहरू** | | | | | |
| १ | विपद्को असरका आधारमा क्लस्टर सदस्यहरूको बैठक बसी प्रकोपको प्रभाव र खानेपानी तथा सरसफाइ सम्बन्धी तत्कालका आवश्यकता र क्षमताको मापन गर्ने। | खानेपानी मन्त्रालय | UNICEF | प्रकोप भएको २४ देखि ४८ घण्टाभित्र | |
| २ | प्रकोप प्रभावित प्रदेश तथा पालिकाहरूसँग सम्पर्कमा रही प्रकोपले पुऱ्याएको क्षतिको विवरण र तत्काल प्रतिकार्य सम्बन्धी आवश्यकताको विवरण संकलन गर्ने। | खानेपानी तथा ढल व्यवस्थापनविभाग/संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना/प्रादेशिक खानेपानी तथा सरसफाइ डिभिजनहरू | प्रदेशस्तरीय क्लस्टरका प्रमुख/क्लस्टर सदस्य संस्थाहरू | प्रकोप भएको २४ देखि ४८ घण्टाभित्र | |
| ३ | विपद् प्रभावित क्षेत्रहरूमा सबैका लागि अत्यावश्यक दैनिक उपभोग्य जीवन बचाउने (life-saving) WASH सामग्री उपलब्ध गराउने। | प्रदेशस्तरीय क्लस्टरका प्रमुख/क्लस्टर सदस्य संस्थाहरू | खानेपानी तथा ढल व्यवस्थापन विभाग/संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाहरू/प्रादेशिक खानेपानी तथा | प्रकोप भएको २४ देखि ४८ घण्टाभित्र | |

| क.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | कैफियत |
|---|---|---|---|---|---|
| | | | सरसफाइ डिभिजनहरू र क्लस्टर सदस्य संस्थाहरू | | |
| ४ | प्रारम्भिक द्रुत लेखाजोखा (IRA) को सूचना अपुग भएमा र खानेपानी तथा सरसफाइको क्षेत्रमा धेरै क्षति पुगेको खण्डमा आवश्यकता पहिचान गर्नका लागि क्षति मापन गर्ने टोलीको तयारी तथा परिचालन गर्ने। | खानेपानी मन्त्रालय/खानेपानी तथा ढल व्यवस्थापन विभाग/खानेपानी तथा ढल व्यवस्थापन आयोजना कार्यालय | क्लस्टरका सदस्य संस्थाहरू | ४८ घण्टा देखि १० दिनभित्रमा | |
| ५ | IRA पश्चात् आवश्कतानुसार अन्य विषयगत समुहहरूसँग समन्वय गर्ने। | खानेपानी मन्त्रालय | अन्य सम्बन्धित Cluster Lead निकाय | विपद्को ७२ घण्टाभित्र | |
| ६ | सूचना व्यवस्थापन प्रणाली (4Ws), प्रतिकार्य आवश्यकता र प्रगति प्रतिवेदन व्यवस्थापन सम्बन्धी संयन्त्र तयार गर्ने। | खानेपानी मन्त्रालयसहित प्रदेशको संयोजन गर्ने संस्थाहरू | क्लस्टरका सदस्य संस्थाहरू र UNICEF | ३ दिनदेखि ७ दिनभित्रमा | |
| ७ | IRA को आधारमा प्रतिकार्यको लागि अपुग साधन स्रोतको पहिचान गरी उक्त स्रोत जुटाउनका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायहरूसँग सहयोगको आव्हान गर्ने। | खानेपनी मन्त्रालय | क्लस्टरका सदस्य संस्थाहरू र UNICEF | १ महिनाभित्र | |
| ८ | विपद् प्रतिकार्यको आवश्यकताको आधारमा विषयगत समूहभित्रै Technical Working Groups बनाउने। | खानेपनी मन्त्रालय | क्लस्टरका सदस्य संस्थाहरू र UNICEF | IRA सम्पन्न गरिसकेपछि आवश्यकता अनुसार | |
| ९ | प्रतिकार्यको अवस्था र प्रभावकारिताको मापन गर्न संयुक्त अनुगमन (Joint Monitoring Visits) गर्ने व्यवस्था मिलाउने। | खानेपानी मन्त्रालय र प्रादेशिक क्लस्टर | क्लस्टरका सदस्य संस्थाहरू र UNICEF | प्रतिकार्य र पुनर्स्थापना योजना अनुरूप | |

**१२.५ आपत्कालीन आश्रयस्थल विषयगत क्षेत्र (Emergency Shelter Cluster) र शिविर समन्वय र शिविर व्यवस्थापन विषयगत क्षेत्र (CCCM) (नेतृत्व सहरी विकास मन्त्रालय तथा सह-नेतृत्व IFRC र IOM)**

सहरी विकास मन्त्रालयले आपत्कालीन आश्रयस्थल र शिविर समन्वय र शिविर व्यवस्थापन गरी दुई विषयगत क्षेत्रहरूको नेतृत्व गर्दछ र क्रमशः International Federation of Red Cross and Red Crescent Societies (IFRC) र International Organiziton for Migration (IOM) ले यी विषयगत क्षेत्रहरूको सह-नेतृत्व गर्दछन्।

| क.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | कैफियत |
|---|---|---|---|---|---|
| **आपत्कालीन आश्रयस्थल विषयगत क्षेत्र** | | | | | |
| १ | विपद् प्रभावित क्षेत्रहरूमा आवासको लागि, गैर खाद्य (NFI) र Emergency life saving kits राहत वितरण गर्ने। | सहरी विकास मन्त्रालय/सहरी विकास तथा भवन निर्माण विभाग, Shelter क्लस्टरका सदस्य संस्थाहरू र NRCS-IFRC, Nepal | स्थानीय तहहरू र प्रादेशिक क्लस्टर | निरन्तर | |
| २ | विपद् प्रभावित क्षेत्रहरूमा प्रभावितहरुको आवास सम्बन्धी प्रमुख आवश्यकता, उपलब्ध स्रोत तथा क्षमताको पहिचान तथा अन्तरहरू पहिचान गर्ने। | सहरी विकास तथा भवन निर्माण विभाग/सबै संघीय सहरी विकास तथा भवन निर्माण कार्यालय, संघीय आयोजना कार्यान्वयन इकाई/सघन सहरी तथा भवन निर्माण आयोजना | स्थानीय तहहरू, Shelter Cluster Nepal, प्रदेशस्तरीय आवास विषयगत क्षेत्र नेतृत्वदायी मन्त्रालय तथा सहनेतृत्व सम्पर्क विन्दु (प्रादेशिक क्लस्टर) | निरन्तर | |
| ३ | IRA का आधारमा आवास प्रतिकार्यमा अपुग भएका विषयहरूको पहिचान गरी आवश्यक स्रोतको माग गर्ने, आवश्यक भएका थप स्रोत जुटाउनका निम्ति अन्तर्राष्ट्रिय समुदायको सहयोगका लागि आव्हान गर्ने। | सहरी विकास तथा भवन निर्माण विभाग/सबै संघीय सहरी विकास तथा भवन निर्माण कार्यालय, संघीय आयोजना कार्यान्वयन इकाई/सघन सहरी तथा भवन निर्माण आयोजना, NDRRMA | Shelter Cluster Nepal, IFRC/NRCS | निरन्तर | |
| ४ | आवास क्षेत्रमा पुगेको क्षति र आवश्यकताको मापनका लागि क्लस्टर सम्बन्धित विस्तृत मापनको पुनरावलोकन (Cluster Specific detail Assessment- CSDA) गर्न पहल गर्ने, सो को लागि मापदण्ड तयार गर्ने। | सहरी विकास तथा भवन निर्माण विभाग/सबै संघीय सहरी विकास तथा भवन निर्माण कार्यालय, संघीय आयोजना कार्यान्वयन इकाई/सघन सहरी तथा भवन निर्माण आयोजना, NDRRMA | स्थानीय तहहरू, Shelter Cluster Nepal, IFRC/NRCS | निरन्तर | |
| ५ | आपत्कालीन तथा संक्रमणकालीन आवास समाधानका लागि आवश्यक पहल गर्ने। | सहरी विकास मन्त्रालय/सहरी विकास तथा भवन निर्माण विभाग, NDRRMA र प्रादेशिक क्लस्टर | Shelter क्लस्टरका सदस्य संस्थाहरू | निरन्तर | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | राष्ट्रिय आवास विषयगत क्षेत्र तथा NDRRMA को निर्णय भए वा तोके बमोजिम आवास सहायताका लागि नगद वा भौचर हस्तान्तरण तथा वितरण गर्ने। | सहरी विकास मन्त्रालय/सहरी विकास तथा भवन निर्माण विभाग र प्रादेशिक क्लस्टर, NDRRMA | स्थानीय तहहरू, Shelter क्लस्टरका सदस्य संस्थाहरू र NRCS-IFRC Nepal | निरन्तर | |
| ७ | आपत्कालीन आवास डिजाइन सम्बन्धी जानकारीमूलक पर्चा वितरण तथा आवश्यकता अनुसार प्रकाशन गर्ने। | सहरी विकास तथा भवन निर्माण विभाग/सबै संघीय सहरी विकास तथा भवन निर्माण कार्यालय, संघीय आयोजना कार्यान्वयन इकाई/सघन सहरी तथा भवन निर्माण आयोजना, Shelter क्लस्टरका सदस्य संस्थाहरू र NRCS-IFRC, Nepal | Shelter क्लस्टरका सदस्य संस्थाहरू र NRCS-IFRC Nepal, स्थानीय तहहरू | निरन्तर | |
| ८ | प्रदेशस्तरीय आवास विषयगत क्षेत्र, अन्य विषयगत क्षेत्रहरू तथा सरोकारवाला निकायहरुबीच आवश्यकताको आधारमा पूर्वतयारी तथा प्रतिकार्यका गतिविधिहरू सञ्चालनगर्न निरन्तर समन्वय तथा सहकार्य गर्ने। | सहरी विकास तथा भवन निर्माण विभाग/सबै संघीय सहरी विकास तथा भवन निर्माण कार्यालय, संघीय आयोजना कार्यान्वयन इकाई/सघन सहरी तथा भवन निर्माण आयोजना, NDRRMA | स्थानीय तहहरू, प्रदेशस्तरीय आवास विषयगत क्षेत्र नेतृत्वदायी मन्त्रालय तथा सह नेतृत्व सम्पर्कविन्दु, NRCS-IFRC, Shelter Cluster Nepal | निरन्तर | |
| ९ | प्रतिकार्यको अवस्था र गुणस्तर बुझ्न संयुक्त अनुगमन (Joint Monitoring Visits) गर्ने। | सहरी विकास मन्त्रालय/सहरी विकास तथा भवन निर्माण विभाग, NDRRMA र प्रादेशिक क्लस्टर | स्थानीय तहहरू, Shelter Cluster, क्लस्टरका सदस्य संस्थाहरू, प्रदेशस्तरीय आवास विषयगत क्षेत्र नेतृत्वदायी मन्त्रालय, सह नेतृत्व सम्पर्क विन्दु तथा NRCS-IFRC, Nepal | निरन्तर | |
| १० | सूचना व्यवस्थापन प्रणाली (4W/5Ws), प्रतिकार्य आवश्यकता र प्रगति प्रतिवेदन व्यवस्थापन सम्बन्धी संयन्त्र तयार गर्न पहल गर्ने। | सहरी विकास मन्त्रालय/सहरी विकास तथा भवन निर्माण विभाग, NDRRMA | | निरन्तर | |
| ११ | आवाससँग जोडिएका साझा विषयहरुमा अन्य विषयगत क्षेत्रहरू (जस्तै WASH, Health, Protection, Logistic, CCCM,etc) सँग आवश्यकताको आधारमा समन्वय र सहकार्य गर्ने। | सहरी विकास मन्त्रालय/सहरी विकास तथा भवन निर्माण विभाग | | | |

| शिविर समन्वय र शिविर व्यवस्थापन विषयगत क्षेत्र | | | | | |
|---|---|---|---|---|---|
| **पूर्वतयारी क्रियाकलापहरू** | | | | | |
| १ | खुल्ला ठाउँ, सामुदायिक केन्द्रहरू र उपलब्ध आधारभूत सेवाहरूको नक्साङ्कन गर्ने। | सहरी विकास तथा भवन निर्माण विभाग | IOM लगायत अन्य विषयगत क्षेत्रका संस्था | निरन्तर | |
| **प्रतिकार्य क्रियाकलापहरू** | | | | | |
| १ | विस्थापन नक्साङ्कन र जोखिम मूल्याङ्कन गर्ने। | सहरी विकास तथा भवन निर्माण विभाग | IOM लगायत अन्य विषयगत क्षेत्रका संस्था | निरन्तर | |
| २ | सामूहिक केन्द्रहरू/सुरक्षित स्थलहरू तथा अनौपचारिक आश्रयस्थलहरूमा मर्यादा र गोपनीयता कायम गर्न तथा पानीजन्य र अन्य रोगहरूको जोखिम कम गर्न एवं आश्रयस्थलहरूमा संरक्षण सम्बन्धी जोखिम घटाउन आधारभूत मर्मत संभार कार्यहरू गर्ने। | सहरी विकास तथा भवन निर्माण विभाग | IOM लगायत अन्य विषयगत क्षेत्रका संस्थाहरू | निरन्तर | |
| ३ | विस्थापित परिवारहरूमा संरक्षणसम्बन्धी मुद्दाहरूको बारेमा चेतना अभिवृद्धि गर्ने र सेवा सिफारिस र सेवा जानकारी समावेश गर्ने (केस रेफरल) प्रणाली स्थापना गर्ने। | सहरी विकास तथा भवन निर्माण विभाग | IOM लगायत अन्य विषयगत क्षेत्रका संस्थाहरू | निरन्तर | |
| ४ | फिर्ता जान असमर्थ अति जोखिममा परेका विस्थापित परिवारहरूलाई बहुउद्देश्यीय नगद अनुदान प्रदान गर्ने। | सहरी विकास तथा भवन निर्माण विभाग | IOM लगायत अन्य विषयगत क्षेत्रका संस्थाहरू | निरन्तर | |

## १२.६ खाद्य सुरक्षा विषयगत क्षेत्र (Food Security Cluster) (नेतृत्व कृषि तथा पशुपन्छी विकास मन्त्रालय तथा सह-नेतृत्व WFP तथा FAO)

कृषि तथा पशुपन्छी विकास मन्त्रालयले खाद्य सुरक्षा विषयगत क्षेत्रको **(Food Security Cluster)** नेतृत्व गर्दछ र विश्व खाद्य कार्यक्रम (World Food Program) ले सह नेतृत्व गर्दछ।

| क.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | कैफियत |
|---|---|---|---|---|---|
| **पूर्वतयारीका क्रियाकलापहरू** | | | | | |
| १ | खाद्य सुरक्षा क्लस्टरमा संलग्न विकास साझेदार संघसंस्थाहरूसँगको] Stock pile को रेकर्ड अद्यावधिक गर्ने। | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | FAO र WFP लगायत खाद्य सुरक्षा क्लस्टर सदस्य | निरन्तर | |

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | कैफियत |
|---|---|---|---|---|---|
| | | | संस्थाहरू, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड | | |
| २ | WFP's Remote-Sensing Based 72 hours assessment प्रविधि प्रयोग गरी द्रुत मनसुन प्रकोप प्रभाव मूल्यांकन गर्ने र खाद्य सहायताको आवश्यकतामा रहेका जनसंख्याको अनुमान गर्ने। | कृषि तथा पशुपन्छी विकास मन्त्रालय÷प्रादेशिक कृषि हेर्ने मन्त्रालय | WFP | प्रकोपको ७२ घण्टाभित्र | |
| ३ | मनसुन पूर्वानुमानमा आधारित जोखिम न्यूनीकरणका लागि पूर्वप्रतिकार्य (Forecast Based Anticipatory Early Action) गर्ने। | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | WFP लगायत खाद्य सुरक्षा क्लस्टर सदस्य संस्थाहरू, Department of Hydrology and Meteorology | निरन्तर | |
| ४ | Ready to eat food (चिउरा, लिटोको पिठो, High Energy Biscuit, आदि) को वितरण र यदि बाढी लगत्तै बजारहरू क्रियाशिल÷सञ्चालनमा रहेको भए १५ दिनको लागि लक्षित जनसंख्याको लागि निःशर्त बहुउद्देशीय नगद सहायता र यदि बजारहरू क्रियाशिल÷सञ्चालनमा नरहेको भएमा खाद्यान्न सहायता वितरण साथै आवश्यकता अनुसार सामुदयिक भान्सा मार्फत लक्षित जनसंख्यालाई खाद्य वस्तु वितरण गर्ने। विशेष आवश्यकता भएका व्यक्तिहरूलाई मध्यनजर राखी सकेसम्म पोषिलो खानाको व्यवस्था गरिने। | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, WFP and FAO | खाद्य सुरक्षा क्लस्टर सदस्य संस्थाहरू, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, लगायत अन्य निकायहरू | निरन्तर | |
| ५ | खाद्य सुरक्षा, जीविकोपार्जन र कृषि पुनः प्राप्तिका लागि कामका लागि नगद (Cash for Work/Assets) गतिविधिहरू, बालीको मौसम अनुसार बाली बीउ, बेर्ना, माछाको भुरा वितरण (धान, तरकारी, मकै, आदि) र खाद्यान्न र बालीको सुरक्षित भण्डारणमा सहयोग साथै यदि पानी कम परी सुख्खा खडेरी भई खाद्य असुरक्षाको | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, WFP र FAO | खाद्य सुरक्षा क्लस्टर सदस्य संस्थाहरू | २—४ महिना | |

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | कैफियत |
|---|---|---|---|---|---|
| | अवस्था सिर्जना भएमा खाद्य सुरक्षा, जीविकोपार्जन र कृषि पुनः प्राप्तिका लागि गतिविधिहरू सञ्चालन गर्ने। | | | | |
| ६ | खाद्यान्न र तरकारी बालीको बिउको आपूर्तिको व्यवस्था मिलाउनको लागि आवश्यक समन्वय गर्ने। | कृषि सामग्री कम्पनी लिमिटेड, कृषि विभाग (बाली विकास तथा जैविक विविधता संरक्षण केन्द्र, राष्ट्रिय आलु, तरकारी तथा मसलाबाली विकास केन्द्र), प्रादेशिक कृषि हेर्ने मन्त्रालय÷कृषि ज्ञान केन्द्र र स्थानीय तहहरू | कृषि तथा पशुपन्छी विकास मन्त्रालय÷कृषि विभाग, खाद्य सुरक्षा क्लस्टर सदस्य संस्थाहरू | निरन्तर | |
| ७ | प्रदेशस्तरमा FSC Contingency Plan बनाउन र परिमार्जनमा सहजीकरण गर्ने। | प्रादेशिक कृषि हेर्ने मन्त्रालय | कृषि तथा पशुपन्छी विकास मन्त्रालय÷कृषि विभाग, पशु सेवा विभाग, WFP र FAO | | |
| ८ | घाइते पशुपन्छीको उपचार गर्ने। | स्थानीय तहहरू÷भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र | कृषि तथा पशुपन्छी विकास मन्त्रालय÷पशुसेवा विभाग | निरन्तर | |
| ९ | पशुपन्छीका विभिन्न रोग तथा महामारीका विरुद्ध भ्याक्सिन लगाउने। | स्थानीय तहहरू÷भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र | कृषि तथा पशुपन्छी विकास मन्त्रालय÷पशु सेवा विभाग | निरन्तर | |
| १० | मृत पशुपन्छीको व्यवस्थापन गर्ने। | स्थानीय तहहरू | प्रदेश कृषि मन्त्रालय | निरन्तर | |
| ११ | पशु आहाराको व्यवस्थापन गर्ने। | स्थानीय तहहरू | प्रदेश कृषि मन्त्रालय | निरन्तर | |
| १२ | आकस्मिक विपद्का कारण क्षति पुगेका कृषकहरूलाई राहत उपलब्ध गराउने। | प्रादेशिक कृषि हेर्ने मन्त्रालय तथा स्थानीय तह | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | निरन्तर | |
| १३ | बाढी प्रकोपको पूर्वसूचनालाई प्रभावकारी बनाउन सुसूचित गराउने। | कृषि विभाग तथा पशु सेवा विभाग | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | निरन्तर | |

### १२.७ संरक्षण विषयगत क्षेत्र (Protection Cluster) (नेतृत्व महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय तथा सह-नेतृत्व UNHCR, UNICEF र UNFPA)

महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले संरक्षण विषयगत क्षेत्रको नेतृत्व गर्दछ र सहयोगी निकायहरूमा संयुक्त राष्ट्रसंघीय शरणार्थी उच्चायुक्तको कार्यालय (UNHCR), संयुक्त राष्ट्रसंघीय अन्तर्राष्ट्रिय बाल आपत्कालीन कोष (UNICEF) र संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष (UNFPA) रहेका छन्।

| क.स | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| **संरक्षणसम्बन्धी विपद् पूर्वतयारी कार्ययोजना** | | | | |
| १ | **क्षमता नक्साङ्कन:** मनोसामाजिक तनाव, लैंगिक हिंसा, घरेलु हिंसाबाट पीडित, परिवारबाट विछोडिएका, अभिभावकविहीन बालबालिका, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति, लैङ्गिक अल्पसंख्यक तथा आप्रवासी समुदायसँग सम्बन्धित संवेदनशील सवालहरूलाई सम्बोधन गर्न विद्यमान क्षमताको नक्साङ्कन गरी अद्यावधिक गर्ने। यौन शोषण तथा दुर्व्यवहार (PSEA) सम्बन्धी जोखिमलाई पहिचान गरी स्वतन्त्र तथा एकीकृत मूल्याङ्कनमार्फत न्यूनीकरण रणनीति विकास गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | संरक्षण विषयगत क्षेत्रका सदस्यहरू, UNICEF र UNFPA | निरन्तर |
| २ | **सूचना प्रवाह र जनचेतना:** संरक्षण सेवामा पहुँच तथा PSEA सन्देशहरू पहुँचयोग्य ढाँचामा अद्यावधिक गरी स्थानीय तथा सांकेतिक भाषामा प्रसारण गर्ने। समुदायस्तरमा मनसुन विपद् योजना, प्रारम्भिक सूचना प्रणाली र सेवाको पहुँचबारे जनचेतनामूलक अभियान सञ्चालन गर्ने। बहुपक्षीय सहयोग सम्बन्धी जानकारीहरू, स्वहेरचाह तथा तनाव व्यवस्थापन, अफवाह हटाउन, लाञ्छना तथा विभेद कम गर्न जानकारीमूलक सामग्रीहरू तयार गरी प्रचार प्रसार गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | संरक्षण विषयगत क्षेत्रका सदस्यहरू, UNICEF र UNFPA | मनसुन सुरु हुनुपूर्व |
| ३ | **सेवाको पहुँच र सिफारिस प्रणाली:** लैंगिक हिंसा, अपांगता, मनोसामाजिक सहयोग तथा बालबालिका विरुद्ध हुने हिंसाका लागि आवश्यक सेवा तथा सिफारिस प्रणालीको अद्यावधिक गरी कार्यान्वयन गर्ने। संरक्षण सेवाहरू प्रदान गर्न महिलामैत्री स्थल, महिला तथा बालबालिकाका लागि सुरक्षित स्थल र बालमैत्री स्थलहरूको पहिचान गर्ने। स्वास्थ्य, शिक्षा, PSEA लगायतका क्षेत्रहरूमा संरक्षण सेवाको सिफारिस तथा प्रतिकार्य सुनिश्चित गर्न सेवा प्रदायकहरूसँग समन्वय तथा क्षमता अभिवृद्धि गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | संरक्षण विषयगत क्षेत्रका सदस्यहरू, UNICEF र UNFPA | मनसुन सुरु हुनुपूर्व |

| क्र.स | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| ४ | **निगरानी तथा सतर्कता प्रणाली**: लैगिंक हिंसा, बाल संरक्षण र मानसिक स्वास्थ्य र मनोसामाजिक समस्यासहित अत्यावश्यक संरक्षण आवश्यकताका बारेमा सतर्कता र जोखिममा परेकाहरूलाई प्रारम्भिक हस्तक्षेप वा सहयोगका लागि हेल्पलाईनहरूको स्तर वृद्धि गर्ने। सतर्कता प्रणाली, वास्तविक समय अनुगमन उपकरण, संरक्षण अनुगमन तथा घटना प्रतिवेदन (PMIR) तथा जोखिम मूल्याङ्कन प्रणालीहरू विस्तार गरी जोखिमको शीघ्र पहिचान र प्रतिकार्य सुनिश्चित गर्ने। विस्थापित स्थलहरूमा संरक्षण सहायता अनुगमन गर्न विस्थापन ट्र्याकिङ म्याट्रिक्स (DTM) जस्ता उपकरणको प्रयोग गर्दै CCCM क्लस्टरसँग सहकार्यमा संरक्षण सेवाको अनुगमन गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | संरक्षण विषयगत क्षेत्रका सदस्यहरू, UNICEF, UNFPA, स्थानीय र प्रदेश सरकारका सम्बन्धित प्रतिनिधिहरू | २०८२ जेष्ठ – असार |
| ५ | **राहत सामग्रीको तयारी र व्यवस्थापन:** विपद्को समयमा विशेष आवश्यकता रहने डिग्निटी किट, किशोरी किट, मनोरञ्जन सामग्री, त्रिपाल, ओढ्ने ओछ्याउने लगायत आवश्यक उपकरण, औषधीसहित जीवनरक्षाका लागि आवश्यक राहत सामग्रीको लेखाजोखा गरी अग्रिम संकलन तथा भण्डारण गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | संरक्षण विषयगत क्षेत्रका सदस्यहरू, UNICEF, UNFPA स्थानीय र प्रदेश सरकारका सम्बन्धित प्रतिनिधि | मनसुन सुरु हुनुपूर्व |
| ६ | विपद् पूर्वतयारी कार्ययोजना तालिम, कार्यशाला र अभ्यास अग्रपंक्तिमा रहेर सेवा दिने संरक्षण कार्यकर्ता, मनोसामाजिक परामर्शदाता, स्वास्थ्यकर्मी, GBV विशेषज्ञहरूका लागि तालिम सञ्चालन गर्ने। सबै सेवा प्रदायकलाई अभिलेखीकरण, अनुगमन र मूल्याङ्कनसम्बन्धी क्षमता अभिवृद्धिका लागि अभिमुखीकरण गर्ने। विपद् पूर्वतयारी कार्ययोजनाका सम्बन्धमा सरोकारवालाहरूको बुझाइ र सहयोग बढाउन कार्यशाला आयोजना गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | संरक्षण विषयगत क्षेत्रका सदस्यहरू, UNICEF, UNFPA, स्थानीय र प्रदेश सरकारका सम्बन्धित प्रतिनिधिहरू | निरन्तर |
| ७ | **संरचना र समन्वय सुदृढीकरण:** संघीय, प्रदेश तथा स्थानीय तहमा संरक्षण क्लस्टरको नियमित बैठक सञ्चालन गरी पूर्वतयारी योजनाको कार्यान्वयनलाई सुनिश्चित गर्ने। प्रदेश तथा स्थानीयस्तरमा विशेष गरी बाल संरक्षण तथा लैंगिक हिंसाका सन्दर्भमा संरक्षण संयन्त्रहरू सशक्त पार्ने। बहुपक्षीय समन्वयलाई मजबुत पार्न विषयगत क्षेत्रसँग सम्बन्धित संरक्षण चेकलिष्ट उपलब्ध गराई समायोजन गर्न सहजीकरण गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | Thematic Clusters तथा संरक्षण विषयगत क्षेत्रका सदस्यहरू, UNICEF, UNFPA, स्थानीय र प्रदेश सरकारका सम्बन्धित प्रतिनिधि | मनसुन सुरु हुनुपूर्व |

| क्र.स | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| ८ | सहभागिता र स्थानीय नेतृत्व जोखिममा रहेका महिला, किशोरी, अपांगता भएका व्यक्ति लगायतका समूहहरूको समावेशी सहभागिता सुनिश्चित गर्दै पूर्वतयारी योजना निर्माण तथा अनुगमनमा नेतृत्व दिने। आपत्कालमा स्थानीय महिलाको नेतृत्वलाई प्राथमिकतामा राखी विशेष अवस्था तथा आवश्यकतालाई सम्बोधन गर्ने रणनीति निर्माण गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | संरक्षण विषयगत क्षेत्रका सदस्यहरू, UNICEF, UNFPA, स्थानीय र प्रदेश सरकारका सम्बन्धित प्रतिनिधि | २०८२ जेष्ठ – असार |
| ९ | **स्वयंसेवक व्यवस्थापन:** छिटो परिचालनका लागि प्रशिक्षित स्वयंसेवक, मनोसामाजिक परामर्शदाता तथा मानसिक स्वास्थ्यकर्मीको सूची अद्यावधिक गरी संलग्न गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | संरक्षण विषयगत क्षेत्रका सदस्यहरू, UNICEF र UNFPA | मनसुन सुरु हुनुपूर्व |
| १० | **विपद् व्यवस्थापन प्रणाली सुदृढीकरण:** प्रदेश, जिल्ला तथा स्थानीय तहमा सूचना प्रवाह र प्रारम्भिक सूचना प्रणाली परिचालन गरी प्रभावकारी प्रकोप जोखिम व्यवस्थापन र समन्वय सुनिश्चित गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | संरक्षण विषयगत क्षेत्रका सदस्यहरू, UNICEF र UNFPA | निरन्तर |
| ११ | विपद् प्रतिकार्य सम्बन्धी भएका ऐन तथा कानूनी व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयनका लागि पहल गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, स्थानीय पालिका, प्रदेश सरकार | संरक्षण विषयगत क्षेत्रका सदस्य | निरन्तर |
| **संरक्षण प्रतिकार्य सम्बन्धी मुख्य क्रियाकलापहरू** | | | | |
| १ | प्रकोपका कारण अलग भएका बालबालिकाहरू र परिवारहरूको पहिचान, ट्रेसिङ र पुनर्मिलन संयन्त्र लागू गर्ने र आवश्यक परेको अवस्थामा अस्थायी वैकल्पिक हेरचाहका उपायहरूको स्थापना गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | संरक्षण विषयगत क्षेत्रका सदस्यहरू, UNICEF र UNFPA | निरन्तर |
| २ | जोखिममा परेका असहाय बालबालिकाहरूलाई घटना व्यवस्थापन सहयोग प्रदान गर्दै समग्र सेवाहरू सुनिश्चित गर्ने उद्देश्यले मनोसामाजिक सहयोग, अस्थायी आवास, कानूनी सहयोग, हराएका कानूनी कागजातको व्यवस्था, जीविकोपार्जन सहयोग, आपत्कालीन सहयोग र अन्य उपयुक्त सेवाहरूमा सिफारिस गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | संरक्षण विषयगत क्षेत्रका सदस्यहरू, UNICEF र UNFPA | निरन्तर |
| ३ | शिशुहरूको स्वास्थ्य र सुरक्षाको लागि आवश्यक सामग्री (जस्तैः लुगा, औषधि, पौष्टिक आहार) समावेश गरिएको बेबी प्याक वितरण गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | संरक्षण विषयगत क्षेत्रका सदस्यहरू, UNICEF र UNFPA | निरन्तर |

| क्र.स | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| ४ | बालमैत्री स्थानहरू स्थापना गर्दै प्रभावित बालबालिकाहरूलाई सुरक्षित वातावरण, खेलकुद र मनोरञ्जन र मनोसामाजिक सहयोग प्रदान गरी उनीहरूको जीवन सुधारमा सहयोग पुऱ्याउने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | संरक्षण विषयगत क्षेत्रका सदस्यहरू, UNICEF र UNFPA | निरन्तर |
| ५ | प्रकोपबाट प्रभावित र मानसिक रुपमा आघातमा परेका व्यक्ति र उनीहरूको परिवारको मानसिक स्वास्थ्य र मनोसामाजिक अवस्थामा सुधारका लागि सहयोग गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | संरक्षण विषयगत क्षेत्रका सदस्यहरू, UNICEF र UNFPA | निरन्तर |
| ६ | लैगिंक हिंसा, बाल संरक्षण र मानसिक स्वास्थ्य र मनोसामाजिक समस्यासहित अत्यावश्यक संरक्षण आवश्यकताका बारेमा सतर्कता र जोखिममा परेकाहरूलाई प्रारम्भिक सहयोगका लागि हेल्पलाईनहरूको स्तरवृद्धि गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | संरक्षण विषयगत क्षेत्रका सदस्यहरू, UNICEF र UNFPA | निरन्तर |
| ७ | विपद्को समयमा महिला र किशोरीहरूको स्वास्थ्य, सरसफाइ र गरिमा संरक्षण गर्न डिग्निटी किट, किशोरी किट वितरण गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | संरक्षण विषयगत क्षेत्रका सदस्यहरू, UNICEF र UNFPA | निरन्तर |
| ८ | लैङ्गिक हिंसा (GBV) बाट प्रभावित तथा जोखिममा रहेका व्यक्तिहरूलाई मनोसामाजिक परामर्श, सुरक्षित आश्रय, आपत्कालीन सहयोग, कानूनी सेवा, आवश्यक स्वास्थ्य सेवा र चिकित्सकीय सहयोग प्रदान गर्ने । | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | संरक्षण विषयगत क्षेत्रका सदस्यहरू, UNICEF, UNFPA, स्थानीय र प्रदेश सरकारका सम्बन्धित प्रतिनिधि | निरन्तर |
| ९ | महिलामैत्री स्थान स्थापना गरी महिला र किशोरीहरूलाई सुरक्षित वातावरणमा सामाजिक सहयोग र GBV सेवाहरू प्रदान गर्ने। | | Thematic Clusters तथा संरक्षण विषयगत क्षेत्रका सदस्यहरू, UNICEF, UNFPA, स्थानीय र प्रदेश सरकारका सम्बन्धित प्रतिनिधिहरू | निरन्तर |
| १० | बहुपक्षीय समन्वयलाई मजबुत पार्न विषयगत क्षेत्रसँग सम्बधित संरक्षण चेकलिष्ट उपलब्ध गराई प्रतिकार्य कार्यान्वयन गर्न सहजीकरण गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | संरक्षण विषयगत क्षेत्रका सदस्यहरू, UNICEF, | निरन्तर |

| क.स | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| | | | UNFPA, स्थानीय र प्रदेश सरकारका सम्बन्धित प्रतिनिधिहरू | |
| ११ | आवश्यक सेवाहरू (जस्तैः स्वास्थ्य, शिक्षा, कानूनी सहयोग, आपत्कालीन सेवा आदि) को उपयुक्त जानकारी उपलब्ध गराउन सूचना डेस्कहरू स्थापना गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | संरक्षण विषयगत क्षेत्रका सदस्यहरू, UNICEF र UNFPA | निरन्तर |
| १२ | समुदायमा समावेशी रूपमा संरक्षण सम्बन्धी जनचेतना अभियान चलाउने, जसमा यौन शोषण र दुर्व्यवहार (PSEA) बाट सुरक्षा सम्बन्धी सन्देशहरू प्रसारण गर्ने र हेल्पलाइन र हटलाइन सेवाहरूको प्रयोगलाई प्रोत्साहन गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | संरक्षण विषयगत क्षेत्रका सदस्यहरू | निरन्तर |
| १३ | विस्थापन ट्र्याकिङ म्याट्रिक्स विस्तार गरी विस्थापित जनसंख्याको आवश्यकताको आधारमा संरक्षण विषयगत क्षेत्रद्वारा प्रदान गरिएको सहायताको निरन्तर अनुगमनको लागि शिविर समन्वय र शिविर व्यवस्थापन विषयगतक्षेत्रसँग समन्वय गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | संरक्षण विषयगत क्षेत्रका सदस्यहरू,UNICEF र UNFPA | निरन्तर |
| १४ | विपद् प्रतिकार्यका गतिविधिहरूलाई प्रभावकारी बनाउन प्रतिकार्यमा संलग्न सरोकारवालाहरूसहित स्थानीय पालिका, प्रदेश तथा संघीय सरकारको कार्यलाई उत्तरदायी र जवाफदेही बनाउन अनुगमन प्रणालीलाई चुस्त दुरुस्त राख्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | संरक्षण विषयगत क्षेत्रका सदस्यहरू, UNICEF, UNFPA, स्थानीय र प्रदेश सरकारका सम्बन्धित प्रतिनिधिहरू | निरन्तर |

### १२.८ शिक्षा विषयगत क्षेत्र (Education Cluster) (नेतृत्व शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय तथा सह-नेतृत्व UNICEF र Save the Children)

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षा विषयगत क्षेत्रको नेतृत्व गर्दछ र सहयोगी निकायहरू संयुक्त राष्ट्रसंघीय अन्तर्राष्ट्रिय बाल आपत्कालीन कोष (UNICEF) र Save the Children रहेका छन्।

| क.स. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | कैफियत |
|---|---|---|---|---|---|
| पूर्वतयारीको क्रियाकलापहरू | | | | | |
| १ | समुदाय, स्थानीय तह, जिल्ला, प्रदेश र संघस्तरमा सूचनाको समयमा नै आदान प्रदानका लागि प्रभावकारी सञ्चार प्रणालीको स्थापना गर्ने। | | | | |

| क.स. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | कैफियत |
|---|---|---|---|---|---|
| १.१ | सम्भावित बाढी प्रभावित जिल्लाका स्थानीय तह, शिक्षा विकास तथा समन्वय इकाई (शि.वि.तथास.ई.) जिल्ला विपद् व्यवस्थापन समिति, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्थानीय, जिल्ला, प्रदेश तथा राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रहरू, जिल्ला तथा संघस्तरका शिक्षा समूहका सदस्य संस्थाहरूका सम्पर्क व्यक्तिहरूको विवरण संकलन, व्यवस्थापन र अद्यावधिक गर्ने। | स्थानीय तह, शिक्षा विकास तथा समन्वय इकाई, शिक्षा तथा मानव स्रोत विकास केन्द्र | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका **Disaster Risk Reduction** सम्पर्क व्यक्ति, सामाजिक विकास मन्त्रालय/शिक्षा विकास निर्देशनालय क्लस्टर पार्टनर सबै | त्रैमासिक रूपमा | |
| १.२ | विद्यालयस्तरमा समुदाय, विद्यालय व्यवस्थापन समिति, अभिभावक, शिक्षक, विद्यार्थीसहितको सहभागितामा विभिन्न विपद्का सम्भावित जोखिम र सोको न्यूनीकरणका लागि पूर्वतयारी गर्न आवश्यकता अनुसार प्रत्यक्ष वा अन्य वैकल्पिक माध्यमबाट नियमित बैठक, छलफल तथा अन्तरक्रिया सञ्चालन गर्ने। | विद्यालय र सम्बन्धित स्थानीय तह | वि.व्य.स, शिक्षक अभिभावक संघ शि.वि.तथा समन्वय इकाइ, शिक्षा समूह | जेठ, २०८२ | |
| २ | स्थानीय, जिल्ला, प्रदेश र केन्द्रस्तरका शिक्षा समूह/विषयगत क्षेत्र (Education Cluster) को जिम्मेवारी | | | | |
| २.१ | स्थानीय, जिल्ला, प्रदेश तथा संघस्तरका शिक्षा समूह **Education Cluster** का सदस्यहरूसँग प्रभावकारी समन्वयका लागि **Nepal Education Cluster - Formation and Operation directive** मा उल्लेख भए र निर्दिष्ट गरे बमोजिमका जिम्मेवारी निर्धारण र बाँडफाँड गर्ने। | शिक्षा तथा मानव स्रोत विकास केन्द्र, प्रदेश सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय तथा शिक्षा विकास तथा समन्वय इकाई र स्थानीय तह | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका **DRR** सम्पर्क व्यक्ति र जिल्ला, प्रदेश तथा संघ, प्रदेश, जिल्ला र स्थानीय तह स्तरमा गठन भएका शिक्षा समूहहरू | निरन्तर | |
| २.२ | आवश्यकता अनुसार **Health, WASH, Protection** लगायत अन्य **Cluster** सँग कार्यगत समन्वय र सहकार्य गर्ने। | **Education Cluster** | **Health, WASH , Protection** लगायत अन्य **Cluster** | विपद् पश्चात् क्षतिको विवरण प्राप्त भएपछि | |
| ३ | आपूर्ति व्यवस्थापनको जिम्मेवारी | | | | |
| ३.१ | उपलब्ध **Student Kit, School Kit, ECD Kit** स्वःअध्ययन सामग्री जस्ता सामग्रीहरूको परिमाण अद्यावधिक गर्ने। | **Education Cluster** | | जेठ, २०८२ | |

| क.स. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | कैफियत |
|---|---|---|---|---|---|
| ३.२ | नेपाल सरकारका विभिन्न निकायहरूबाट उत्पादन र विकास भएका एवम् शिक्षा सञ्जाल समूहका सदस्य संस्थाहरूसँग उपलब्ध शैक्षिक सामग्रीहरू, सामग्री भण्डारण गरेको स्थान र जनशक्तिको अभिलेख अद्यावधिक राख्ने। | **Education cluster** | शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सामाजिक विकास मन्त्रालय तथा शिक्षा विकास तथा समन्वय इकाई, स्थानीय तह | निरन्तर | |
| ३.३ | मनसुनबाट प्रभावित हुनसक्ने स्थानीय तहका विद्यालयहरूका लागि आवश्यकता अनुसारको पाठ्यसामग्री तथा वैकल्पिक सिकाइ सामग्रीहरू सुनिश्चित गर्ने। | शिक्षा तथा मानव स्रोत विकास केन्द्र, प्रदेश सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय तथा शिक्षा विकास तथा समन्वय इकाई र स्थानीय तह | **Education cluster** | विपद् पश्चात् क्षतिको विवरण प्राप्त भएपछि | |
| ३.४ | सामग्री राहतको विकल्पको रूपमा (संस्था र विद्यालयबीच) नगद राहत उपलब्ध गराउनको लागि मार्गदर्शन तयार गर्ने। साथै नेपाल सरकारबाट व्यवस्था/विनियोजन भएको शिक्षा क्षेत्रको विपद् व्यवस्थापन बजेट कसरी खर्च गर्ने सम्बन्धमा **PIM** २०८२ मा व्यवस्था गर्ने। | शिक्षा समूहका संयोजक र सहसंयोजक | शिक्षा समूह (**Education cluster)** | जेठ, २०८२ | |
| ३.५ | शिक्षा क्षेत्रको विपद् कोष परिचालन कार्यविधि निर्देशिका तयार गरी सम्बन्धित निकायलाई सो अनुसार कार्यान्वयन गर्न **CEHRD** बाट परिपत्र गर्ने र **CEHRD** को **Website** मार्फत सार्वजनिकीकरण गर्ने। हाललाई कोष परिचालनका लागि **CEHRD** बाट सम्बन्धित निकाय, **EDO, EDCU** लाई परिपत्र गर्ने। | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | शिक्षा समूहका संयोजक र सहसंयोजक | जेठ, २०८२ | |
| ४ | मनसुनबाट उत्पन्न हुन सक्ने आपत्कालीन अवस्थाबारे अभिमुखीकरण वा सचेतना कार्यक्रम सञ्चालन गर्ने। | | | | |

| क्र.स. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | कैफियत |
|---|---|---|---|---|---|
| ४.१ | विपद जोखिम न्यूनीकरण/अल्पीकरण योजनामा शिक्षकहरूको क्षमता अभिवृद्धिलाई विद्यालय सुरक्षा योजनाको एउटा अगंको रूपमा विद्यालय सुधार योजनामा समाबेस गर्ने। | विद्यालय | स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाई | जेठ —विद्यालय सुधार योजना अद्यावधिक गर्ने | |
| ४.२ | देहायका विषयमा समुदाय, वि.व्य.स., शिक्षक अभिभावक संघहरूको भूमिका तथा जिम्मेवारी सम्बन्धी **Public Service Announcement (PSA)** तयार गरी प्रसारण गर्ने।<br>• विद्यालय सुरक्षा योजना, विपद् जोखिम न्यूनीकरण/अल्पीकरण, बालबालिकाहरूको मनोसामाजिक स्वास्थ्यको बारेमा विद्यालय तथा अभिभावकहरूको भूमिका<br>• बाढी तथा पहिरोले थुपारेको फोहरको सरसफाइ<br>• अस्थायी सिकाइ कक्षा निर्माण तथा सञ्चालन र मर्मत संभार सम्बन्धी उनीहरूको भूमिका | शिक्षा तथा मानव स्रोत विकास केन्द्र, प्रदेश सामाजिक विकास वा शिक्षा सम्बद्ध मन्त्रालय स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाई | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र र शिक्षा समूह | जेठ, २०८२ | |
| ४.३ | विद्यालयलाई अन्तिम विकल्पका रूपमा रहने गरी प्रभावित क्षेत्रमा अन्य उपयुक्त आश्रयस्थलको खोजी र व्यवस्थापनका लागि स्थानीय र प्रदेश तहमा प्रबन्ध मिलाउने। | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, शिक्षा समूह | गृह मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, **NDRRMA** | निरन्तर | |
| ४.४ | शिक्षकहरूलाई खोज तथा उद्धार कार्यमा खटाउँदा र विद्यालयलाई आश्रयस्थलको रूपमा प्रयोग गर्दा त्यसबाट शिक्षामा पर्ने प्रभावबारे शिक्षकहरूलाई **PSA Online Materials** का माध्यमबाट सचेतना/अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने। | स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाई | शिक्षा तथा मानव स्रोत विकास केन्द्र र शिक्षा समूह | जेठ, २०८२ | |
| ४.५ | शिक्षक तथा विद्यार्थी विद्यालयसम्म पुग्नका लागि सुरक्षित अन्य वैकल्पिक बाटोहरूको खोजी र प्रयोगको व्यवस्था मिलाउने। | विद्यालय | स्थानीय तह, विव्यस, शिअसं, शिविसइ | निरन्तर | |
| ४.६ | मनसुनका कारण उत्पन्न हुनसक्ने पानीजन्य रोग **(Diarrhea, Dysentery, Typhoid, Gastroenteritis, Cholera)** तथा लामखुट्टेजन्य रोग **(Dengue)** बाट प्रभावित हुनसक्ने स्थानीय | स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाई | शिक्षा तथा मानव स्रोत विकास केन्द्र र शिक्षा समूह | जेठ तथा आवश्यकता अनुसार | |

| क्र.स. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | कैफियत |
|---|---|---|---|---|---|
| | तहका विद्यालयहरूमा **PSA/ Online Learning Materials** का माध्यमबाट सचेतना र अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने। | | | | |
| ५ | क्षमता अभिवृद्धि-तालिम कार्यक्रमहरू सञ्चालन गर्ने। | | | | |
| ५.१ | शिक्षा समूहका सदस्यहरू, शिक्षा विकास तथा समन्वय इकाई, स्थानीय तह, वि.व्य.स., शिक्षक तथा विद्यार्थीहरूलाई विपद् जोखिम न्यूनीकरण तथा अस्थायी सिकाइ केन्द्र, कक्षा व्यवस्थापन र स्थापनाको मार्गदर्शन तथा आपत्कालीन अवस्थाको शिक्षाका शैक्षिक सामग्रीहरूको वितरण र व्यवस्थापन सम्बन्धमा प्रत्यक्ष वा **Online** जस्ता अन्य वैकल्पिक माध्यमबाट अभिमुखीकरण गर्ने। | स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाई | शिक्षा तथा मानव स्रोत विकास केन्द्र र शिक्षा समूह | बैशाख, जेठ, २०८२ | |
| ५.२ | शिक्षा समूहका सदस्यहरूलाई आपत्कालीन अवस्थामा पालना गर्नुपर्ने आचारसंहिता सञ्चार माध्यमसँग प्रस्तुत हुने तरिका सम्बन्धी सूचना तथा सन्देशहरू संप्रेषण गर्ने सम्बन्धमा विद्युतीय सञ्चार माध्यमबाट जानकारी गराउने। | शिक्षा तथा मानव स्रोत विकास केन्द्र र शिक्षा सञ्जाल समूह | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | जेठ, २०८२ | |
| ५.३ | क्षतिको विवरण संकलन गर्नका लागि शिक्षा क्षेत्रको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना बमोजिम सही सूचना सम्प्रेषण गर्नका लागि सूचनाहरूको मस्यौदा, खेस्रा गर्न तथा सूचना फारमहरू भर्ने सीप विकासको लागि **DRR Focal Person** हरूलाई प्रत्यक्ष वा **Online** जस्ता अन्य वैकल्पिक माध्यमबाट अभिमुखीकरण गर्ने। | शिक्षा तथा मानव स्रोत विकास केन्द्र र शिक्षा सञ्जाल समूह | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश सामाजिक विकास वा शिक्षा सम्बद्ध मन्त्रालय, स्थानीय तह | जेठ, २०८२ | |
| ५.४ | मनसुनजन्य विपद्को क्षति न्यूनीकरण तथा पुर्नलाभका लागि आवश्यक पूर्वतयारीका साथै **Light Search & Rescue, Basic First Aid** तथा मनोसामाजिक सहयोग **PSS** का लागि चैत्रमा जनशक्ति क्षमता अभिवृद्धि गर्ने। | | | | |
| ६ | अस्थायी सिकाइ केन्द्र-कक्षाकोठा निर्माणका लागि स्थान छनोट गर्ने। | | | | |
| ६.१ | अस्थायी सिकाइ केन्द्र-कक्षाकोठा निर्माणका लागि प्राथमिक र वैकल्पिक स्थानको पहिचान तथा छनोट गर्ने। **TLC, WASH** | स्थानीय तह एवं विद्यालय | शिक्षा तथा मानव स्रोत विकास केन्द्र प्रदेश सामाजिक विकास | जेठ, २०८२ | |

| क्र.स. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | कैफियत |
|---|---|---|---|---|---|
| | **Facility** को मापदण्ड **Nepal Education Cluster** ले तोके बमोजिम हुनेछ। | | वा शिक्षा सम्बद्ध मन्त्रालय र शिक्षा समूह | | |
| **प्रतिकार्यको क्रियाकलापहरू** | | | | | |
| १ | प्रभावित जिल्लाका विद्यालयहरूका लागि सम्बन्धित निकायहरूको समन्वयमा आवश्यकता अनुसार सिकाइ निरन्तरताका लागि आवश्यक पाठ्यपुस्तक र वैकल्पिक सिकाइ सामग्रीहरूको प्रबन्ध मिलाउने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र, स्थानीय तह, शिक्षा समूह | प्रदेश सामाजिक विकास वा शिक्षा सम्बद्ध मन्त्रालय, शिक्षा विकास तथा समन्वय इकाई | निरन्तर | |
| २ | सिकाइ निरन्तरताको लागि सम्बन्धित निकाय तथा संघसंस्थाको समन्वयमा आवश्यकता अनुसार आपत्कालीन र स्वःअध्ययन सामग्री उपलब्ध गराउने। मनसुन विपद्बाट अतिप्रभावित र क्षतिग्रस्त विद्यालयहरूमा आवश्यकता अनुसार अस्थायी सिकाइ केन्द्र स्थापना गरी सिकाइ निरन्तरता सुनिश्चित गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र, स्थानीय तह, शिक्षा समूह | प्रदेश सामाजिक विकास वा शिक्षा सम्बद्ध मन्त्रालय, शिक्षा विकास तथा समन्वय इकाई | निरन्तर | |
| ३ | बालबालिका, शिक्षक तथा अभिभावकहरूलाई सम्बन्धित निकाय तथा संघसंस्थाको समन्वयमा आवश्यकता अनुसार मनोसामाजिक परामर्श लगायत विपद्मा परेका बालबालिकाको संरक्षण सम्बन्धी सचेतनामूलक सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने। विपद्जन्य अवस्थामा बालबालिकाहरूलाई मनोसामाजिक सहयोग सन्दर्भ समाग्रीहरू तयार गरी विद्यालयहरूमा पठाउने। सुरक्षित विद्यालयको अवधारणा विषयमा शिक्षक तथा वि.व्य.स.को क्षमता अभिवृद्धि गरी सुरक्षित विद्यालय सञ्चालन गर्न जोड दिने। | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र, स्थानीय तह, शिक्षा समूह | प्रदेश सामाजिक विकास वा शिक्षा सम्बद्ध मन्त्रालय, शिक्षा विकास तथा समन्वय इकाई | निरन्तर | |
| ४ | सम्बन्धित निकाय तथा संघसंस्थाको समन्वयमा आवश्यकता अनुसार अस्थायी सिकाइ केन्द्र **(TLC)** कक्षाकोठा तथा **WASH Facilities** को निर्माण तथा मर्मत कार्य गर्ने। मनसुन विपद् | स्थानीय तह, विद्यालय, स्थानीय शिक्षा समूह | प्रदेश सामाजिक विकास वा शिक्षा सम्बद्ध मन्त्रालय, शिक्षा विकास तथा समन्वय इकाई | निरन्तर | |

| क.स. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | कैफियत |
|---|---|---|---|---|---|
| | प्रतिकार्यमा अतिप्रभावित वर्ग समूह, अपागंता भएका बालबालिका, विद्यालय बाहिर रहेका बालबालिकालाई केन्द्रित गरी सहयोग तथा प्रतिकार्यका क्रियाकलाप शिक्षा समूहका सदस्यहरूबाट सञ्चालन गर्ने। | | | | |
| ५ | अत्यधिक मनसुन तथा कम मनसुनका कारण उत्पन्न हुनसक्ने पानीजन्य रोग (Diarrhea, Dysentery, Typhoid, Gastroenteritis and Cholera) तथा लामखुट्टेजन्य रोग (Dengue) बाट प्रभावित हुनसक्ने बालबालिकाका लागि आवश्यकता अनुसारको औषधिजन्य सामग्रीहरू अन्तर समूह (Inter Cluster) तथा संघसंस्थाको समन्वयमा उपलब्धताका लागि सहजीकरण गर्ने। | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र, स्थानीय तह, शिक्षा समूह | प्रदेश सामाजिक विकास वा शिक्षा सम्बद्ध मन्त्रालय, शिक्षा विकास तथा समन्वय इकाई, स्थानीय तह | निरन्तर | |

## १२.९ आपत्कालीन सञ्चार विषयगत क्षेत्र (Emergency Comunication) (नेतृत्व सञ्चार तथा सूचना प्रविधि मन्त्रालय तथा सह-नेतृत्व WFP)

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले आपत्कालीन सञ्चार विषयगत क्षेत्रको नेतृत्व गर्दछ र विश्व खाद्य कार्यक्रम (WFP) ले सह-नेतृत्व गर्दछ।

| क.स. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| पूर्वतयारीको क्रियाकलापहरू | | | | |
| १ | बाढी, पहिरो तथा पानीजन्य अन्य विपद् सम्बन्धी सचेतनाका लागि सञ्चार सामग्री विभिन्न भाषामा तयार गरी विभिन्न सञ्चारका माध्यम मार्फत प्रचार प्रसार गर्ने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | विश्व खाद्य कार्यक्रम र नेपाल दूरसञ्चार प्राधिकरण | जेठ २०८२ |
| २ | बाढी, डुबान, पहिरो (सम्भव भएसम्म), सङ्क्रामक रोग लगायतको पूर्वसूचनाका लागि दूरसञ्चार सेवा प्रदायक संस्था मार्फत सचेतना एसएमएस (SMS) सम्प्रेषण गर्ने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | विश्व खाद्य कार्यक्रम र नेपाल दूरसञ्चार प्राधिकरण | असार, २०८२ देखि असोज २०८२ सम्म |
| ३ | जमिन कटानका कारण नदीका किनारमा रहेका भौतिक संरचना (टेलिफोनका टावर लगायत) को सुरक्षा प्रबन्ध | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | विश्व खाद्य कार्यक्रम र नेपाल दूरसञ्चार प्राधिकरण | असार, २०८२ देखि असोज २०८२ सम्म |

| क.स. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| | सम्बन्धित निकाय, सम्बन्धित स्थानीय तह र जिल्ला विपद् व्यवस्थापन समितिले गर्ने गरी समन्वय गर्ने। | | | |
| प्रतिकार्यको क्रियाकलापहरू | | | | |
| १ | विभिन्न विपद्बारे विभिन्न माध्यमबाट जीवन बचाउन र जीवन निर्वाहका लागि उपयोगी सूचनाहरू प्रचार प्रसार गर्ने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | विश्व खाद्य कार्यक्रम | निरन्तर |
| २ | बाढी वा डुबानको कुनै ठाउँको सञ्चार सम्पर्क विच्छेद भएमा यथाशीघ्र पुनः सञ्चालनको व्यवस्था गर्ने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | विश्व खाद्य कार्यक्रम र नेपाल दूरसञ्चार प्राधिकरण | निरन्तर |
| ३ | बाढी, पहिरोको कारण टेलिफोन टावरहरूमा क्षति पुगेमा सञ्चार व्यवस्थाका लागि मोबाइल टावर **(BTS Van)** को व्यवस्था गर्ने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र नेपाल दूरसञ्चार प्राधिकरण | विश्व खाद्य कार्यक्रम | निरन्तर |
| ४ | जोखिम न्यूनीकरण तथा प्रभावकारी प्रतिकार्यको लागि NCell, NTC लगायतका सेवा प्रदायकहरुसँग समन्वय गरी Toll Free नम्बरहरूको व्यवस्था गर्ने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | NTC, Ncell | विपद् पश्चात् ३ दिनभित्र |
| ५ | मनसुनजन्य विपद्का समयमा समन्वय गर्न दूरसञ्चार सेवाप्रदायकहरूको तर्फबाट गठन भएको Emergency Preparedness Team/Rapid Response Team (अनुसूची १७ मा संलग्न) को सहयोगमा क्षतिग्रस्त दूरसञ्चार पूर्वाधार तथा सेवालाई यथाशिघ्र पुनर्स्थापना तथा सञ्चालनका लागि पहल गर्ने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | विश्व खाद्य कार्यक्रम र नेपाल दूरसञ्चार प्राधिकरण | असार, २०८२ देखि असोज २०८२ सम्म |

# १३. अन्य सम्बन्धित निकायको पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना

## १३.१ जल तथा मौसम विज्ञान विभाग

| सि.नं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय | कैफियत |
|---|---|---|---|---|---|
| १ | सरोकारवालाहरूलाई मौसम पूर्वानुमान, पूर्वसूचना तथा जानकारी प्रदान गर्नका लागि मौसम पूर्वानुमान महाशाखाको मौसम कक्ष (Met briefing room) विगतमा जस्तै २४ सै घण्टा सेवामा रहने। | जल तथा मौसम विज्ञान विभाग-मौसम पूर्वानुमान महाशाखा | | २४सैं घण्टा | |
| २ | • तीन दिन (७२ घण्टा) सम्मको मौसमको पूर्वानुमान बुलेटिन दैनिक रूपमा बिहान र बेलुका अपडेट गरिने। विषम अवस्थामा जुनसुकै बेला बुलेटिन जारी हुने।<br>• मौसमको विशेष अवस्थामा ३ दिन अगावै चेतावनीसहितको आकस्मिक मौसम बुलेटिन जारी गर्ने।<br>• आवश्यकता अनुसार बिग्रदों मौसमको अवस्था (मेघगर्जन/चट्याङ्ग/भारी वर्षा) बारेको पूर्वसूचना समेत जारी गरिनेछ। देशैभर फैलिन सक्ने भारी/धेरै भारी/अति भारी बर्षाको विशेष पूर्वानुमान ५ दिन अगावै जारी गरी सरोकारवालाहरूलाई पठाउने। | | | ३ दिनसम्मको | आकस्मिक मौसम बुलेटिन र मौसम पूर्वसूचना जुनसुकै बेला पनि जारी गरिनेछ। |
| ३ | तीन दिन (७२ घण्टा) सम्मको बाढीको पूर्वानुमान<br>बाढीको पूर्वानुमान तथा पूर्वसूचना बुलेटिन दैनिक रूपमा बिहान ७:०० बजे अपडेट गर्ने। विषम अवस्थामा जुनसुकै बेला बुलेटिन जारी गर्ने। देशैभर फैलिन सक्ने ठूला बाढीजन्य गतिविधिहरूको पूर्वानुमान ५ दिन अगावै गरी सरोकारवालाहरूलाई पठाउने। | जल तथा मौसम विज्ञान विभाग-बाढी पूर्वानुमान महाशाखा (बाढी पूर्वानुमान शाखा) | | ३ दिनसम्मको | ठूला नदीहरूमा ३ दिन र साना नदीहरूमा १ दिनसम्मको पूर्वानुमान गरिनेछ। स-साना नदीहरूमा हुन सक्ने आकस्मिक वहाव (Flash Flood) को २-६ घण्टा अगाडि नै पूर्वानुमान गरिने छ। |
| ४ | **बाढी तथा मौसम पूर्वसूचना प्रवाहः**<br>• बाढी तथा मौसम बुलेटिन जारी गरिसके पश्चात् पहिलो जानकारी गृह मन्त्रालय-राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई गराउने। | जल तथा मौसम विज्ञान विभाग-बाढी पूर्वानुमान शाखा तथा मौसम पूर्वानुमान महाशाखा | गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा | पूर्वानुमान तथा पूर्वसूचना बुलेटिन जारी भएको आधा घण्टाभित्र सम्पूर्ण | ठूला नदीहरूमा ३ दिन र साना नदीहरूमा १ दिनसम्मको पूर्वानुमान गरिनेछ। |

| सि.नं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय | कैफियत |
|---|---|---|---|---|---|
| | • विभागद्वारा मौसम पूर्वानुमान बुलेटिन http://dhm.gov.np/ र http://mfd.gov.np/ मार्फत जारी गरिनेछ र बाढी पूर्वानुमान बुलेटिन http://dhm.gov.np/ र https://hydrology.gov.np/ मार्फत जारी गर्ने।<br>• तत्कालै गृह मन्त्रालय-राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र गृह मन्त्रालय-विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखाले सूचीकृत गरेका सबै मन्त्रालय तथा विभाग साथै रेडक्रस लगायत अन्य विपद्को क्षेत्रमा कार्य गर्ने संघसंस्थाहरूका विपद् सम्पर्क व्यक्तिहरूलाई इमेल मार्फत बुलेटिन पठाउने।<br>• विभागद्वारा जारी भएको बाढी बुलेटिन यस विभागको बाढी पूर्वानुमान महाशाखाको आधिकारिक ट्विटर पेज Nepal Flood Alert तथा फेसबुक पेज Nepal Flood Alert मा राखिनेछ तथा मौसम पूर्वानुमान बुलेटिन मौसम पूर्वानुमान महाशाखाको आधिकारिक ट्विटर पेज Nepal Weather Forecast तथा फेसबुक पेज Meteorological Forecasting Division र MFD Weather Forecast मा अद्यावधिक गर्ने।<br>• सूचना प्रवाह थप प्रभावकारी र स्थानीयस्तरसम्म पुऱ्याउने उद्देश्यले, विभागबाट जारी गरिने पूर्वसूचना सर्वप्रथम, बाढीबाट प्रभावित हुने नदी जलाधारका क्षेत्रका संघीय प्रतिनिधि संसद, प्रादेशिक प्रतिनिधि सांसद, स्थानीय जनप्रतिनिधिहरू (मेयर, उपमेयर, वडाअध्यक्ष, वडासदस्य ज्युहरूलाई) तत्कालै मोबाइलमा नेपाल टेलिकम र एनसेलद्वारा एस.एम.एस मार्फत जानकारी गराउने।<br>• बाढी सतर्कता तह नजिक पुग्न लागेमा, सतर्कता तह पार गरेमा, खतरा तह पार गरेमा वा अन्य विषम अवस्थामा देशका मुख्य नदी जलाधारहरूमा नेपाल टेलिकम र एनसेल मार्फत बाढीबाट प्रभावित हुने मुख्य नदी जलाधारका सर्वसाधारणहरूलाई मोबाइलमा एस.एम.एस. पठाउने।<br>• देशैभरका सर्वसाधारणको लागि ११५५ नंवरको टोल फ्रि सेवा बाढी पूर्वसूचना प्रदान गर्ने उद्देश्यले मनसुनभर सञ्चालन गर्ने। | | व्यवस्थापन प्राधिकरण, नेपाल टेलिकम, एनसेल, मिडिया लगायत | सरोकारवालाहरू तथा सर्वसाधारणहरूमा प्रवाह भई सक्नेछ | आकस्मिक आउने बाढी जस्तै हिमताल विस्फोट जस्ता घट्नामा तत्काल सूचना प्रवाह गरिनेछ। |

| सि.नं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय | कैफियत |
|---|---|---|---|---|---|
| | • वर्षाको नियमित अनुगमन गरी आवश्यकता अनुसार तथा विशेष मौसम बुलेटिन जारी भए पश्चात् सम्भावित प्रभाव पर्न सक्ने स्थानहरूमा जनसमुदायलाई जानाकरी दिने उद्देश्यले Nepal Telecom तथा NCELL मार्फत Mass SMS पठाउने।<br>• विशेष मौसम अवस्थामा आवश्यकता अनुसार मौसमको विवरण तथा पूर्वानुमान मौसम पूर्वानुमान पूर्वानुमान महाशाखाको आधिकारिक एक्स पेज Nepal Weather Forecast तथा फेसबुक पेज Meteorological Forecasting Division र MFD Weather Forecast मा अद्यावधिक गर्ने।<br>• सर्वसाधारणलाई नियमित मौसम सम्बन्धि जानकारी प्रदान गर्न ०१-४११३१९१ र ०१-४२२३३४५ टेलिफोन नंबरहरू चौवीसै घण्टा खुला गर्ने।<br>• पूर्वसूचना प्रवाह थप प्रभावकारी बनाउन आगामी मनसुनदेखि Interactive Voice Response (IVR) प्रणाली समेत शुरु गर्ने।<br>• अत्यन्तै विषम प्रकृतिको बाढी तथा मौसमको पूर्वानुमान भएको खण्डमा प्रेस विज्ञप्ती समेत जारी गर्ने।<br>• बाढी र मौसम बुलेटिन सबै सञ्चारका माध्यमहरूलाई नियमित रूपमा प्रदान गर्ने। | | | | |

## १३.२ जलस्रोत तथा सिंचाइ विभाग

आगामी मनसुनजन्य विपद्लाई मध्यनजर गर्दै जलस्रोत तथा सिंचाइ विभागको पूर्वतयारी तथा प्रतिकार्य योजना निम्नानुसार रहेको छ।

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | अनुगमन गर्ने निकाय |
|---|---|---|---|---|---|
| १ | विभाग मातहतका नदी व्यवस्थापन आयोजना, जनताको तटबन्ध कार्यक्रम कार्यालयहरूलाई मनसुनबाट हुनसक्ने सम्भावित क्षति न्यूनीकरणका लागि आवश्यक तयारीको लागि निर्देशन दिने। | विभागको आपत्कालीन व्यवस्थापन शाखा | विभागको प्रशासन शाखा | वैशाख मसान्तभित्र | विभागको जल उत्पन्न प्रकोप व्यवस्थापन महाशाखा |

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | अनुगमन गर्ने निकाय |
|---|---|---|---|---|---|
| २ | सम्झौता भइसकेका निर्माण कार्यहरूबाट जोखिम न्यूनीकरण गर्न वर्षा अगावै अत्यावश्यक कार्य सम्पन्न गर्ने। ठेक्का सम्झौतामा भएका प्रावधान अनुसार समयमा कार्य सम्पन्न गर्न आवश्यक व्यवस्था मिलाउने। | सिंचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना | विभागको आपत्कालीन व्यवस्थापन शाखा | वैशाख मसान्तभित्र | विभागको जल उत्पन्न प्रकोप व्यवस्थापन महाशाखा |
| ३ | बाढी, पहिरो तथा प्रकोप प्रभावित स्थानहरूमा नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने। बाढी, पहिरोबाट जोखिम स्थानहरूलाई पहिचान गरी प्राविधिक रूपमा प्राथमिकीकरण गर्ने र आपत्कालीन समस्या समाधानका लागि आवश्यक स्रोतहरू (निर्माण सामग्री, मानव संसाधन) को व्यवस्थापन सम्बन्धित कार्यालयबाट गर्ने। | सिंचाइ तथा जलस्रोत व्यवस्थापन आयोजनाहरू | विभागको आपत्कालीन व्यवस्थापन शाखा | आवश्यकता अनुसार | विभागको जल उत्पन्न प्रकोप व्यवस्थापन महाशाखा |
| ४ | मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजनाको लागि यस विभाग अन्तर्गतका यान्त्रिक कार्यालयहरू मातहत रहेका Excavator, Loader, Dump truck हरू तयारी अवस्थामा राख्ने। | यान्त्रिक कार्यालयहरू | विभागको आपत्कालीन व्यवस्थापन शाखा | वैशाख मसान्तभित्र | विभागको जल उत्पन्न प्रकोप व्यवस्थापन महाशाखा |
| ५ | सीमावर्ती क्षेत्रमा बनेका तटबन्ध र अन्य संरचनाले मुख्य गरी तराई मधेसमा हुनसक्ने डुबानको सम्भावनालाई पूर्वानुमान गरी आवश्यक तयारी थाल्ने। सीमावर्ती क्षेत्रमा डुबानको समस्या भए मित्रराष्ट्र भारतसँगको समन्वयमा विशेषज्ञहरूको राय अनुसार तुरुन्त निकास खोल्ने व्यवस्था मिलाउने। | आयोजना/विभागको जल उत्पन्न प्रकोप व्यवस्थापन महाशाखा | | आवश्यकता अनुसार | ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय |
| ६ | केन्द्रीयस्तरमा नदी नियन्त्रण तथा पहिरो व्यवस्थापन कार्यहरूको लागि आवश्यक निर्माण सामग्रीहरू खरिद तथा भण्डारण गर्ने। | विभागको आपत्कालीन व्यवस्थापन शाखा | विभागको आर्थिक प्रशासन शाखा र स्टोर | आपत्कालीन अवस्थामा आवश्यकता अनुसार | विभागको जल उत्पन्न प्रकोप व्यवस्थापन महाशाखा |

| क.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | अनुगमन गर्ने निकाय |
|---|---|---|---|---|---|
| ७ | आपत्कालीन अवस्थामा NDRRMA सँग समन्वय गरी तत्काल परिचालन हुने। | विभागको जल उत्पन्न प्रकोप व्यवस्थापन महाशाखा | NDRRMA | आवश्यकता अनुसार | ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय |
| ८ | आयोजनास्तरमा नदी नियन्त्रण तथा पहिरो व्यवस्थापन कार्यहरूको लागि आवश्यक निर्माण सामग्रीहरू खरिद तथा भण्डारण गर्ने। | सिंचाइ तथा जलस्रोत व्यवस्थापन आयोजनाहरू | सम्बन्धित कोष तथा लेखा नियन्त्रण कार्यालय | आवश्यकता अनुसार | विभागको जल उत्पन्न प्रकोप व्यवस्थापन महाशाखा |
| ९ | आपत्कालीन अवस्थामा जिल्लास्तरमा जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय गरी तत्काल परिचालन हुने। | सिचाई तथा जलस्रोत व्यवस्थापन आयोजनाहरू | जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला सुरक्षा समिति | आवश्यकता अनुसार | विभागको जल उत्पन्न प्रकोप व्यवस्थापन महाशाखा |

## १३.३ नेपाल विद्युत प्राधिकरण

नेपाल विद्युत प्राधिकरणको मनसुनजन्य विपद् प्रतिकार्य कार्ययोजना निम्न अनुसार रहेको छ।

| क.स. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रशारण संरचनामा हुने क्षति न्यूनीकरण गर्ने। | सम्बन्धित ग्रीड कार्यालय | प्रशारण निर्देशनालय ने.वि.प्रा. | यथाशीघ्र | |
| २ | पावर हाउस संरचनामा हुने क्षति न्यूनीकरण गर्ने। | सम्बन्धित उत्पादन केन्द्र | उत्पादन निर्देशनालय ने.वि.प्रा. | यथाशीघ्र | |
| ३ | बाँध, नहर आदि संरचनामा हुने क्षति न्यूनीकरण गर्ने। | सम्बन्धित उत्पादन केन्द्र | उत्पादन निर्देशनालय ने.वि.प्रा. | यथाशीघ्र | |
| ४ | वितरण संरचनामा हुने क्षति न्यूनीकरण गर्ने। | सम्बन्धित वितरण केन्द्र | वितरणतथा ग्राहक सेवा निर्देशनालय ने.वि.प्रा. | यथाशीघ्र | |
| ५ | सबस्टेशन संरचनामा हुने क्षति न्यूनीकरण गर्ने। | सम्बन्धित कार्यालय | प्रशारण/वितरण तथा ग्राहक सेवा निर्देशनालय ने.वि.प्रा. | यथाशीघ्र | |
| ६ | प्रशारण र वितरणमा प्रयोग हुने इन्सुलेटर क्षति न्यूनीकरण गर्ने। | सम्बन्धित कार्यालय | प्रशारण/वितरण तथा ग्राहक सेवा निर्देशनालय ने.वि.प्रा. | यथाशीघ्र | |
| ७ | रुखहरू प्रशारण/वितरण पोल तारमा झर्ने जोखिम न्यूनीकरण गर्ने। | सम्बन्धित कार्यालय | प्रशारण/वितरण तथा ग्राहक सेवा निर्देशनालय ने.वि.प्रा. | यथाशीघ्र | |

| क्र.स. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | कैफियत |
|---|---|---|---|---|---|
| ८ | वितरण पोल लच्कियर जमिनबाट तारको दूरी कम भई बस, मानिस आदिले छुई हुन सक्ने जोखिम न्यूनीकरण गर्ने। | सम्बन्धित वितरण केन्द्र | वितरण तथा ग्राहक सेवा निर्देशनालय ने.वि.प्रा. | यथाशीघ्र | |
| ९ | समयमा सडक नखुल्दा मर्मत सम्भारका कार्यमा हुनसक्ने ढिलाई न्यूनीकरण गर्ने। | सम्बन्धित वितरण केन्द्र | सडक विभाग | यथाशीघ्र | |

## १४. सुरक्षा निकायको पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना

### १४.१ नेपाली सेना

नेपाली सेनाको मनसुनजन्य विपद् प्रतिकार्य योजना निम्न अनुसार रहेको छ।

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|
| १ | देशका ७७ वटै जिल्लाहरूमा तैनाथ गणहरूबाट एक गुल्म तथा अनाश्रित गुल्महरूबाट एक से.मु. स्टयाण्डवाई फौज आधारभूत उद्धार सामग्रीहरूसहित परिचालन गर्न तयारी हालतमा रहेको। | नेपाली सेना | रक्षा मन्त्रालय/गृह मन्त्रालय र विपद् सरोकारवाला अन्य विभिन्न निकायहरू तथा अन्य सुरक्षा निकाय |
| २ | सबै फर्मेशन हे.क्वा.हरूको जिम्मेवारी क्षेत्रमा मनसुनजन्य विपद् प्रतिकार्यको लागि आवश्यक ईक्विपमेन्टसहित मातहतका फौज परिचालन गर्ने। | नेपाली सेना | रक्षा मन्त्रालय/गृह मन्त्रालय र विपद् सरोकारवाला अन्य विभिन्न निकायहरू तथा अन्य सुरक्षा निकाय |
| ३ | खोज, उद्धार तथा राहत वितरण कार्य प्राभावकारी ढंगबाट संचालन गर्नको लागि सरोकारवाला निकायहरूसँग समन्वय गरी प्रदेश र जिल्लाहरूमा पूर्वतयारी तथा योजना तर्जुमा गर्न र सामग्रीहरूको भण्डारणको व्यवस्था मिलाउन तयार गरिएको। | नेपाली सेना | रक्षा मन्त्रालय/गृह मन्त्रालय र विपद् सरोकारवाला अन्य विभिन्न निकायहरू तथा अन्य सुरक्षा निकाय |
| ४ | विपद् व्यवस्थापनसँग आबद्ध विभिन्न सरोकारवाला निकायहरूसँग प्रत्यक्षरूपमा कार्यशाला तथा अभ्यास मार्फत समन्वय, सहकार्य र सम्बन्ध विस्तारलाई निरन्तरता दिइरहेको। | नेपाली सेना | रक्षा मन्त्रालय/गृह मन्त्रालय र विपद् सरोकारवाला अन्य विभिन्न निकायहरू तथा अन्य सुरक्षा निकाय |
| ५ | सबै जिल्लाहरूमा विपद् प्रतिकार्य पूर्वतयारीको लागि सामुदायिक विपद् प्रतिकार्य तालिम र जनचेतनामूलक कक्षाहरू सञ्चालन गरिएको। | नेपाली सेना | रक्षा मन्त्रालय/गृह मन्त्रालय र विपद् सरोकारवाला अन्य विभिन्न निकायहरू तथा अन्य सुरक्षा निकाय |

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|
| ६ | मनसुनजन्य विपद्को समयमा प्रतिकार्यका लागि आवश्यक रबरबोट, OBM तथा आवश्यक सामग्रीहरू पूर्वतैनाथी (Pre-Positioning) गरी राखिएको। | नेपाली सेना | रक्षा मन्त्रालय/गृह मन्त्रालय र विपद् सरोकारवाला अन्य विभिन्न निकायहरू तथा अन्य सुरक्षा निकाय |
| ७ | श्री सैनिक इन्जिनियरिङ विभागबाट आवश्यक परेको परिस्थितिमा तुरुन्त परिचालन गर्न सक्ने गरी अपरेटरसहितको हेभी ईक्युप्मेन्ट र सवारी साधनहरू (उपलब्ध भएसम्म) तयारी हालतमा राख्ने योजना रहेको। | नेपाली सेना | रक्षा मन्त्रालय/गृह मन्त्रालय र विपद् सरोकारकारवाला अन्य विभिन्न निकायहरू तथा अन्य सुरक्षा निकाय |
| ८ | उपत्यकाभित्र वीरेन्द्र अस्पताल, उपत्यका बाहिरका सैनिक अस्पतालहरू क्रमशः नेपालगञ्ज, पोखरा र इटहरी, फिल्ड अस्पतालहरू क्रमशः बोराडाँडी, बुटवल र बर्दिबास तथा सबै फिल्ड एम्बुलेन्स गुल्महरूबाट Emergency Medical Response Team (EMRT) परिचालन हुने गरी आवश्यक जनशक्ति, उपकरण तथा औषधीहरूसहित तयारी हालतमा राख्ने व्यवस्था मिलाइएको। | नेपाली सेना | रक्षा मन्त्रालय/गृह मन्त्रालय र विपद्सँग सरोकारवाला अन्य विभिन्न निकायहरू तथा अन्य सुरक्षा निकाय |
| ९ | मनसुनको समयमा तत्काल उद्धार तथा राहत कार्य सञ्चालन गर्न मनसुन सुरु हुनुपूर्व देहायका हेलिकप्टरहरू निम्न स्थानहरूमा Pre-Positioning गरिने।<br>(क) कर्णाली प्रदेश, लुम्बिनी प्रदेश र सुदूरपश्चिम प्रदेशको लागि हेलिकप्टर-१ (एक) पश्चिम एयर बेश सुर्खेतमा।<br>(ख) बागमती प्रदेश र गण्डकी प्रदेशको लागि हेलिकप्टर-१ (एक) मध्य एयर बेश, काठमाडौंमा।<br>(ग) कोशी र मधेश प्रदेशको लागि हेलिकप्टर-१ (एक) श्री मध्य एयर बेश काठमाडौंमा।<br>(घ) विपद् प्रभावित स्थानको एयरपोर्ट सुचारु भएको अवस्थामा Fixed-Wing हवाई साधनमध्ये एयर बेश, काठमाडौंमा स्टयाण्डवाई रहनेछ। | नेपाली सेना | रक्षा मन्त्रालय/गृह मन्त्रालय र विपद्सँग सरोकारवाला अन्य विभिन्न निकायहरू तथा अन्य सुरक्षा निकाय |
| १० | श्री विपद् व्यवस्थापन निर्देशनालय अन्तर्गत रहेका २ वटा विपद् व्यवस्थापन गणहरूबाट प्रत्येक प्रदेशहरूमा आवश्यक उपकरणहरूसहित तुरुन्त परिचालन हुन सक्ने गरी ८ वटै पृतनाहरूमा बाह्रै महिना रहने गरी Composite Search and Rescue Team को तैनाथ गरिएको। | नेपाली सेना | रक्षा मन्त्रालय/गृह मन्त्रालय र विपद्सँग सरोकारवाला अन्य विभिन्न निकायहरू तथा अन्य सुरक्षा निकाय |

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|
| ११ | मनसुन अवधिमा प्राकृतिक जोखिमहरूको अनुगमन, विश्लेषण गरी सर्वसाधारण प्रयोगकर्ताहरूका लागि उपयुक्त हुने खालका जानकारीमूलक विपद् व्यवस्थापन सम्बन्धी सूचनाहरू सामाजिक सञ्जालमा राख्ने, सैनिक रेडियो कार्यक्रममा प्रसारण र सिपाही पत्रिकामा प्रकाशित गर्ने व्यवस्था मिलाइएको। | नेपाली सेना | रक्षा मन्त्रालय/गृह मन्त्रालय र विपद्सँग सरोकारवाला अन्य विभिन्न निकायहरू तथा अन्य सुरक्षा निकाय |
| १२ | आवश्यक परेको समयमा विभिन्न स्थानहरूमा पहिरो हटाउनको तथा भत्किएका पुलहरूको स्थानमा एक्रोबृजहरू जडान गर्नको लागि आवश्यक फौज तथा उपकरणहरू तयारी हालतमा राखिएको। | नेपाली सेना | रक्षा मन्त्रालय/गृह मन्त्रालय र विपद्सँग सरोकारवाला अन्य विभिन्न निकायहरू तथा अन्य सुरक्षा निकाय |
| १३ | Composite Quick Reaction Team (CQRT) लाई १५ मिनेटभित्र हवाई साधनद्वारा परिचालन गर्न सक्ने गरी गौचर ब्यारेक, काठमाडौंमा तयारी हालतमा राखिएको। | नेपाली सेना | रक्षा मन्त्रालय/गृह मन्त्रालय र विपदसँग सरोकारवाला अन्य विभिन्न निकायहरू तथा अन्य सुरक्षा निकाय |
| १४ | विपद्को समयमा माग भए बमोजिम खटिएका फौजहरूसँग निरन्तर मिलाप कायम गर्न आवश्यकता अनुसार मिलापका साधन तथा जनशक्ति व्यवस्था गरिएको। साथै विपद् व्यवस्थापन निर्देशनालयले केन्द्रीय तहमा NEOC सँग, पृतना हे.क्वा.ले प्रादेशिक तहमा PEOC सँग र गण/गुल्मले जिल्ला तहमा DEOC/LEOC सँग समन्वय गर्ने व्यवस्था मिलाइएको। | नेपाली सेना | विपद् सरोकारकारवाला अन्य विभिन्न निकायहरू तथा अन्य सुरक्षा निकाय |
| १५ | राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७० (प्रथम संशोधन २०७५) मा उल्लेख भए अनुसार आपत्कालीन प्रतिकार्यको अवधिमा संघ, प्रदेश तथा स्थानीय तहका आपत्कालीन कार्यसंचालन केन्द्रहरु (EOCs) ले आवश्यकता अनुसार मानवीय सहायता तथा विपद् प्रतिकार्य (HADR) का लागि खोज तथा उद्धार कमाण्ड पोष्ट स्थापना गर्ने र उक्त पोष्टको कमाण्ड र समन्वय नेपाली सेनाले गरी घटना स्थलमा घटना नियन्त्रण पद्धती Incident Command System (ICS) अनुसार कार्यसम्पादन गर्नेछ। | नेपाली सेना | विपद् सरोकारकारवाला अन्य विभिन्न निकायहरू तथा अन्य सुरक्षा निकाय |

## १४.२ नेपाल प्रहरी

नेपाल प्रहरीको मनसुनजन्य विपद् प्रतिकार्य योजना निम्न अनुसार रहेको छ।

| सि.नं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय |
|---|---|---|---|---|
| १. | सातवटै प्रदेश प्रहरी तथा काठमाडौं उपत्यका प्रहरी कार्यालय मातहत जिल्ला प्रहरी कार्यालयहरूमा Disaster Focal Person को रूपमा सिनियर प्रहरी अधिकृत तोक्ने। | नेपाल प्रहरी विपद् व्यवस्थापन कार्यालय, का.उ.प्र.का., सातवटै प्रदेश प्रहरी कार्यालय, जिल्ला प्रहरी परिसरहरू, जि.प्र.का.हरू र गणहरू सबै | नेपाल प्रहरी प्रधान कार्यालय, कार्य विभाग | मनसुन सुरु हुनुपूर्व |
| २. | मनसुनजन्य विपद्लाई मध्येनजर गरी आफ्नो कार्यक्षेत्रभित्र पर्ने सम्भावित जोखिमयुक्त स्थानहरूको पूर्व घटनाहरूको विश्लेषण गरी सोही अनुसार जनशक्ति तथा उद्धार उपकरणहरू तयारी हालतमा राख्न सम्पुर्ण मातहत प्रहरी कार्यालयलाई निर्देशन गर्ने। | नेपाल प्रहरी विपद् व्यवस्थापन कार्यालय, उपत्यका प्रहरी कार्यालय, सातवटै प्रदेश प्रहरी कार्यालय, जिल्ला प्रहरी परिसरहरू, सबै जि.प्र.का.हरू | नेपाल प्रहरी प्रधान कार्यालय, कार्य विभाग, सरोकार वाला अन्य सरकारी तथा गैह्र सरकारी निकायहरू | मनसुन सुरु हुनुपूर्व |
| ३. | प्रकोपजन्य घटनाहरूको सूचना संकलन तथा उद्धार कार्यलाई छिटो छरितो बनाउन प्रदेशभित्र वडास्तरसम्मका निर्वाचित जनप्रतिनिधि लगायत सम्बन्धित व्यक्तिहरूको नाम, सम्पर्क नम्बर संकलन तथा अद्यावधिक गर्ने। | सबै परिसर, जि.प्र.का., व.प्र.का., इ.प्र.का. | ने.प्र.प्र.का विपद् व्यवस्थापन कार्यालय ,काठमाडौं उपत्यका प्रहरी कार्यालय, सात वटै प्रदेश प्रहरी कार्यालय | मनसुन सुरु हुनुपूर्व |
| ४. | विपद्को समयमा विस्थापितहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न सकिने स्थानहरूको पहिचान गरी त्यस्ता स्थानहरूको अभिलेख र स्थानको क्षमता अद्यावधिक गर्ने। | सबै परिसर, जि.प्र.का.हरू | का.उ.प्र.का., सात वटै प्रदेश प्रहरी कार्यालय, ने.प्र.प्र.का विपद् व्यवस्थापन कार्यालय, प्रदेश विपद् व्यवस्थापन गुल्महरू, अन्य सरकारी निकायहरू | मनसुन सुरु हुनुपूर्व |
| ५. | विपद्को समयमा गरिने खोज तथा उद्धार, पुनःस्थापना एवं व्यवस्थापन कार्यलाई सहज तथा प्रभावकारी बनाउनका लागि जिल्लास्थित विपद् प्रतिकार्यसँग सम्बन्धित सरकारी तथा गैर सरकारी निकायहरू र सम्पर्क व्यक्तिको विवरण अद्यावधिक गर्ने। | सबै परिसर, जि.प्र.का.हरू | का.उ.प्र.का., सबै प्रदेश प्रहरी कार्यालय, ने.प्र.प्र.का विपद् व्यवस्थापन कार्यालय, प्रदेश विपद् व्यवस्थापन गुल्महरू, | मनसुन सुरु हुनुपूर्व |

| सि.नं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय |
|---|---|---|---|---|
| | | | जिल्ला स्थित अन्य सरकारी निकायहरू | |
